# वार्षिक प्रतिवेदन

## (आर्थिक  वर्ष २०८१/८२)


नेपाल  सरकार

प्रधानमन्त्री  तथा  मन्त्रिपरिषद्को  कार्यालय

राष्ट्रिय  तथ्याङ्क  कार्यालय

**तथ्याङ्क  समन्वय  कार्यालय**

**शङ्खमूल, काठमाडौं**

**फोन.नं. :  ०१–५९०७३८२, ०१–५२४२०५५**

**इमेल  : scokathmandu@nsonepal.gov.np**

**वेबसाइट: www.scokathmandu.nsonepal.gov.np**

# वार्षिक प्रतिवेदन

## (आर्थिक  वर्ष २०८१/८२)


नेपाल  सरकार

प्रधानमन्त्री  तथा  मन्त्रिपरिषद्को  कार्यालय

राष्ट्रिय  तथ्याङ्क  कार्यालय

**तथ्याङ्क  समन्वय  कार्यालय**

शङ्खमूल, काठमाडौं

**फोन.नं. :  ०१-५९०७३८२, ०१-५२४२०५५**

**इमेल  : scokathmandu@nsonepal.gov.np**

**वेबसाइट: www.scokathmandu.nsonepal.gov.np**

-------------------------------------------------------------------------------------------------

**प्रकाशक :**

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

**तथ्याङ्क समन्वय कार्यालय, शङ्खमूल, काठमाडौं**


फोन.नं.: ०१–५९०७३८२, ०१–५२४२०५५

इमेल : scokathmandu@nsonepal.gov.np

वेबसाइट: www.scokathmandu.nsonepal.gov.np

प्रकाशन वर्ष : २०८२ असोज।

# तथ्याङ्क समन्वय कार्यालय काठमाडौंको कार्यक्षेत्र



# मन्तव्य

तथ्याङ्क नीति निर्माण, निर्णय निर्माण र योजना तर्जुमाको मेरुदण्ड हो। तथ्याङ्क सबैलाई सहयोग गर्ने औजार हो। तथ्याङ्क सबत्र आवश्यक पर्छ। यसको महत्व अवर्णनीय एवम् अकथनीय छ। सामान्यत: तथ्याङ्कले सामाजिक, आर्थिक तथा वातावरणीय समस्याहरू पहिचान गर्न, सङ्कट पूर्वानुमान तथा रोकथाम गर्न र विभिन्न क्षेत्र वा समूहका आवश्यकताहरू तुलना गरी उचित प्राथमिकता निर्धारण गर्न वस्तुगत आधार प्रदान गर्छ। जनसङ्ख्याको आकार तथा संरचना, गरिबी तथा रोजगारीको स्थिति, शिक्षा तथा स्वास्थ्यको प्रगति र आर्थिक वृद्धि तथा विकास जस्ता विषयमा वर्तमान अवस्थाको चित्रण गर्न र भविष्यको प्रक्षेपण गर्न तथ्याङ्क विना सम्भव हुँदैन। कार्यान्वयनमा लगिएका नीति तथा योजनाहरू कत्तिको सफल भए भन्ने मूल्याङ्कन गर्न तथ्याङ्क अपरिहार्य हुन्छ।

राष्ट्र र जनताको बृहत्तर हितको लागि नेपाल सरकारलाई आवश्यक आधिकारिक तथ्याङ्क उपलब्ध गराउन स्थापना भएको राष्ट्रिय तथ्याङ्क कार्यालय मातहत स्थापना भएको यो कार्यालय एक प्रकारको स्थानीय तथ्याङ्क सङ्कलन कार्यालय हो। यस कार्यालयले कार्यक्षेत्रभित्रका ६ जिल्लामा कृषि, वन, खनिज, उद्योग, निर्माण, व्यापार, होटल, यातायात, शिक्षा, स्वास्थ्य र स्थानीय तहसँग सम्बन्धित विभिन्न क्षेत्र र प्रकृतिका विवरण सङ्कलन गरेर राष्ट्रिय तथ्याङ्क कार्यालयलाई आवश्यक पर्ने कोरा जानकारी आपूर्ति गर्दछ। नेपालको कुल गार्हस्थ उत्पादन अनुमान गर्न र उद्योग, निर्माण तथा कृषि क्षेत्रका मूल्य सूचकाङ्क तयार पार्न आवश्यक पर्ने आधारभूत तथ्याङ्क आपूर्ति गर्नु गराउनु यस कार्यालयको नियिमत कार्य हो। यस कार्यालयले त्रैमासिक एवम् वार्षिकरुपमा त्रैमासिक एवम् वार्षिक राष्ट्रिय लेखा र त्रैमासिक औद्योगक, निर्माण क्षेत्र तथा कृषिजन्य वस्तुको मूल्य सूचकाङ्कको लागि आवश्यक स्थलगत तथ्याङ्क सङ्कलन गरेर राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउँछ।

तथ्याङ्क समन्वय कार्यालय, काठमाडौँ पुनर्संरचना भए पछि प्रकाशन भएको यो पहिलो वार्षिक प्रतिवेदन हो। यस प्रतिवेदनमा तथ्याङ्क समन्वय कार्यालय,काठमाडौंले आ.व.२०८१/८२ मा सम्पादन गरेका क्रियाकलापहरुलाई संक्षेपमा प्रस्तुत गरिएको छ। यस प्रतिवेदनले कार्यालयको कार्य प्रकृति, कार्यक्षेत्र र कार्यसञ्चालन प्रक्रियालाई बुझ्न, आगामी आ.व.मा सम्पादन गर्ने कार्यक्रम तर्जुमाका लागि पृष्ठपोषण प्राप्त गर्न, कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न र तालुक निकायबाट गरिने अनुगमनका लागि सघाउ पुऱ्याउने विश्वास लिएको छु।

यस प्रतिवेदन तयारीको लागि आवश्यक बजेट व्यवस्था तथा मार्गदर्शन प्रदान गर्नु हुने राष्ट्रिय तथ्याङ्क कार्यालय र विशेषत: योजना शाखाप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु। यस प्रतिवेदनको मस्यौदा लेखनमा संलग्न हुने कार्यालयका सबै कर्मचारीहरूलाई धन्यवाद छ। प्रतिवेदनको सम्पादन एवम् पुनर्संरचनामा विशिष्ट योगदान गर्नु हुने राष्ट्रिय तथ्याङ्क कार्यालयका निर्देशक लोक बहादुर खत्रीलाई विशेष धन्यवाद छ। आगामी वर्षमा यस प्रतिवेदनलाई अझ बढी सूचनामूलक, उपयोगी र प्रभावकारी बनाउन पाठकहरुबाट यस कार्यालयले रचनात्मक सुझाव एवम् पृष्ठपोषणको अपेक्षा गर्दछ।

प्रभा बराल
तथ्याङ्क समन्वय अधिकारी

# विषय सूची


| | पेज नं. |
|---|---|
| नक्सा | i |
| मन्तव्य | ii |
| विषय सूची | iii |
| तालिका सूची | v |
| चित्र सूची | v |
| प्रतिवेदनको सारांश | vi |
| **खण्ड १ : परिचय** | **१-२** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ प्रतिवेदनको उद्देश्य | १ |
| १.३ प्रतिवेदन तयारी विधि र तथ्याङ्कको स्रोत | १ |
| १.४ प्रतिवेदनको संरचना | २ |
| **खण्ड २ : कार्यसम्पादनका नीतिगत तथा कानुनी आधार** | **३-१३** |
| २.१ नेपालको संविधान | ३ |
| २.२ तथ्याङ्क ऐन, २०७९ | ४ |
| २.३ तथ्याङ्क नियमावली, २०८० | ५ |
| २.४ तथ्याङ्क सम्बन्धी निर्देशिका र कार्यविधिहरु | १० |
| २.५ तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति, दोस्रो (२०८१/८२-२०८५/८६) | ११ |
| २.६ सोह्रौं योजना | १२ |
| २.७ तथ्याङ्क सम्बन्धी अन्तर्राष्ट्रिय सिद्धान्त, प्रणाली र वर्गीकरणहरु | १२ |
| **खण्ड ३ : सङ्गठन संरचना तथा काम, कर्तव्य र अधिकार** | **१४-१९** |
| ३.१ नेपालको राष्ट्रिय तथ्याङ्क प्रणाली | १४ |
| ३.२ कार्यालयको स्थापना | १५ |
| ३.३ तथ्याङ्क समन्वय कार्यालयको उद्देश्य | १६ |
| ३.४ सङ्गठन स्वरूप | १७ |
| ३.५ कार्यालयको काम, कर्तव्य र अधिकार | १८ |
| **खण्ड ४ : वार्षिक कार्यक्रम र प्रगति** | **२०-४५** |
| ४.१ त्रैमासिक राष्ट्रिय लेखा | २० |

४.२ वार्षिक राष्ट्रिय लेखा २२
४.३ औद्योगिक उत्पादन तथा उत्पादकको मूल्य तथ्याङ्क २५
४.४ निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क २९
४.५ कृषिजन्य वस्तुहरुको मूल्य सूचकाङ्क ३०
४.६ व्यावसायिक कुखुरापालन सर्वेक्षण ३१
४.७ आन्तरिक पर्यटन सर्वेक्षण ३१
४.८ निजी शैक्षिक संस्था सर्वेक्षण ३४
४.९ राष्ट्रिय तथ्यगत विवरण ३५
४.१० तथ्याङ्कीय साक्षरता कार्यक्रम ३६
४.११ अन्तर्राष्ट्रिय तुलना कार्यक्रम सम्बन्धी मूल्य तथ्याङ्क सङ्कलन ३८
४.१२ राष्ट्रिय लेखा आधार वर्ष परिवर्तन सम्बन्धी अध्ययन ३८
४.१३ गणना क्षेत्र नक्साङ्कन कार्य ३९
४.१४ आर्थिक गणना विषयक सरोकारवाला गोष्ठी ३९
४.१५ जिल्लागत तथ्याङ्कीय झलक प्रकाशन ४०
३.१६ क्रियाकलापगत कर्मचारी खटनपटन ४०
३.१७ वार्षिक प्रगति ४२
३.१८ कार्यक्रम अनुगमन तथा सुपरिवेक्षण ४५

**खण्ड ५ : बजेट तथा कार्यक्रम र खर्च ४६-५१**

५.१ बजेट विनियोजन र खर्च ४६
५.२ त्रैमासिक खर्च प्रवृत्ति ४७
५.३ कार्यक्रम बजेटको त्रैमासिक खर्च ४९
५.४ बेरुजुको अवस्था ५०
५.५ कार्यालयको जिन्सी विवरण ५१

**खण्ड ६ : सबल-दुर्बल पक्ष र अवसर तथा चुनौतीहरु ५२-५५**

६.१ कार्यालयका सबल पक्ष, दुर्वल पक्ष, अवसर र चुनौती ५२
६.२ समस्याहरु ५४
६.३ समस्या समाधानका उपायहरु तथा भावी कार्यदिशा ५४

**अनुसूचीहरु ५६-६२**

अनुसूची –१ :- नागरिक वडापत्र ५६
अनुसूची –२ :- तथ्याङ्क समन्वय कार्यालय, काठमाडौँको दरबन्दी र पदपूर्ती स्थिति ५७
अनुसूची–३ :- साविक तथ्याङ्क कार्यालय काठमाडौंका कार्यालय प्रमुखहरुको नामावली ५८
अनुसूची-४ :- खर्च भएर जाने सम्पत्ति वा जिन्सी मालसामान खरिदको वार्षिक विवरण ५९

अनुसूची-५ :- खर्च भएर नजाने सम्पत्ति वा जिन्सी मालसामानको वार्षिक विवरण ६३
अनुसूची–६ :- तथ्याङ्क समन्वय कार्यालय, काठमाडौंमा कार्यरत कर्मचारीहरुको नामावली ६५

## तालिका सूची

तालिका नं.२.१ : नेपालको संविधानमा उल्लेख भएको तथ्याङ्क सम्बन्धी विषय ३
तालिका नं.२.२ : सूक्ष्म कोरा तथ्याङ्क उपलब्ध गराउँदा लिइने दस्तुर १०
तालिका नं.४.१ : त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्क सङ्कलन गरिने प्रतिष्ठानहरुको विवरण २१
तालिका नं.४.२: औद्योगिक उत्पादन तथा उत्पादकको मूल्य तथ्याङ्क सङ्कलन गर्न छानिएका प्रतिष्ठानहरु २६
तालिका नं.४.३ : छानिएका तथा तथ्याङ्क सङ्कलन सम्पन्न भएका प्रतिष्ठान सङ्ख्या २७
तालिका नं.४.४ : हाल बन्द अवस्थामा रहेका प्रतिष्ठानहरु २८
तालिका नं.४.५ : छानिएका मध्ये उत्पादित वस्तु परिवर्तन भएका प्रतिष्ठानहरु २८
तालिका नं.४.६ : आन्तरिक पर्यटन सर्वेक्षण, २०८१/८२ मा सम्पन्न भएका गणना क्षेत्रहरु ३३
तालिका नं.४.७ :- निजी शैक्षिक संस्था सर्वेक्षण, २०८१/८२ मा छानिएका प्रतिष्ठानहरुको सङ्ख्या ३४
तालिका नं. ४.८: राष्ट्रिय तथ्यगत विवरणमा समेटिएका क्षेत्रगत सूचकहरु ३५
तालिका नं.४.९ :- क्रियाकलापगत रुपमा कर्मचारी सहभागी भएका कार्यक्रम र दिन सङ्ख्या ४१
तालिका नं.४.१० :- आ.व. २०७९/८० देखि २०८१/८२ सम्मको भौतिक तथा वित्तीय प्रगति ४२
तालिका नं.४.११ :- आ.व. २०८१/८२ को बार्षिक कार्यक्रम र प्रगति ४३
तालिका नं. ५.१ :- वार्षिक बजेट, खर्च र वित्तीय प्रगति, आ.व. २०८०/८१ – आ.व.२०८१/८२ ४७
तालिका नं. ५.२: तथ्याङ्क समन्वय कार्यालय, काठमाडौँको त्रैमासिक खर्च प्रवृत्ति, आ.व.२०८१/८२ ४८
तालिका नं. ५.३ : कार्यक्रम बजेटको त्रैमासिक खर्च विवरण, आ.व.२०८१/८२ ४९
तालिका नं. ५. ४: कम्प्यूटर, ल्यापटप, सवारिसाधन तथा अन्य मेशिन उपकरणको अवस्था ५१

## चित्र सूची

चित्र नं. ३.१ : तथ्याङ्क समन्वय कार्यालय, काठमाडौँको सङ्गठन संरचना १८

# प्रतिवेदनको सारांश

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८०/०९/१२ गतेको निर्णय अनुसार काठमाडौं, ललितपुर, भक्तपुर, रसुवा, नुवाकोट र धादिङ गरी ६ जिल्ला कार्यक्षेत्र रहने गरी साविकको "तथ्याङ्क कार्यालय, काठमाडौँ" मिति २०८१ श्रावण १ गते "तथ्याङ्क समन्वय कार्यालय, काठमाडौं" को रुपमा पुनर्संरचना भएको हो।

वि.सं. २०५० साल श्रावण १ गतेदेखि काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला कार्य क्षेत्र हुने गरी स्थापना भएको "शाखा तथ्याङ्क कार्यालय, काठमाडौं" को नाम वि.सं. २०७० साल चैत्र १ गते "तथ्याङ्क कार्यालय, काठमाडौँ" मा परिवर्तन भएको थियो ।

राष्ट्रिय तथ्याङ्क कार्यालयलाई राष्ट्रिय लेखा, मूल्य सूचकाङ्क तथा आवधिकरुपमा सञ्चालन हुने गणना तथा सर्वेक्षणको स्थलगत तथ्याङ्क सङ्कलनमा सहयोग पुऱ्याउनु, जिल्ला तथा स्थानीयस्तरमा तथ्याङ्कीय साक्षरता प्रवर्धन गर्नु र राष्ट्रिय तथ्यगत विवरण कार्यान्वयनमा समन्वय गर्नु यस कार्यालय स्थापनाका मुख्य उद्देश्य हुन्।

एक उपसचिव, २ जना तथ्याङ्क अधिकृत, ७ जना सुपरिवेक्षक र ५ जना गणक गरी जम्मा १५ जना तथ्याङ्क समूहका प्राविधिक कर्मचारी र अन्य ५ जना प्रशासनिक कर्मचारी रहको यस कार्यालयको नेतृत्व तथ्याङ्क समन्वय अधिकारीले गर्ने व्यवस्था छ।

आ.व. २०८१/८२ मा यस कार्यालयमा विभिन्न २९ ओटा क्रियाकलापहरु सञ्चालन गर्ने जिम्मेवारी प्राप्त भएकोमा ती मध्ये २६ प्रकारका क्रियाकलापहरु सम्पादन गरिएको थियो। सो आ.व. मा कार्यालयले सम्पादन गरेका क्रियाकलापहरुमा त्रैमासिक राष्ट्रिय लेखा, बार्षिक राष्ट्रिय लेखा, व्यवसायिक कुखुरापालन सर्वेक्षण, त्रैमासिक ओद्योगिक उत्पादन तथा मूल्य सूचकाङ्क, अन्तर्राष्ट्रिय तुलना कार्यक्रम सम्बन्धी मूल्य तथ्याङ्क, निर्माण क्षेत्रको सर्वेक्षण, नेपाल तथ्याङ्कीय रजिष्टर अध्यावधिक गर्ने कार्य, माछा पोखरीहरुको तथ्याङ्क सङ्कलन, स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण अद्यावधिक गर्ने, गणना/सर्वेक्षणका सरोकारवालासँग अन्तर्क्रिया, आर्थिक गणना सम्बन्धी कार्यशाला सञ्चालन, आन्तरिक पर्यटक सर्वेक्षणको स्थलगत तथ्याङ्क सङ्कलन, कार्यालयको ब्रोसर छपाई, निजी शिक्षण संस्था सर्वेक्षणको तथ्याङ्क सङ्कलन र स्थानीय तहहरुमा तथ्याङ्कीय

साक्षरता तथा क्षमता अभिवृद्धि कार्यक्रम मुख्य छन्। ती मध्ये २० ओटा क्रियाकलापमा यस कार्यालयले शत प्रतिशत प्रगति हासिल गरेको थियो।

तथ्याङ्कीय अवधारणा, सिद्धान्त र विधिहरुबारे जानकारी गराउँदै तथ्याङ्कका प्रयोगकर्ता एवम् अन्य सरोकारवालाहरुको तथ्याङ्कीय ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्ने उद्देश्यले तथ्याङ्क समन्वय कार्यालय, काठमाडौँबाट आ.व.२०८१/८२ मा बागमती गाउँपालिका, ललितपुर, विदुर नगरपालिका, नुवाकोट र निलकण्ठ नगरपालिका, धादिङमा तथ्याङ्कीय साक्षरता तथा स्थानीय तहको तथ्याङ्कीय क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिएको थियो।

आ.व.२०८१/८२ मा यस कार्यालयमा चालुतर्फ रु. २ करोड ७१ लाख ३३ हजार र पूँजीगत तर्फ रु. ५ लाख गरी जम्मा रु. २ करोड ७६ लाख ३३ हजार बजेट विनियोजन भएकोमा सो आ.व. मा चालुतर्फ रु. १ करोड ९७ लाख ५० हजार र पूँजीगततर्फ रु. ४ लाख ८ हजार गरी जम्मा रु. २ करोड १ लाख ५८ हजार खर्च भएको थियो। यस आर्थिक वर्षको चालु खर्चको वित्तीय प्रगति ७२.८ प्रतिशत र पूँजीगत खर्चतर्फको प्रगति ८१.६ प्रतिशत भएको थियो।

# खण्ड : १

# परिचय

## १.१ पृष्ठभूमि

तथ्याङ्क ऐन, २०७९ बमोजिम तत्कालीन केन्द्रीय तथ्याङ्क विभागको पुनर्संरचना एवम् स्तरोन्नती भई वि.सं.२०७९ साल आश्विन २८ गतेदेखि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत रहने गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा रूपान्तरण भएपछि नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०८०/०९/१२ गतेको निर्णयानुसार तत्काल कायम रहेका ३३ ओटा जिल्लास्थित तथ्याङ्क कार्यालयहरूको नाम परिवर्तन तथा कार्यक्षेत्र पुनर्संरचना गरी १८ ओटा तथ्याङ्क समन्वय कार्यालयहरू स्थापना भएका थिए। यस प्रक्रियामा साविकको "तथ्याङ्क कार्यालय, काठमाडौँ" को नाम "तथ्याङ्क समन्वय कार्यालय, काठमाडौँ" मा परिवर्तन भएको हो। साविकमा काठमाडौँ उपत्यकाका ३ जिल्ला कार्यक्षेत्र रहेकोमा हाल यस कार्यालयको कार्यक्षेत्रमा धादिङ, नुवाकोट र रसुवा जिल्ला थप भएका छन्।

## १.२ प्रतिवेदनको उद्देश्य

आ.व.२०८१/८२ मा तथ्याङ्क समन्वय कार्यालय, काठमाडौँले सञ्चालन गरेका कार्यक्रम, सम्पादन गरेका कार्य, ती कार्यहरूको स्थिति तथा प्रगति र लागत लगायतका विवरण प्रस्तुत गर्नु यस प्रतिवेदनको मुख्य उद्देश्य हो। यो वार्षिक प्रतिवेदन सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ को दफा ४१ अनुसार तालुक कार्यालयमा पेश गरिने र यस कार्यालयको वेवसाइटमार्फत सार्वजनिक रूपमा प्रकाशन गरिनेछ।

## १.३ प्रतिवेदन तयारी विधि र तथ्याङ्कको स्रोत

यस प्रतिवेदनमा कार्यालयको बजेट तथा कार्यक्रम, राष्ट्रिय तथ्याङ्क कार्यालयका विभिन्न शाखाहरूबाट प्राप्त अख्तियारी तथा कार्य जिम्मेवारी, त्रैमासिक तथा वार्षिक प्रगति प्रतिवेदनहरू, भ्रमण अभिलेख खाता, स्टोर फाँटले सञ्चालन गर्ने सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (Public Assets Management System – V2) बाट उपलब्ध जिन्सी निरीक्षण फाराम तथा खर्च भएर नजाने जिन्सी खाता र लेखा फाँटले

सञ्चालन गर्ने एकीकृत सार्वजनिक वित्त व्यवस्थापन प्रणाली (www.ipfms.fcgo.gov.np) बाट प्राप्त भएको खर्चको फाँटबारी एवम् लेखापरीक्षण प्रतिवेदनबाट उपलब्ध सूचनाको आधारमा यस कार्यालयले आ.व.२०८१/८२ मा सम्पादन गरेका कार्यहरूको विवरण वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ।

यस प्रतिवेदनको मस्यौदा तयार पार्ने क्रममा राष्ट्रिय लेखा, मूल्य तथ्याङ्क, राष्ट्रिय तथ्यगत विवरण र तथ्याङ्कीय साक्षरता, आदि विषयका अवधारणागत पक्ष लगायतका आधारभूत जानकारी राष्ट्रिय तथ्याङ्क कार्यालयको वार्षिक प्रतिवेदनबाट साभार गरिएको छ।

## १.४ प्रतिवेदनको संरचना

यस प्रतिवेदनमा जम्मा ६ खण्ड र ६ अनुसूची छन्। दोस्रो खण्डमा यस कार्यालयको कार्यसम्पादनका नीतिगत तथा कानुनी आधारहरूको बारेमा संक्षिप्त विवेचना गरिएको छ। तेस्रो खण्डमा राष्ट्रिय तथ्याङ्क प्रणालीको सामान्य परिचय तथा तथ्याङ्क समन्वय कार्यालय, काठमाडौँको काम, कर्तव्य र अधिकारको बारेमा जानकारी प्रदान गरिएको छ। चौँथो खण्डमा यस कार्यालयले आ.व.२०८१/८२ मा सम्पादन गरेका प्रमुख कार्यहरूको प्रगति विवरण प्रस्तुत गरिएको छ । पाँचौ खण्डमा आ.व.२०८१/८२ को बजेट तथा कार्षक्रम र खर्च विवरण राखिएको छ। अन्तिम खण्डमा यस कार्यालयको आन्तरिक तथा बाह्य परिवेशको विश्लेषण गरी कार्य सञ्चालनका क्रममा देखिएका व्यवहारिक समस्याहरू र तिनलाई समाधान गर्ने भावी कार्यदिशा बारे केही सुझावहरू पहिचान गरिएको छ। त्यसपछिका अनुसूचीहरूमा नागरिक वडापत्र, पूर्व कार्यालय प्रमुखहरूको नामावली, कार्यरत कर्मचारीको विवरण र खर्च भएर जाने तथा नजाने जिन्सी मालसामानको विवरण समावेश गरिएको छ।

# खण्ड : २

# कार्यसम्पादनका नीतिगत तथा कानुनी आधार

तथ्याङ्क समन्वय कार्यालयको कार्यसम्पादन गर्नका लागि नेपालको संविधान, आवधिक योजना, तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति, तथ्याङ्क ऐन तथा नियम, आदि प्रमुख नीतिगत औजार हुन्। साविकको केन्द्रीय तथ्याङ्क विभाग स्थापना हुनुपूर्व तथ्याङ्कीय क्रियाकलाप व्यवस्थित गर्नका लागि इस्तिहार तथा ऐनहरू जारी भएका थिए। वि.सं. १९७६, १९९८ र २००७ सालका इस्तिहारहरू यसका उदाहरण हुन्। नेपालको पाँचौ जनगणना सञ्चालन गर्न जनगणना ऐन, २००९ जारी भएको थियो। यस खण्डमा तथ्याङ्क समन्वय कार्यालयको कार्यसम्पादन गर्नका लागि विद्यमान प्रमुख नीतिगत तथा कानुनी आधारका बारेमा चर्चा गरिएको छ।

## २.१ नेपालको संविधान

नेपालको संविधानले तथ्याङ्क सम्बन्धी विषयलाई विशेष महत्वका साथ उल्लेख गरेको छ। यसले नेपालको राष्ट्रिय तथ्याङ्क प्रणालीलाई स्पष्टरूपमा विकेन्द्रित तथ्याङ्क प्रणालीको रूपमा स्थापित गरेको छ। संघको अधिकार क्षेत्रअन्तर्गत तथ्याङ्कको मानक र गुणस्तर कायम गर्ने विषय समावेश गरिएको छ। यही क्षेत्राधिकारभित्र रही राष्ट्रिय तथ्याङ्क कार्यालयले विभिन्न तथ्याङ्कीय गतिविधिहरू सञ्चालन गर्ने नीतिगत आधार प्राप्त गरेको हो। नेपालको संविधानका देहाय बमोजिम विभिन्न धाराहरूमा उल्लेख भएका प्रावधान मध्यनजर गरेर कार्यालयले तथ्याङ्कीय गतिविधिहरू सम्पादन गर्नुपर्ने अवस्था छ।

तालिका नं.२.१ : नेपालको संविधानमा उल्लेख भएको तथ्याङ्क सम्बन्धी विषय

| क्र.सं. | धारा | विषय | तथ्याङ्क सम्बन्धी प्रावधान |
|---|---|---|---|
| १ | धारा २८ | गोपनीयताको हक | तथ्याङ्कको गोपनीयता कानुनबमोजिम बाहेक अनतिक्रम्य हुने। |
| २ | धारा ५१ | (च) को बुँदा नं. ८ विकाससम्बन्धी नीति | जनसाङ्ख्यिक तथ्याङ्क अद्यावधिक गर्ने। |
| ३ | धारा ८४ र धारा १७६ | प्रतिनिधि सभाको गठन र प्रदेश सभाको गठन | जनसङ्ख्यालाई निर्वाचन क्षेत्र निर्धारणको आधार मानिएको। समानुपातिकतर्फ |

| क्र.सं. | धारा | विषय | तथ्याङ्क सम्बन्धी प्रावधान |
|---|---|---|---|
| | | | उम्मेदवारी दिंदा जनसङ्ख्याको आधारमा प्रतिनिधित्व हुने प्रावधान रहेको। |
| ४ | धारा २५९ | राष्ट्रिय समावेशी आयोगको काम, कर्तव्य र अधिकार | राष्ट्रिय जनगणना उल्लेख भएको |
| ५ | धारा २८१ | विशेष अधिकारको समीक्षा तथा पुनरावलोकन | राष्ट्रिय जनगणना उल्लेख भएको |
| ६ | धारा २८६ | निर्वाचन क्षेत्र निर्धारण आयोग | निर्वाचन क्षेत्र निर्धारण गर्दा जनसङ्ख्यालाई मुख्य आधार मान्ने। |
| ७ | अनुसूची ५ | सङ्घको अधिकार सूची, बुँदा नं. १३ | केन्द्रीय तथ्याङ्क (राष्ट्रिय र अन्तर्राष्ट्रिय मानक र गुणस्तर) |
| ८ | अनुसूची ६ | प्रदेशको अधिकार सूची बुँदा नं. ६ | प्रदेश तथ्याङ्क |
| ९ | अनुसूची ८ | स्थानीय तहको अधिकार सूची (बुँदा नं.६, १३, १७) | स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन<br>स्थानीय अभिलेख व्यवस्थापन<br>बेरोजगार तथ्याङ्क सङ्कलन |
| १० | अनुसूची ९ | सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, बुँदा नं. ११ | व्यक्तिगत घटना, जन्म, मृत्यू, विवाह र बसाइसराई तथ्याङ्क |

## २.२ तथ्याङ्क ऐन, २०७९

राष्ट्रिय तथ्याङ्क कार्यालयको कार्य सञ्चालन गर्ने मुख्य कानुनी आधार तथ्याङ्क ऐन, २०७९ हो। यस ऐनमा देहायबमोजिमका प्रमुख प्रावधानहरू रहेका छन् :-

- विकेन्द्रित तथ्याङ्क प्रणालीको अवलम्वन
- राष्ट्रिय तथ्याङ्क परिषद्को गठन,  राष्ट्रिय तथ्याङ्क कार्यालय र प्रमुख तथ्याङ्क अधिकारीको व्यवस्था
- तथ्याङ्कसम्बन्धी काम गर्न केन्द्रीय निकायको रूपमा राष्ट्रिय तथ्याङ्क कार्यलय रहने व्यवस्था,
- अन्य सरकारी निकाय वा सार्वजनिक संस्थाले तथ्याङ्क सङ्कलन गर्नसक्ने र सो तथ्याङ्क राष्ट्रिय तथ्याङ्क प्रणालीको अभिन्न अङ्ग हुने,

- तथ्याङ्क सङ्कलक, उत्पादक तथा तथ्याङ्क प्रयोगकर्ताको दायित्व उल्लेख गरिएको,
- विद्युतीय अभिलेख, तथ्याङ्कको प्रयोग तथा पहुँच सम्बन्धी व्यवस्था,
- संघ, प्रदेश र स्थानीय तहका सबै कर्मचारीलाई काममा लगाउन सकिने प्रावधान,
- तथ्याङ्क सङ्कलन गर्ने अनुमतिसम्बन्धी व्यवस्था,
- तथ्याङ्कसम्बन्धी राष्ट्रिय मानक र गुणस्तरका आधार तोकिएको,
- तथ्याङ्क परीक्षण गर्ने अधिकार,
- गोपनीयता कायम गर्ने,
- प्रदेश, स्थानीय तह तथा प्रचलित ऐनबमोजिम अन्य निकायले तथ्याङ्क सङ्कलन गर्ने व्यवस्था,
- विद्युतीय अभिलेखको व्यवस्था, र
- केन्द्रीय डाटा बैङ्कको व्यवस्था, आदि।

## २.३ तथ्याङ्क नियमावली, २०८०

मिति २०८१ साल बैशाख ३ गते नेपाल राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएको तथ्याङ्क नियमावली २०८० ले साबिकको तथ्याङ्क नियमावली २०४१ लाई खारेज गरेको छ। जम्मा २७ पेजको तथ्याङ्क नियमावलीमा जम्मा ५ परिच्छेद, ३२ नियम र ७ अनुसूची छन्।

यस नियमावलीमा ७ ओटा विस्तृत अनुसूचीहरू छन्। यी अनुसूचीहरू मुख्य गरी सर्वेक्षण अनुमति प्रणालीलाई व्यवस्थित गर्न केन्द्रित छन्। नियमावलीमा रहेका ७ अनुसूचीमा निम्न विवरण, दस्तुर, ढाँचा र फारामहरू समावेश गरिएको छ :-

१. आधिकारिक तथ्याङ्क उत्पादनकर्ताको विवरण
२. सुक्ष्म कोरा तथ्याङ्क उपलब्ध गराउँदा लिइने दस्तुर
३. तथ्याङ्क सङ्कलन अनुमतिको लागि दिने निवेदनको ढाँचा
४. तथ्याङ्क सङ्कलन अनुमति फाराम

i. सामान्य जानकारी (१४ बुँदा)

ii. प्राविधिक विवरण (२० बुँदा)

iii. वित्तीय विवरण (चालु खर्च, पूँजीगत खर्च र वैदेशिक सहायता समेत)

iv. तथ्याङ्क सङ्कलन सम्बन्धी क्रियाकलापको समयसारिणी

५. तथ्याङ्क सङ्कलन अनुमतिपत्रको ढाँचा

६. तथ्याङ्क प्रमाणित गर्न दिइने निवेदनको ढाँचा

७. तथ्याङ्क प्रमाणित गरी प्रदान गरिने प्रमाणपत्र

तथ्याङ्क नियमावलीमा समावेश भएका अन्य महत्वपूर्ण प्रावधानहरू निम्न छन्:-

क. प्रमुख तथ्याङ्क अधिकारीको संयोजकत्वमा विभिन्न समितिहरूको गठन :-

१. राष्ट्रिय तथ्याङ्क प्रणाली समन्वय समिति : तथ्याङ्क उत्पादनकर्तालाई राष्ट्रिय मानक र गुणस्तर पालना गर्न लगाउने तथा राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध तथ्याङ्क नियमित अद्यावधिक गर्न लगाउने कार्य जिम्मेवारी पूरा गर्न नियम ४ मा गठन भएको यस समितिमा प्रदेश सरकारको योजना वा तथ्याङ्क सम्बन्धी विषय हेर्ने प्रदेश मन्त्रालय वा निकायको सचिव, गाउँपालिका राष्ट्रिय महासङ्घको प्रतिनिधि, नेपाल नगरपालिका सङ्घको प्रतिनिधि र तथ्याङ्क उत्पादनकर्ता संस्थाका प्रतिनिधित्व रहने व्यवस्था छ।

२. गणना तथा सर्वेक्षणको निर्देशक समिति :- कार्यालयले गर्ने गणना तथा सर्वेक्षणको सञ्चालन, निर्देशन र नियन्त्रण गर्नको लागि प्रमुख तथ्याङ्क अधिकारीको संयोजकत्वमा निर्देशक समिति गठन गर्ने सक्ने व्यवस्था छ (नियम १५)। कार्यालयले अन्तरनिकाय समन्वय तथा व्यवस्थापन गर्न आवश्यकता अनुसार प्राविधिक समिति र विषयगत समितिहरू गठन गर्न सक्नेछ।

३. सहजीकरण समिति : अन्य निकायको व्यवस्थापन सूचना प्रणालीमा कार्यालयको पहुँच कायम गर्नको लागि प्रमुख तथ्याङ्क अधिकारीको संयोजकत्वमा ४ सदस्यीय सहजीकरण समिति गठन गरिएको छ (नियम २९)।

ख. राष्ट्रिय तथ्याङ्क प्रणाली विकास योजना :- राष्ट्रिय तथ्याङ्क प्रणालीको समग्र विकास, व्यवस्थापन र सञ्चालनको लागि आवधिकरूपमा राष्ट्रिय तथ्याङ्क प्रणाली विकास योजना तर्जुमा गर्ने र सो योजनाको आधारमा सबै तथ्याङ्क उत्पादनकर्ताले वार्षिक कार्यक्रम सञ्चालन गर्नुपर्नेछ (नियम ५)।

ग. आधिकारिक तथ्याङ्कका मुख्य उत्पादनकर्ता र अन्य उत्पादनकर्ताको व्यवस्था :- आधिकारिक तथ्याङ्कका मुख्य उत्पादनकर्ताको रूपमा राष्ट्रिय तथ्याङ्क कार्यालय रहनेछ। राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध सरकारी निकाय वा सार्वजनिक संस्था आधिकारिक तथ्याङ्कका अन्य उत्पादनकर्ता हुनेछन्। तथ्याङ्क उत्पादनकर्ताहरूको विवरण राष्ट्रिय तथ्याङ्क कार्यालयले वार्षिकरूपमा कार्यालयको वेवसाइटमार्फत सार्वजनिक गर्नुपर्नेछ (नियम ६)।

घ. तथ्याङ्क उत्पादनकर्ताले पालना गर्नुपर्ने ५ ओटा शर्त निर्धारण :- तथ्याङ्क उत्पादनकर्ताले निम्न शर्तहरू पालना गर्नुपर्ने व्यवस्था छ (नियम ७):-

i. राष्ट्रिय मानक र गुणस्तर मापदण्ड पालना गर्नुपर्ने,

ii. तथ्याङ्कीय कार्यमा दक्ष तथा व्यावसायिक जनशक्तिलाई संलग्न गराउनुपर्ने,

iii. तथ्याङ्क सङ्कलन कार्यमा योग्यता पुगेका व्यक्तिलाई मात्र संलग्न गराउनुपर्ने,

iv. उत्तरदाताको अनुमति नलिई कुनै पनि अर्को व्यक्तिलाई तथ्याङ्क सङ्कलनको क्रममा उपस्थित वा संलग्न गराउन नहुने, र

v. तथ्याङ्कीय कार्यमा सरोकारवालाबीच समन्वय कायम गर्नुपर्ने।

ङ. तथ्याङ्कीय गुणस्तर निर्धारण ढाँचाका आधारहरू :- तथ्याङ्क सम्बन्धी राष्ट्रिय मानक र गुणस्तर ढाँचा निर्माण गर्दा तथ्याङ्कको सान्दर्भिकता, शुद्धता, विश्वसनीयता, समयबद्धता, पारदर्शिता, स्पष्टता र तुलनात्मकताको आधारमा तयार गर्नुपर्दछ (नियम ९)।

च. तथ्याङ्क सम्बन्धी जानकारी दिन अधिकृतस्तरको सम्पर्क व्यक्ति तोक्नुपर्ने :- तथ्याङ्क उत्पादनकर्ताले तथ्याङ्क सम्बन्धी जानकारी दिन अधिकृतस्तरको सम्पर्क व्यक्ति तोक्नुपर्ने व्यवस्था छ (नियम १०)।

**छ. तथ्याङ्क सङ्कलनका विधि र प्रक्रिया निर्धारण :-** तथ्याङ्क उत्पादनकर्ताले तथ्याङ्क सङ्कलन गर्दा गणना, सर्वेक्षण, प्रशासनिक अभिलेख, अध्ययन वा अनुसन्धान विधि अपनाउन सक्नेछ (नियम १२)।

**ज. तथ्याङ्कीय रजिष्टर तयार गर्ने :-** राष्ट्रिय तथ्याङ्क कार्यालयले तथ्याङ्कीय प्रयोजनको लागि जनसंख्या रजिष्टर, व्यावसायिक रजिष्टर र अन्य सान्दर्भिक क्षेत्रको तथ्याङ्कीय रजिष्टर तयार गर्न सक्नेछ (नियम १३)।

**झ. तथ्याङ्क उपलब्ध गराउनु व्यक्ति, निकाय वा संस्थाको कर्तव्य हुने :-** राष्ट्रिय तथ्याङ्क कार्यालयले निर्धारण गरेको समयसीमाभित्र सही, पूर्ण र अद्यावधिक विवरण उपलब्ध गराउनु सम्बन्धित व्यक्ति, निकाय वा संस्थाको कर्तव्य हुनेछ (नियम १४)।

**ञ. सुक्ष्म कोरा तथ्याङ्क उपलब्ध गराउँदा १० वटा शर्तहरू पालना गर्नु पर्ने :-** अन्तिम नतिजा सार्वजनिक भएपछि मात्र तोकिएको दस्तुर लिएर सुक्ष्म कोरा तथ्याङ्क उपलब्ध गराउन सक्ने व्यवस्था छ। कोरा तथ्याङ्क खरिदकर्ताको अभिलेख राख्नुपर्नेछ। कोरा तथ्याङ्क प्रदान गर्दा विभिन्न १० प्रकारका शर्तहरू पालना गर्नुपर्ने व्यवस्था छ (नियम १६)।

**ट. तीस दिनभित्र तथ्याङ्क सङ्कलनको अनुमति दिनुपर्ने :-** राष्ट्रियस्तरको प्रतिनिधित्व हुने तथ्याङ्क सङ्कलन गर्न पेश भएको निवेदन बमोजिम अनुमति प्रदान गर्ने वा नगर्ने सम्बन्धी निर्णय निवेदन पेश भएको मितिले ३० दिन भित्र गरिसक्नुपर्ने व्यवस्था छ (नियम १७)।

**ठ. सिफारिस समिति गठन :-** तथ्याङ्क सङ्कलन अनुमतिको लागि पेश भएको निवेदन र तथ्याङ्क प्रमाणीकरणको लागि पेश भएको प्रतिवेदनको प्राविधिक उपयुक्तता जाँच गरी सिफारिस गर्न उपप्रमुख तथ्याङ्क अधिकारीको अध्यक्षतामा पाँच सदस्यीय समिति गठन गरिएको छ (नियम १८)।

**ड. मेटाडाटाको स्पष्टीकरण :** मेटाडाटा भन्नाले उत्पादित तथ्याङ्कको उत्पादनकर्ता, अवधारणा, परिभाषा, वर्गीकरण, स्रोत र सन्दर्भ समयको साथै तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषणको विधि र प्रक्रिया समेतको विस्तृत विवरणलाई सम्झनुपर्दछ।

ढ. तथ्याङ्कमा सबैको पहुँच कायम गर्ने : तथ्याङ्कमा सहज र समान पहुँच कायम गर्ने विषय तथ्याङ्क सम्बन्धी पहिलो आधारभूत सिद्धान्त हो। यस नियमावलीले तथ्याङ्क प्रकाशन र प्रसार गर्दा सबैको पहुँच हुने गरी गर्नुपर्ने मापदण्ड स्पष्ट गरेको छ।

ण. कोरा तथ्याङ्क पहुँच विधि सार्वजनिक गर्ने : तथ्याङ्क उत्पादनकर्ताले प्रशोधित, अर्धप्रशोधित र सुक्ष्म कोरा तथ्याङ्कमा पहुँच उपलब्ध गराउने विधि सार्वजनिक गर्नु पर्ने व्यवस्था छ । यस प्रावधानले गणना तथा सर्वेक्षणका कोरा तथ्याङ्कलाई अप्रशोधित, अर्धप्रशोधित तथा प्रशोधित गरी कम्तिमा ३ वर्गमा वर्गीकरण गरी भण्डारण प्रबन्ध मिलाउनु पर्ने देखिन्छ।

त. वार्षिकरूपमा अग्रिम तथ्याङ्क प्रकाशन समयतालिका प्रकाशन गर्ने : नेपालको तथ्याङ्क प्रणालीमा विगत २० वर्षदेखि आवश्यकता बोध गरिएको तर कार्यान्वयनमा आउन नसकेको अग्रीमरूपमा तथ्याङ्कको नतिजा सार्वजनिक हुने मिति निर्धारण गर्ने विषयलाई यस नियमावलीले कानुनीरूपमा बाध्यकारी बनाएको छ। नियमावलीमा प्रत्येक तथ्याङ्क उत्पादनकर्ताले प्रत्येक वर्ष साउन मसान्तभित्र सो आर्थिक वर्षमा उत्पादन हुने सबै प्रकारका तथ्याङ्कीय विवरण समावेश गरेर वार्षिक अग्रीम तथ्याङ्क प्रकाशन समयतालिका प्रकाशन गर्नु पर्ने व्यवस्था छ।

थ. एकीकृत राष्ट्रिय तथ्याङ्क पोर्टल स्थापना : तथ्याङ्क नियमावलीले राष्ट्रिय तथ्याङ्क पोर्टल सञ्चालन तथा व्यवस्थापनमा संक्षिप्तरूपमा तीन वटै तहका सरकारको जिम्मेवारी तोकिदिएको छ। उक्त नियमावली अनुसार सो पोर्टलमा राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध भएका सबै सरकारी निकाय, सार्वजनिक संस्था, प्रदेश र स्थानीय तहले आफूले सङ्कलन गरेको तथ्याङ्क प्रविष्टी गर्नुपर्ने प्रावधान छ।

द. विद्युतीय तथ्याङ्कको अन्तिम उत्तरदायित्व निर्धारण : विद्युतीय अभिलेखमा रहेको तथ्याङ्कको अन्तिम उत्तरदायित्व सम्बन्धित तथ्याङ्क उत्पादनकर्ताको हुने। उक्त तथ्याङ्कलाई अख्तियारीप्राप्त व्यक्तिबाहेक अरू कसैले सम्पादन गर्न वा सच्चाउन नसक्नेगरी व्यवस्थित गर्नुपर्ने व्यवस्था छ।

ध. सूक्ष्म कोरा तथ्याङ्क उपलब्ध गराउँदा लिइने दस्तुर: तथ्याङ्क नियमावलीको अनुसूची २ मा राष्ट्रिय तथ्याङ्क कार्यालयले सञ्चालन गरेका गणना तथा सर्वेक्षणका सुक्ष्म कोरा तथ्याङ्कको बिक्री मूल्य देहाय अनुसार निर्धारण गरेको छ:

तालिका नं.२.२ : सूक्ष्म कोरा तथ्याङ्क उपलब्ध गराउँदा लिइने दस्तुर

| सि.नं. | गणना/सर्वेक्षण | मूल्य (प्रति गणना वा सर्वेक्षणको) |
|---|---|---|
| १. | गणना | १. नेपालस्थित विद्यालय/कलेज/विश्वविद्यालयका विद्यार्थी : रू.४०००/-<br>२. नेपालस्थित विद्यालय/कलेज/विश्वविद्यालयका विद्यार्थी बाहेकका अन्य नेपाली नागरिक : रू.५०००/-<br>३. राष्ट्रिय निकाय/संस्था/राष्ट्रिय गैरसरकारी संस्था : रू. ८०००/-<br>४. अन्तर्राष्ट्रिय गैरसरकारी संस्था/ अन्तर्राष्ट्रिय निकाय/ विदेशी संस्था वा व्यक्ति : अमेरिकी डलर ४००/- |
| २. | सर्वेक्षण | १. नेपालस्थित विद्यालय/कलेज/विश्वविद्यालयका विद्यार्थी : रू.२५००/-<br>२. नेपालस्थित विद्यालय/कलेज/विश्वविद्यालयका विद्यार्थी बाहेकका अन्य नेपाली नागरिक : रू.३०००/-<br>३. राष्ट्रिय निकाय/संस्था/राष्ट्रिय गैरसरकारी संस्था : रू. ५०००/-<br>४. अन्तर्राष्ट्रिय गैरसरकारी संस्था/ अन्तर्राष्ट्रिय निकाय/ विदेशी संस्था वा व्यक्ति : अमेरिकी डलर ३००/- |

## २.४ तथ्याङ्क सम्बन्धी निर्देशिका र कार्यविधिहरू

तथ्याङ्क ऐन, २०७९ को दफा ३६ को उपदफा (१) ले नेपाल सरकारले देहायका विषयमा निर्देशिका बनाई लागू गर्न सक्ने अधिकार प्रत्यायोजन गरेको छ:-

क. राष्ट्रियस्तरका गणना तथा सर्वेक्षण सञ्चालनसम्बन्धी

ख. तथ्याङ्क प्राप्ति र तथ्याङ्कीय विधि उपयोगसम्बन्धी

ग. राष्ट्रिय तथ्याङ्क प्रणाली कार्यान्वयनसम्बन्धी र

घ. सर्वेक्षण अनुमतिसम्बन्धी

तथ्याङ्क ऐन, २०७९ को दफा ३६ को उपदफा (२) मा तथ्याङ्क उत्पादन, प्रशोधन, भण्डारण, प्रकाशन र वितरण सम्बन्धी काम कारवाहीलाई प्रक्रियागत ढङ्गबाट प्रभावकारी, व्यवस्थित र मितव्ययी तवरले सञ्चालन गर्न राष्ट्रिय तथ्याङ्क कार्यालयले देहायका ३ ओटा विषयमा कार्यविधि बनाई लागू गर्न सक्ने व्यवस्था छ:-

क. प्रशासनिक अभिलेख व्यवस्थापनसम्बन्धी

ख. तथ्याङ्क सार्वजनिक, सम्प्रेषण तथा वितरण गर्नेसम्बन्धी र

ग. तथ्याङ्क सङ्कलन, नमूना छनोट, विश्लेषण तथा सम्परीक्षण सम्बन्धी।

राष्ट्रिय तथ्याङ्क कार्यालयले मिति २०८२/०२/१२ गतेको प्रमुख तथ्याङ्क अधिकारीस्तरीय निर्णयानुसार "तथ्याङ्क सार्वजनिक, सम्प्रेषण तथा वितरण गर्नेसम्बन्धी कार्यविधि, २०८२" जारी गरेको छ।

## २.५ तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति, दोस्रो (२०८१/८२-२०८५/८६)

नीति निर्माण, योजना तर्जुमा अनुगमन एवम् मूल्याङ्कनको लागि आवश्यक तथ्याङ्क आपुर्ति गर्न र तथ्याङ्क क्षेत्रमा आएका को निरन्तरताका लागि आवश्यक तथ्याङ्क आपूर्ति गर्न र तथ्याङ्कककका क्षेत्रमा आएका नवीन अभ्यासहरूको प्रयोग गर्दै एक सबल र भरपर्दो राष्ट्रिय तथ्याङ्क प्रणाली स्थापना गरी गुणस्तरीय तथ्याङ्कको समयमा आपूर्ति गर्न र गुणस्तरीय तथ्याङ्कको समयमा आपुर्ति गर्न आगामी पाँच वर्ष (२०८१/८२ देखि २०८५/८६ सम्म) को तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति (National Strategy for the Development of Statistical System-NSDSS II ), दोस्रो नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयनमा आएको छ।

तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति, दोस्रोले खासगरी संविधानको भावना, आवधिक योजना, नेपालका अन्तर्राष्ट्रिय प्रतिबद्धताको अनुगमन तथा नीति निर्माणका लागि एकिकृत समन्वयात्मक र सबल तथ्याङ्क प्रणाली विकास गर्ने परिकल्पना गरेको छ।यो रणनीतिले सुशासन, सामाजिक न्याय र समृद्धी सम्बन्धी नीति तथा निर्णय प्रक्रियाका लागि सङ्घीय शासन प्रणाली सापेक्ष गुणस्तरीय तथ्याङ्क उत्पादन, आपूर्ति र उपयोग पद्धति विकास गर्ने लक्ष्य राखेको छ भने सङ्घीय प्रादेशिक तथा स्थानीय तथ्याङ्क प्रणाली सुदृढीकरणका लागी आवश्यक पूर्वाधार तयार गर्ने, तथ्याङ्कीय कार्यमा संलग्न निकायहरूबीच प्रभावकारी समन्वय प्रणाली विकास गर्ने र तथ्यमा आधारित नीति निर्माण तथा निर्णय प्रक्रियाका लागि आवश्यक गुणस्तरीय तथ्याङ्कको नियमित आपूर्ति गर्ने जस्ता रणनीतिक उद्देश्यहरू लिएको छ।

यस रणनीतिमा निम्न बमोजिम प्राथमिकताका क्रियाकलापहरू रहेका छन् :-

- कार्यान्वयनका लागि स्पष्ट निर्देशिका तथा कार्यविधि
- राष्ट्रिय तथ्याङ्क परिषदको सशक्तीकरण
- संस्थागत स्मृति र ज्ञान हस्तान्तरण

- वैकल्पिक स्रोतहरूबाट गुणस्तरीय तथ्याङ्क उत्पादन
- वास्तविक समय तथ्याङ्कको उत्पादन
- प्रयोगकर्तामैत्री प्रकाशन र खुला तथ्याङ्क प्रणाली
- अनुसन्धान र तालिमका लागि संस्थागत व्यवस्था
- प्रदेश तथा स्थानीय तहको क्षमता विकास
- अन्तर्राष्ट्रिय समन्वय र स्रोत परिचालन

## २.६ सोह्रौं योजना

सोह्रौं योजनामा तथ्याङ्कसम्बन्धी निम्न विषय उल्लेख गरिएको छ :-

- एकिकृत राष्ट्रिय तथ्याङ्क प्रणाली विकास तथा व्यवस्थापन गर्ने
- सरकारी निकायहरूविच समन्वय र सहकार्यको लागि राष्ट्रिय तथ्याङ्क परिषदको भूमिका सुदृढ एवं प्रभावकारी बनाउने
- गणना तथा सर्वेक्षण संचालन र तथ्याङ्क सङ्कलनका वैकल्पिक स्रोत तथा विधिहरू उपयोग गरी तथ्याङ्क उत्पादन तथा आपूर्तिमा सुधार गर्ने ।

## २.५ तथ्याङ्क सम्बन्धी अन्तर्राष्ट्रिय सिद्धान्त, प्रणाली र वर्गीकरणहरू

राष्ट्रिय तथ्याङ्क कार्यालयले सम्पादन गर्ने कार्यहरू नेपालका कानुन, नीति, योजना, निर्देशिका, कार्यविधिका अतिरिक्त अन्तर्राष्ट्रिय प्रचलित विधि तथा सिद्धान्तले समेत निर्देशित गर्दछ। यस्ता सिद्धान्तमा संयुक्त राष्ट्रसंघीय तथ्याङ्क आयोगले अनुमोदन गरेको आधिकारिक तथ्याङ्कका आधारभूत सिद्धान्त, पेरिस २१ संघको स्थापना, तथ्याङ्कमा प्राविधिक सहयोगसम्बन्धी राम्रा अभ्यासहरूको घोषणा, अन्तर्राष्ट्रिय तथ्याङ्क सञ्चालन गर्ने सिद्धान्त, तथ्याङ्कको लागि माराकेस कार्ययोजना, आदि पर्दछन्।

राष्ट्रिय तथ्याङ्क कार्यालयले नियमितरूपमा प्रयोग गर्ने र्राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वर्गीकरणहरू निम्न छन् :-

- **नेपालस्तरीय औद्योगिक वर्गीकरण**
- **नेपालस्तरीय पेशा वर्गीकरण**
- **उद्देश्यअनुसार व्यक्तिगत उपभोगको वर्गीकरण**
- **तथ्याङ्कीय गतिविधिको वर्गीकरण**
- **सरकारको कार्यको वर्गीकरण**
- **घरपरिवारलाई सेवा दिने गैरनाफामूलक संस्थाको उद्देश्यको वर्गीकरण**
- **केन्द्रीय उत्पादन वर्गीकरण**

# खण्ड : ३

# सङ्गठन संरचना तथा काम, कर्तव्य र अधिकार

## ३.१ नेपालको राष्ट्रिय तथ्याङ्क प्रणाली

राष्ट्रिय तथ्याङ्क प्रणाली भन्नाले देशको आधिकारिक तथ्याङ्क सम्बन्धी कानूनी प्रावधान, पूर्वाधार तथा संस्थागत व्यवस्थाको समष्टिगत स्वरूपलाई बुझिन्छ । यसमा तथ्याङ्क उत्पादक, प्रदायक, प्रयोगकर्ता र सोध एवं अनुसन्धानसंग सम्बन्धित पक्षहरूको अन्तरआबद्धता रहेको हुन्छ। सार्वजनिक चासोको विषयसङ्ग सम्बन्धित आधिकारिक तथ्याङ्कको उत्पादन, वितरण तथा संरक्षण गर्ने जिम्मेवारी सरकारको हुन्छ र सरकारले राष्ट्रिय तथ्याङ्क प्रणाली मार्फत यो कार्य सम्पादन गरिरहेको हुन्छ। नेपालको सन्दर्भमा तथ्याङ्क ऐन, २०७९ बमोजिम राष्ट्रिय तथ्याङ्क प्रणाली स्थापित भई सञ्चालनमा रहेको छ र यो प्रणालीलाई राष्ट्रिय तथ्याङ्क कार्यालयले नेतृत्व गर्दै अन्य सरोकारवाला निकायको समन्वय र सहकार्यमा सञ्चालन गर्दै आएको छ।

आधिकारिक तथ्याङ्कको उत्पादन, वितरण, प्रयोग र भण्डारण जस्ता क्रियाकलाप सञ्चालन गर्न सङ्गठित भएका तथ्याङ्कीय सङ्गठन तथा एकाइहरूको समूहलाई राष्ट्रिय तथ्याङ्क प्रणालीका रूपमा बुझ्न सकिन्छ। यसले खास गरी तथ्याङ्क सङ्कलन, व्यवस्थापन, वितरण तथा उपयोग र तथ्याङ्क प्रणाली विकासको खाका निर्धारण गरेको हुन्छ । नेपालको सन्दर्भमा राष्ट्रिय तथ्याङ्क प्रणालीको औपचारिक सुरूवात सम्वत् १९६८ को पहिलो राष्ट्रिय जनगणना पश्चात् सुरू भएको हो। तथ्याङ्क ऐन, २०७९ ले राष्ट्रिय तथ्याङ्क प्रणाली का सम्बन्धमा देहायबमोजिम हुने उल्लेख गरेको छ।

सामान्यत: तथ्याङ्क प्रणाली केन्द्रिकृत र विकेन्द्रीकृत गरि दुई प्रकारको हुन्छ । हाल नेपालले अवलम्बन गरेको तथ्याङ्क प्रणाली विकेन्द्रित ढाँचाको छ। नेपालको तथ्याङ्क प्रणालीका प्रमुख अङ्गहरूमा उत्पादक, प्रदायक, प्रयोगकर्ता र अनुसन्धानात्मक, शैक्षिक एवम् प्राज्ञिक संस्थाहरू पर्दछन्। तथ्याङ्क उत्पादकहरूमा राष्ट्रिय तथ्याङ्क कार्यालय; नेपाल राष्ट्र बैङ्क तथा संघीय मन्त्रालय एवम् अन्य निकाय; प्रदेश सरकार तथा स्थानीय सरकार; प्राज्ञिक, अनुसन्धान एवम् शैक्षिक संस्था; गैरसरकारी संस्था, नागरिक समाज एवम् निजी संस्था आदि रहेका छन्। तथ्याङ्क

प्रदायकहरूमा व्यक्ति एवम् परिवार; प्रतिष्ठान (व्यापारिक, औद्योगिक); सरकारी निकाय; गैरसरकारी संस्था; सामाजिक संघ, संस्था; अनलाइन प्लेटफर्म आदि रहेका छन्। त्यसैगरी तथ्याङ्क प्रयोगकर्ताहरूमा तीनै तहका सरकार; अन्तर्राष्ट्रिय समाज एवम् दातृ संस्था; नागरिक समाज, प्राज्ञिक, अनुसन्धानात्मक एवम् शैक्षिक संस्था; गैरसरकारी संस्था; प्रतिष्ठान; व्यक्ति, विद्यार्थी, शिक्षक, अनुसन्धानकर्ता, आदि रहेका छन् ।

## ३.२ कार्यालयको स्थापना

नेपालमा आवधिक योजनाको शुरूवात भएपछि तथ्याङ्क ऐन, २०१५ मा ब्यवस्था भए बमोजिम राष्ट्रिय योजना आयोगको सचिवालय अन्तर्गत रहने गरी वि.सं. २०१५ साल पौष १७ गते साबिक केन्द्रीय तथ्याङ्क विभाग स्थापना भएको थियो। तथ्याङ्क  ऐन, २०७९ बमोजिम तत्कालिन केन्द्रीय तथ्याङ्क विभागको पुनर्संरचना एवम् स्तरोन्नती भई वि.सं.२०७९ साल आश्विन २८ गते देखि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत रहने गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा रूपान्तरण भएको छ । साविकको केन्द्रीय तथ्याङ्क विभागको कार्य सम्पादनमा सहयोग पुऱ्याउने उद्देश्य सहित वि.सं. २०५० साल श्रावण १ गतेदेखि काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला कार्य क्षेत्र हुने गरी शाखा तथ्याङ्क कार्यालय, काठमाडौंको स्थापना भएको थियो । विगतमा क्षेत्रीय तथ्याङ्क कार्यालय र शाखा तथ्याङ्क कार्यालय हुँदै वि.सं. २०७० साल चैत्र १ गते देखी ७५ ओटै जिल्लालाई समेट्ने गरी ३३ वटा तथ्याङ्क कार्यालयको स्थापना गरिएको थियो ।

यिनै ३३ तथ्याङ्क कार्यालयहरू मध्ये काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला कार्य क्षेत्र हुने गरी मिति २०७० साल चैत्र १ गते देखि साविकको शाखा तथ्याङ्क कार्यालयको नाम परिवर्तन भई तथ्याङ्क कार्यालय, काठमाडौं भएको थियो।

नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०८०/०९/१२ को निर्णय अनुसार राष्ट्रिय तथ्याङ्क कार्यालय मातहतका ३३ _ओटै तथ्याङ्क कार्यालयहरू खारेज भई १८ जिल्लामा कार्यालय रहने गरी ७७ ओटै जिल्लाका स्थानीय तहहरूसङ्ग समन्वय गर्ने गरी १८ ओटा तथ्याङ्क समन्वय कार्यालय स्थापना भएसँगै काठमाडौं, ललितपुर, भक्तपुर, रसुवा, नुवाकोट  र धादिङ गरी ६ जिल्ला कार्यक्षेत्र रहने गरी मिति २०८१ श्रावण १ गते तथ्याङ्क समन्वय कार्यालय, काठमाडौं स्थापना भएको हो। ती ६ जिल्ला अन्तर्गत २ महानगरपालिका, १६ नगरपालिका र ३३ गाउँपालिका गरी जम्मा ५१ ओटा पालिकाहरू

**रहेका छन् । यस कार्यालयको कार्यक्षेत्रमा ९ लाख ५७ हजार घरपरिवार र ३६ लाख ६१ हजार जनसङ्ख्या छन्। बागमती प्रदेशको ५९.९ प्रतिशत र नेपालको १२.६ प्रतिशत जनसङ्ख्या यस कार्यालयको कार्यक्षेत्र अन्तर्गतका जिल्लामा बसोबास गर्दछन्।**

**गोसाइकुण्ड, आमाछोदिङ्गमो र रुबी भ्याली गाउँपालिका क्षेत्रफलको हिसाबले धैरै ठूला छन्। तिनको क्षेत्रफल क्रमश: ९७८.७ वर्ग कि.मि., ६२८.२ वर्ग कि.मि. र ४०१.८ वर्ग कि.मि. रहेको छ। कार्यक्षेत्रभित्र पर्ने सानो क्षेत्रफलका नगरपालिकाहरु भक्तपुर न.पा.(६.८९ वर्ग कि.मि.),मध्यपुर ठिमी न.पा.(११.४७ वर्ग कि.मि.), किर्तिपुर न.पा.(१४.७६ वर्ग कि.मि.) र टोखा न.पा.(१७.११ वर्ग कि.मि.) पर्दछन्।**

**यस क्षेत्रका ३ नगरपालिका (काठमाडौँ महानगर, धुनिबेँसी न.पा. र बेलकोटगढी न.पा.) सहित २४ ओटा पालिकाहरुको जनसङ्ख्या वृद्धि दर नकारात्मक रहेको छ। तर कागेश्वरी मनहरा न.पा. (७.४१ प्रतिशत), महालक्ष्मी न.पा. (६.५६ प्रतिशत), तारकेश्वर न.पा. (५.९६ प्रतिशत), सूर्य विनायक न.पा. (५.५६ प्रतिशत) र नागार्जुन न.पा. (५.१६ प्रतिशत) को जनसङ्ख्या २०६८-२०७८ को दशकमा वार्षिक ५ प्रतिशतभन्दा उच्च दरमा वृद्धि भएको देखिन्छ। बुढानिलकण्ठ न.पा., चन्द्रागिरी न.पा. र चाँगुनारायण न.पा.को जनसङ्ख्या वृद्धि दर पनि वार्षिक ४ प्रतिशतभन्दा माथि छ।**

## ३.३ तथ्याङ्क समन्वय कार्यालयको उद्देश्य

तथ्याङ्क समन्वय कार्यालय, काठमाडौँको स्थापनाका निम्न उद्देश्यहरु छन्:-

- योजना र नीति तर्जुमाका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयलाई समयमै गुणस्तरीय तथ्याङ्क उपलब्ध गराउने र जिल्लाको सामाजिक-आर्थिक अवस्थाको जानकारी लिने;
- तथ्याङ्क सङ्कलन, तथ्याङ्क प्रशोधन, विश्लेषण, प्रकाशन, तथ्याङ्क प्रसार र सङ्कलित तथ्याङ्क संरक्षण गर्ने;
- तथ्याङ्कीय विसङ्गतिहरूबाट बच्न तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषणमा संलग्न विभिन्न निकायहरूसङ्ग समन्वय गर्ने;

- राष्ट्रिय तथ्याङ्क कार्यालयलाई सहयोग गर्न जिल्ला तहका तथ्याङ्कीय गतिविधिहरूमा अग्रणी भूमिका निर्वाह गरी स्तरीय तथ्याङ्कीय प्रणाली विकासमा मद्दत गर्ने; र
- जिल्ला तथा स्थानीयस्तरमा तथ्याङ्कीय साक्षरता प्रवर्धन र तथ्याङ्कीय जनशक्ति विकास गर्ने ।

## ३.४ सङ्गठन स्वरूप

**यस कार्यालयमा नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, तथ्याङ्क समूहका १५ जना र नेपाल प्रशासन सेवाका ५ जना गरी जम्मा २० जना कर्मचारीको दरबन्दी रहेको छ। कार्यालय प्रमुखमा राजपत्राङ्कित द्वितीय श्रेणीको तथ्याङ्क समन्वय अधिकारी रहने प्रावधान छ । यस कार्यालयमा प्राविधिक शाखा र प्रशासन शाखा गरि दुई शाखा छन्। यी दुई शाखाहरूलाई राजपत्राङ्कित तृतीय श्रेणीका तथ्याङ्क अधिकृतले नेतृत्व गर्दछन्।**


**प्रशासन शाखामा १ जना नायब सुब्बा, २ जना खरिदार र २ जना कार्यालय सहयोगी गरि जम्मा ५ जना कर्मचारीको दरबन्दी रहेको छ। यस शाखामा नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहका १-१ जना नायब सुब्बा र खरिदारको साथै लेखा समूहको १ जना सह-लेखापाल कार्यरत छन्।**

**प्राविधिक शाखामा ७ जना सुपरिवेक्षक र ५ जना गणक गरि जम्मा १२ जना कर्मचारी कार्यर्त छन्। यस शाखामा रहने सुपरिवेक्षक र गणक नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, तथ्याङ्क समूहका क्रमश: राजपत्र अनङ्कित प्रथम र राजपत्र अनङ्कित द्धितीय श्रेणीका कर्मचारी हुन्।**

**पूर्व कार्यालय प्रमुखहरू र हाल कार्यरत कर्मचारीको विवरण क्रमश: अनुसूची १ र अनुसूची २ मा समावेश गरिएको छ।**

**यस कार्यालयको सङ्गठन संरचना चित्र नं.३.१ मा प्रस्तुत गरिएको छ ।**

चित्र नं. ३.१ : तथ्याङ्क समन्वय कार्यालय, काठमाडौँको सङ्गठन संरचना




## ३.५ कार्यालयको काम, कर्तव्य र अधिकार

यस कार्यालयका काम, कर्तव्य तथा अधिकारहरू देहाय बमोजिम रहेका छन्:-

क) राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन गर्ने गणना एवं सर्वेक्षण कार्यहरू आफ्नो कार्यक्षेत्रमा कार्यान्वयन, व्यवस्थापन, सुपरिवेक्षण र अनुगमन गर्ने;

ख) राष्ट्रिय तथ्याङ्क कार्यालयबाट जिल्लास्तरमा सञ्चालन हुने तालिम कार्यमा सघाउ पुऱ्याउने र स्थानीय स्तरमा कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने तालिम सञ्चालन गर्ने;

ग) आवश्यकता अनुसार प्राथमिक तथा द्बितीय स्रोतबाट तथ्याङ्क सङ्कलन तथा प्रशोधन गर्ने;

घ) कार्यक्षेत्र अन्तर्गतका जिल्ला एवमं स्थानीय तहहरूको वस्तुगत विवरण तयार पार्ने;

ङ) योजना, नीति निर्माण, अध्ययन अनुसन्धान एवम अनुगमन मूल्याङ्कनको लागि आवश्यक तथ्याङ्क उपलब्ध गराउने;

च) तथ्याङ्क विकासका लागि अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने, पैरवी गर्ने र सुझाव उपलब्ध गराउने;

छ) वडा र गणना क्षेत्रको सीमाना, धरातल र घर परिवारको निर्दिष्ट स्थान छुट्टयाउने गरी नक्साङ्कन गर्ने;

ज) जिल्ला तथा स्थानीय तहहरूसङ्ग तथ्याङ्कीय क्रियाकलापहरूका सम्बन्धमा समन्वय गर्ने,

झ) तथ्याङ्कीय अभिलेखहरूको संरक्षण गर्ने; र

ञ) तथ्याङ्कको गुणस्तरमा निरन्तरता र एकरूपता कायम गर्न विभिन्न निकायसङ्ग समन्वय गर्ने।

# खण्ड : ४

# वार्षिक कार्यक्रम र प्रगति

## ४.१ त्रैमासिक राष्ट्रिय लेखा

निश्चित समयावधिभित्र एउटा अर्थतन्त्रमा सञ्चालन हुने आर्थिक क्रियाकलापहरूको मापन गर्ने एउटा पूर्ण र तर्कयुक्त लेखाङ्कन विधिलाई राष्ट्रिय लेखा भनिन्छ। कुनै पनि मुलुकको अर्थतन्त्रको वास्तविक अवस्था र गतिको दिशा मापन विभिन्न प्रकारका समष्टिगत आर्थिक सूचक तथा परिसूचकहरूबाट गरिन्छ। यस प्रकारका आर्थिक सूचकहरूको समष्टिलाई राष्ट्रिय लेखाले प्रस्तुत गर्दछ। राष्ट्रिय लेखा प्रणाली भन्नाले आर्थिक सिद्धान्तमा आधारित लेखाका मान्यता अनुसार आर्थिक गतिविधिका मापनलाई कसरी एकत्रित गर्ने भनी आन्तर्राष्ट्रियरूपमा स्वीकार्य स्तरीय सुझावका मानक समूहहरूलाई बुझिन्छ।

अर्थतन्त्रमा छोटो समयमा हुने परिवर्तनलाई समयमै पहिचान गरी त्यसका सकारात्मक असरबाट फाइदा लिन तथा नकारात्मक असरबाट बच्नको लागि आवश्यक नीति निर्माण गर्न त्रैमासिक राष्ट्रिय लेखा तयार गरिन्छ। अर्थतन्त्रको तत्कालीन परिदृश्यलाई समयमै आँकलन गर्ने त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्क वार्षिक राष्ट्रिय लेखा तथ्याङ्कको तुलनामा कम विस्तृत र अन्य एकल अल्पकालीन सूचकभन्दा बढी विस्तृत हुन्छ। नेपालमा सन् २००४/०५ देखि त्रैमासिक राष्ट्रिय लेखा अनुमान तयार गर्न सुरू गरिएको हो।

राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रत्येक त्रैमासिकमा नेपालको आर्थिक वृद्धि दर अनुमान गर्दछ। यस प्रयोजनको लागि तथ्याङ्क समन्वय कार्यालय, काठमाडौँले आर्थिक वर्ष २०८१/८२ का ४ ओटै त्रैमासिक अवधिमा २७ ओटा तारे होटल, ५० ओटा नन् तारे होटल तथा रेष्टुरेणट, १८ ओटा खानेपानी उपभोक्ता समिति, ६ जिल्लाको प्रमुख कृषिजन्य बालीको उत्पादन, ६ जिल्लाको पशुपंक्षीजन्य उत्पादन र मोटरसाइकल तथा अन्य सवारीसाधन दर्ताको सङ्ख्यात्मक विवरण सङ्कलन गरि पठाएको थियो।

त्रैमासिक राष्ट्रिय लेखा सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएका प्रतिष्ठानहरूको जिल्लागत विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं.४.१ : त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्क सङ्कलन गरिने प्रतिष्ठानहरूको विवरण, २०८१/८२**

| क्र.सं. | प्रतिष्ठानको प्रकार | काठमाडौँ | ललितपुर | भक्तपुर | नुवाकोट | धादिङ | रसुवा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | तारे होटल | २१ | २ | ४ | | | | २७ |
| २ | नन् तारे होटल | १३ | १० | १७ | ३ | ३ | ४ | ५० |
| ३ | खानेपानी उपभोक्ता समिति | १० | २ | ३ | १ | १ | १ | १८ |
| ४ | पशुपंक्षीजन्य उत्पादन | १ | १ | १ | १ | १ | १ | ६ |
| ५ | कृषिजन्य उत्पादन (प्रमुख बालीको) | १ | १ | १ | १ | १ | १ | ६ |
| ६ | यातायात कार्यालय (सवारी दर्ता) | १ | १ | | | | | २ |

**क. तारे होटल**

यस कार्यालयको कार्यक्षेत्रमा पर्ने सबै तारे होटलबाट त्रैमासिक विवरण सङ्कलन गर्नु पर्ने हुन्छ। आ.व.२०८१/८२ मा काठमाडौँका २१, ललितपुरका २ र भक्तपुरका ४ ओटा गरी जम्मा २७ ओटा तारे होटलबाट त्रैमासिक रूपमा बेड सङ्ख्या, कर्मचारी/कामदार सङ्ख्या र मासिक औषत बेड अकुपेन्सी दर सम्बन्धी विवरण सङ्कलन गरिएको थियो।

**ख. नन् तारे होटल**

आ.व.२०८१/८२ मा काठमाडौँका १३, ललितपुरका १०, भक्तपुरका १७, नुवाकोटका ३, धादिङका ३ र रसुवाका ४ ओटा गरी जम्मा ५० ओटा नन् तारे होटल वा रेष्टुरेण्टबाट त्रैमासिकरूपमा कर्मचारी/कामदार सङ्ख्या र मासिक आर्थिक कारोबार सम्बन्धी विवरण सङ्कलन गरिएको थियो।

ग. खानेपानी उपभोक्ता समिति

सो आर्थिक वर्षमा काठमाडौँबाट १० ओटा, ललितपुरबाट २ ओटा, भक्तपुरबाट ३ ओटा र अन्य जिल्लाहरूबाट १-१ ओटा गरी जम्मा १८ ओटा खानेपानी उपभोक्ता समितिबाट त्रैमासिकरूपमा मासिक बिक्री परिमाण र मासिक राजस्व सङ्कलन रकम सङ्कलन गरिएको थियो।

घ. पशुपंक्षीजन्य उत्पादन

कार्यक्षेत्रका सबै जिल्लाबाट गाई/भैँसीको दुध, खसी/बोका, भेडा/च्याङ्ग्रा, राँगो, कुखुरा, बँगुर/सुँगुर र कुखुराको अण्डाको मासिक उत्पादन परिमाण र कृषकले पाउने प्रति ईकाइ मूल्य सम्बन्धी विवरण सम्बन्धित जिल्लाको पशु विकास कार्यालयबाट सङ्कलन गरी पठाइएको थियो।

ङ. प्रमुख कृषिजन्य बालीको उत्पादन

प्रमुख बालीको उत्पादन सम्बन्धी राष्ट्रिय लेखा शाखाबाट निर्धारित फाराम बमोजिम सम्बन्धित जिल्लाको कृषि विकास कार्यालयबाट जिल्लागतरूपमा धान, मकै, गहुँ, कोदो, तोरी, आलु, उखु र मुसुरो बालीको बाली भित्र्याएको महिना अनुसार उत्पादन परिमाण सङ्कलन गरिएको थियो।

च. सवारीसाधन दर्ता सम्बन्धी विवरण

यस कार्यालयले मोटरसाइकल र अन्य सवारीसाधनको मासिक दर्ता सङ्ख्या सम्बन्धी विवरण क्रमश: यातायात व्यवस्था कार्यालय मोटरसाइकल, गर्जुधारा र यातायात व्यवस्था कार्यालय, ललितपुरबाट त्रैमासिकरूपमा सङ्कलन गर्दछ।

यस कार्यालयबाट सङ्कलित उपरोक्तानुसारको विवरण राष्ट्रिय तथ्याङ्क कार्यालयको सर्वे मेनेजमेन्ट सिस्टम "ndrs.nsonepal.gov.np" मा त्रैमासिक रूपमा प्रविष्ट गरेर पठाइएको थियो।

## ४.२ वार्षिक राष्ट्रिय लेखा

तत्कालीन आर्थिक योजना मन्त्रालयअन्तर्गत राष्ट्रिय लेखा अनुमान गर्न गठित समितिले सन् १९६१/६२ मा पहिलो पटक नेपालको कुल गार्हस्थ्य उत्पादन अनुमान गरेको थियो। सन् १९६४/६५ देखि नेपालको

वार्षिक राष्ट्रिय लेखा अनुमान तयार गर्ने जिम्मेवारी तत्कालीन केन्द्रीय तथ्याङ्क विभाग र हाल राष्ट्रिय तथ्याङ्क कार्यालयले सम्पादन गर्दै आएको छ। शुरूमा एस.एन.ए. १९५३, त्यसपछि एस.एन.ए. १९६८ र एस.एन.ए. १९९३ का अवधारणाहरू अनुरूप राष्ट्रिय लेखा सम्बन्धी सूचकहरू तयार हुने गरेकोमा सन् २०१०/११ लाई आधार वर्ष मानेर नयाँ श्रृंखला निर्माण गरे पश्चात एस.एन.ए. २००८ अनुसार मूलत: उत्पादन विधिद्धारा तयार गरिएको कुल गार्हस्थ्य उत्पादन, व्यय विधिद्धारा तयार गरिएको अन्तिम उपभोग तया पूँजी निर्माण र आय विधिद्धारा तयार गरिएको मिश्रित आय जस्ता वार्षिक सूचकहरू प्रचलित तथा स्थिर मूल्यमा अनुमान तयार गर्ने अभ्यास छ। यी समष्टिगत आर्थिक परिसूचकहरूको आधारमा आर्थिक वृद्धि दर, बचत दर, लगानी दर, प्रति व्यक्ति आम्दानी, आदि सूचकहरू तयार गरिन्छ।

वार्षिक राष्ट्रिय लेखाका अनुमानहरू औद्योगिक क्षेत्र अनुसार तयार गरिने भएकोले यसको लागि विभिन्न स्रोत र विधिबाट सालबसाली तथ्याङ्क सङ्कलन गरिन्छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले वार्षिक राष्ट्रिय लेखा अनुमानको लागि विषयक्षेत्रगत रूपमा विभिन्न प्रकारका सूचकहरू समेटर धेरै प्रकारका फारामहरू डिजाइन गरेको छ। त्रैमासिक राष्ट्रिय लेखाको लागि तर्जुमा भएको फाराम र वार्षिक फाराममार्फत सङ्कलन हुने केही आधारभूत विवरणहरू समान छन्। तर वार्षिक  राष्ट्रिय लेखा सम्बन्धी फारामहरूमा थप विवरण पनि सङ्कलन गर्नु पर्दछ।

आ.व.२०८१/८२ मा राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्राप्त फाराम र व्यवसायिक प्रतिष्ठानहरूको सूची अनुसार वार्षिक राष्ट्रिय लेखाको लागि तथ्याङ्क सङ्कलन गरी पठाइएको थियो । यसमा विशेष  गरेर सामुदायिक वन, खानी तथा उत्खनन, भवन तथा सडक निर्माण, स्टोरेज, होटल तथा रेष्टुरेण्ट, एफ. एम. रेडियो, आदि ८ क्षेत्रको  तथ्याङ्क सङ्कलन गरिएको थियो।

क. सामुदायिक वन

आ.व.२०८१/८२ मा यस कार्यालयले छानिएका ६ ओटा सामुदायिक वन उपभोक्ता समितिबाट हुने उत्पादन र मध्यवर्ती उपभोगमा आएको परिवर्तन मापन गर्ने उद्देश्यले तयार पारिएको “सामुदायिक वन व्यवसायिक कारोबारसम्बन्धी वार्षिक तथ्याङ्क संकलन फाराम” मा उल्लेख भएका उत्पादन तथा लागत

सम्बन्धी विवरण सङ्कलन गरेको थियो। नेपालभर जम्मा २ सय ३५ ओटा सामुदायिक वनबाट वार्षिक राष्ट्रिय लेखा अनुमानको लागि आवश्यक तथ्याङ्क सङ्कलन गरिन्छ।

**ख. खानी तथा उत्खनन्**

तथ्याङ्क समन्वय कार्यालयको कार्यक्षेत्र अन्तर्गतका सबै स्थानीय तहहरूबाट वार्षिक राष्ट्रिय लेखा तथ्याङ्क सङ्कलन फारम (खानी तथा उत्खनन्) मा उल्लेख भए बमोजिम बालुवा, ढुङ्गा, गिटि रोडा तथा माटो उत्खनन् गरे वापत स्थानीय तहले तोकेको दररेट (प्रति क्यू फिट मुल्य) र उत्खनन् गर्न अनुमति प्रदान गरे वापत प्रत्येक निर्माण सामाग्रीबाट उठेको जम्मा वार्षिक राजश्व रकम सङ्कलन गरिएको थियो। गत आ.व.को वार्षिक विवरण (१२ महिनाको) र चालु आ.व.को हकमा पुष मसान्तसम्म (६ महिनाको) को विवरण सङ्कलन भएको थियो।

**ग. भवन तथा सडक निर्माण**

भवन निर्माणसम्बन्धीः कार्यक्षेत्र अन्तर्गतका सबै स्थानीय तहले गत आ.व.को वार्षिक विवरण (१२ महिनाको) र चालु आ.व.को हकमा पुष मसान्तसम्म (६ महिनाको) को पक्की तथा कच्ची भवन निर्माणका लागि दिएको इजाजत सङ्ख्या, निर्माण सम्पन्न सङ्ख्या, प्रति बर्ग फिट औसत लागत तथा भवन इजाजत वापतको कुल राजस्व रकम सङ्कलन गरिएको थियो।

सडक निर्माणसम्बन्धीः कार्यक्षेत्रका सबै स्थानीय तहबाट सन्दर्भ अवधिभरमा निर्माण गरेको पक्की, ग्राभेल, तथा कच्ची सडक लम्बाई तथा लागत सङ्कलन गरिएको थियो।

**घ. स्टोरेज**

आ.व.२०८१/८२ मा नुवाकोटबाट १, धादिङबाट २, काठमाडौँबाट ५, भक्तपुरबाट २ र ललितपुरबाट १ गरी जम्मा ११ ओटा छानिएका स्टोरेज हाउसबाट राष्ट्रिय लेखा सम्बन्धी विवरण सङ्कलन गरि पठाइएको थियो।

**ङ. होटल तथा रेष्टुरेण्ट**

आ.व.२०८१/८२ मा सबै तारे होटल, ५० ओटा तारे बाहेकका छानिएका होटल र ८० ओटा छानिएका रेष्टुरेण्टबाट उत्पादन तथा मध्यवर्ती उपभोग सम्बन्धी वार्षिक विवरण सङ्कलन गरिएको थियो। वार्षिक

राष्ट्रिय लेखा अनुमान गर्ने प्रयोजनको लागि देशभरिबाट जम्मा २२५ ओटा ननतारे होटल र २९० ओटा रेष्टुरेण्टबाट वार्षिक रुपमा आर्थिक विवरण सङ्कलन गर्ने गरिन्छ।

**च. एफ.एम.रेडियो**

आ.व.२०८१/८२ मा कार्यक्षेत्रका प्रत्येक जिल्लाबाट छानिएका १-१ ओटा एफ.एम. रेडियोबाट विवरण सङ्कलन गरिएको थियो।

**छ. केबुल टेलिभिजन**

आ.व.२०८१/८२ मा कार्यक्षेत्रका प्रत्येक जिल्लाबाट छानिएका १-१ ओटा केबुल टेलिभिजनबाट विवरण सङ्कलन गरिएको थियो।

**ज. बचत तथा ऋण सहकारी संस्था**

आ.व.२०८१/८२ मा यस कार्यालयको कार्यक्षेत्रका प्रत्येक जिल्लाबाट २-२ ओटा गरी जम्मा १२ ओटा छानिएका बचत तथा ऋण सहकारी संस्थाबाट राष्ट्रिय लेखा सम्बन्धी वार्षिक विवरण सङ्कलन गरिएको थियो। राष्ट्रियस्तरमा जम्मा ९१ ओटा सहकारीबाट वार्षिक विवरण सङ्कलन गर्ने अभ्यास छ।

## ४.३ औद्योगिक उत्पादन तथा उत्पादकको मूल्य तथ्याङ्क

राष्ट्रिय तथ्याङ्क कार्यालयबाट तयार गरिने औद्योगिक उत्पादन मूल्य सूचकाङ्क र उत्पादकको मूल्य सूचकाङ्कका लागि आवश्यक पर्ने तथ्याङ्कको सङ्कलन, समन्वय तथा सहजीकरण गर्ने प्रमुख जिम्मेवारी तथ्याङ्क समन्वय कार्यालयहरूमा रहन्छ। यी सूचकाङ्कहरूले औद्योगिक उत्पादन र उत्पादक तहको मूल्य प्रवृत्ति विश्लेषण गर्न सहयोग पुऱ्याउँछन्। औद्योगिक उत्पादन तथा उत्पादक मूल्यसम्बन्धी तथ्याङ्कको नियमित सङ्कलन गर्नु, तथ्याङ्क सङ्कलनमा संलग्न निकायहरूबीच प्रभावकारी समन्वय कायम गर्नु र समयमै भरपर्दो र गुणस्तरीय तथ्याङ्क राष्ट्रिय तथ्याङ्क कार्यालयमा उपलब्ध गराउनु यस कार्यक्रमका प्रमुख उद्देश्य हुन्। औद्योगिक उत्पादन सूचकाङ्कमा ३-अङ्कको NSIC मा २४ प्रकारका उद्योग समूह समावेश छन्। औद्योगिक वस्तुको चयन औद्योगिक गणना, २०६८/६९ को कुल उत्पादनमा

गरेको अंशका आधारमा गरिएको छ । उक्त औद्योगिक गणनामा १० वा सो भन्दा बढी मानिसहरू संलग्न भएका औद्योगिक प्रतिष्ठानहरूको गणना भएको थियो।

मूल्य तथ्याङ्क सङ्कलनमा तथ्याङ्क समन्वय कार्यालयले मूल्य तथ्याङ्क शाखाबाट प्राप्त निर्देशन तथा मापदण्डअनुसार त्रैमासिक तथ्याङ्क सङ्कलन गर्ने; उद्योग प्रतिष्ठान तथा सम्बन्धित निकायहरूसँग समन्वय गरी प्रश्नावली समयमै भर्ने; तथ्याङ्कको प्रारम्भिक जाँच (Consistency & Completeness Check) गर्ने; अनुत्तरित (Non-response) भएका प्रतिष्ठानमा अनुगमन तथा पुन:सम्पर्क गर्ने; र सङ्कलित तथ्याङ्क समयमै सम्बन्धित विभाग/शाखामा पठाउने भूमिका निर्वाह गर्दछ।

उद्योग उत्पादन तथा उत्पादक मूल्य सूचकाङ्कका लागि नेपालका ३८ वटा जिल्लाबाट ३ सय ७७ ओटा उद्योगहरू छानिएको छ। आ.व.२०८१/८२ मा तालिका नं.४.२ मा प्रस्तुत भए अनुसार काठमाडौँका ४४, ललितपुरका १३, भक्तपुरका १० र धादिङ जिल्लाका १ गरी जम्मा ६८ ओटा प्रतिष्ठानहरूबाट औद्योगिक उत्पादनको परिमाण र कुल बिक्री रकमको साथै वस्तुगतरूपमा फेक्टरी गेट प्राइस त्रैमासिकरूपमा सङ्कलन गर्ने लक्ष्य लिइएको थियो।

**तालिका नं.४.२: औद्योगिक उत्पादन तथा उत्पादकको मूल्य तथ्याङ्क सङ्कलन गर्न छानिएका प्रतिष्ठानहरू**

| क्र.सं. | उद्योगको प्रकार | काठमाडौँ | ललितपुर | भक्तपुर | धादिङ | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | इट्टा उद्योग | - | - | ४ | - | ४ |
| २ | कङ्क्रिट/ ब्लक उद्योग | - | १ | १ | - | २ |
| ३ | गारमेन्ट | १ | १ | १ | - | ३ |
| ४ | कार्पेट | ८ | १ | १ | - | १० |
| ५ | दाना | १ | - | १ | - | २ |
| ६ | औषधी | १ | - | - | - | १ |
| ७ | इलोक्ट्रोनिक्स | २ | - | १ | - | ३ |
| ८ | ज़ुत्ता | ५ | - | - | - | ५ |
| ९ | तयारी कपडा | - | २ | - | - | २ |
| १० | आल्मूनियम वा मेटल | ३ | १ | - | - | ४ |
| ११ | बेकरी | - | ३ | - | - | ३ |
| १२ | खाद्यान्न | १ | १ | - | - | २ |
| १३ | डेरी उद्योग | १ | १ | - | - | २ |
| १४ | स:मिल | - | २ | - | - | २ |
| १५ | फर्निचर | १ | - | - | - | १ |
| १६ | पेन्ट उद्योग | १ | - | - | - | १ |

| क्र.सं. | उद्योगको प्रकार | काठमाडौँ | ललितपुर | भक्तपुर | धादिङ | जम्मा |
|---|---|---|---|---|---|---|
| १७ | वेभरेज उत्पादन | २ | - | - | - | २ |
| १८ | डिस्टिलरी उद्योग | २ | - | - | - | २ |
| १९ | प्रिन्टङ प्रेस वा पत्रिका | ६ | - | - | - | ६ |
| २० | अन्य | ९ | १ | १ | १ | १३ |
| | **जम्मा** | **४४** | **१३** | **१०** | **१** | **६८** |

**आ.व.२०८१/८२ मा यस कार्यालयले ६८ ओटा उद्योगबाट त्रैमासिकरूपमा तथ्याङ्क सङ्कलन गर्ने प्रयास गरेकोमा जम्मा ४५ ओटा प्रतिष्ठानबाट नियमितरूपमा विवरण प्राप्त भएको थियो। यस कार्यमा मूल्य तथ्याङ्क शाखासँग सम्पर्क तथा सहजीकरण गर्ने काम सुपरिवेक्षक शवन्दना पौड्यालले गर्नु भएको थियो।**

**आर्थिक वर्ष २०८१/८२ मा यस कार्यालयबाट जिल्लागतरूपमा तोकिएको र वास्तवमा तथ्याङ्क सङ्कलन गरिएको उद्योग प्रतिष्ठानको विवरण तालिका नं.४.३ मा प्रस्तुत गरिएको छः-**

**तालिका नं.४.३ : छानिएका तथा तथ्याङ्क सङ्कलन सम्पन्न भएका प्रतिष्ठान सङ्ख्या**

| जिल्ला | छानिएका उद्योग प्रतिष्ठान संख्या | तथ्याङ्क सङ्कलन सम्पन्न भएका प्रतिष्ठान संख्या | प्रगति (प्रतिशतमा) |
|---|---|---|---|
| भक्तपुर | १० | ७ | ७० |
| धादिङ | १ | ० | ० |
| काठमाडौँ | ४४ | ३३ | ७५ |
| ललितपुर | १३ | ६ | ४६ |
| **जम्मा** | **६८** | **४५** | **६६** |

**छानिएका कतिपय प्रतिष्ठानहरू बन्द हुनु, केही प्रतिष्ठानले उत्पादनको प्रकृति परिवर्तन गर्नु, कार्यालयबाट खटिएको कर्मचारीको सम्पर्क, ताकेता तथा पत्राचार उपर उद्योगबाट कुनै प्रतिक्रिया नहुनु वा ढिलो जवाफ आउनु, कार्यालयको कर्मचारी तथा उद्योगको सम्पर्क व्यक्ति दुवैले आपसी समय व्यवस्थापन गर्न नसक्नु र संस्थागत सञ्चार तथा समन्वयसँग सम्बन्धित कमी कमजोरीहरू, आदिको कारण बाँकी उद्योग प्रतिष्ठानहरूबाट नियमितरूपमा तथ्याङ्क प्राप्त हुन नसकेको हो।**

**छानिएका उद्योगहरू मध्ये काठमाडौँका ५, ललितपुरका ५ र भक्तपुरका ३ उद्योग गरी जम्मा १३ ओटा निम्न उद्योगहरू हाल बन्द अवस्थामा रहेका छन् :-**

**तालिका नं.४.४ : हाल बन्द अवस्थामा रहेका प्रतिष्ठानहरू**

| क्र.सं. | जिल्ला | प्रतिष्ठानको नाम | NSIC |
|---|---|---|---|
| १ | भक्तपुर | न्यु कान्तिपुर दाना उद्योग | १०८० |
| २ | भक्तपुर | नोपो क्याप गार्मेन्ट प्रा.ली. | १४१० |
| ३ | भक्तपुर | सिलवाल कार्पेट उद्योग | १३९३ |
| ४ | काठमाडौँ | अल्ट्रा ग्राफिक्स प्रिन्टिङ प्रेस प्रा.ली. | १८११ |
| ५ | काठमाडौँ | तिब्बत कार्पेट | १३९३ |
| ६ | काठमाडौँ | ट्रान्स ट्रिप गार्मेन्ट उद्योग प्रा.ली. | १४१० |
| ७ | काठमाडौँ | भ्याली फिड इन्डष्ट्रिज | १०८० |
| ८ | काठमाडौँ | इग्टन प्रिन्टर्स | १८११ |
| ९ | ललितपुर | नेपाल स्टार फेसन इम्मेक्स प्रा.ली. | १४११ |
| १० | ललितपुर | पञ्चकन्या कङ्क्रिट प्रिमिक्स प्रा.ली. | २३९५ |
| ११ | ललितपुर | श्री महाबौद्ध कार्पेट उद्योग | १३९३ |
| १२ | ललितपुर | श्री टेक्सटायल प्रा.ली. | १३१२ |
| १३ | ललितपुर | शर्मा एपरियलस | १४१० |

**काठमाडौँ जिल्लाका निम्न प्रतिष्ठानहरू फेला नपरेका तथा प्रमुख उत्पादित वस्तु परिवर्तन भएका उद्योगहरू थिए।**

**तालिका नं.४.५ : छानिएका मध्ये उत्पादित वस्तु परिवर्तन भएका प्रतिष्ठानहरू**

| क्र.सं. | जिल्ला | उद्योगको नाम | ISIC | कैफियत |
|---|---|---|---|---|
| १ | काठमाडौँ | विद्या एपरियलस प्रा.ली. | १४१० | उत्पादित वस्तुहरू परिवर्तन |
| २ | काठमाडौँ | हिमालयन डेकोर रग्स | १३९३ | फेला नपरेको |

**आ.व. २०८१/८२ मा काठमाडौँ जिल्लाका ४ ओटा र ललितपुर जिल्लाका २ ओटा प्रतिष्ठानबाट तथ्याङ्क प्राप्त हुन सकेको थिएन।**

करिब २० प्रतिसत उद्योग प्रतिष्ठानहरू धेरै समय अगाडिदेखि बन्द भैसकेको तर तिनीहरूलाई प्रतिस्थापन गर्न नसक्नु, केही उद्योग प्रतिष्ठानबाट निरन्तर नन् रेस्पोन्स रहनु, उद्योग प्रतिष्ठानहरूको व्यवस्थापकीय कमजोरीका कारण समयमै तथ्याङ्क उपलब्ध नहुनु, तथ्याङ्क समन्वय कार्यालयमा जनशक्ति एवम् स्रोत साधन सीमित हुनु र सरोकारवाला उद्योगहरूमा तथ्याङ्कीय साक्षरताको कमी हुनु मूल्य तथ्याङ्कको स्थलगत कार्य गर्दाको व्यवहारिक समस्या हुन्।

बन्द उद्योग प्रतिस्थापन गर्ने, आधार वर्ष परिवर्तन गर्ने, नियमित रुपमा तथ्याङ्क प्राप्त नभएका उद्योग प्रतिष्ठानमा कार्यालयको उच्च तहबाट विशेष अनुगमन तथा प्रत्यक्ष भेटघाट गर्ने, सम्बन्धित सरकारी तथा निजी संघसंस्थासँग नियमितरूपमा समन्वय बैठक सञ्चालन गर्ने, तथ्याङ्क सङ्कलन प्रक्रियामा डिजिटल प्रणालीको प्रयोग विस्तार गर्ने, तथ्याङ्क सङ्कलन कार्यका लागि तथ्याङ्क समन्वय कार्यालयको जनशक्तिको क्षमता अभिवृद्धि तथा स्रोत साधन स्तरोन्नति गर्ने र तथ्याङ्क सङ्कलन प्रक्रियालाई समयमै सम्पन्न गर्न तथा गुणस्तरीय बनाउन रेडियो तथा टेलिभिजन कार्यक्रमहरू मार्फत पर्याप्त प्रचार प्रसार गर्ने हो भने आगामी आर्थिक वर्षमा शतप्रतिशत प्रतिष्ठानबाट तथ्याङ्क सङ्कलन गर्न सक्ने अपेक्ष गर्न सकिन्छ।

## ४.४ निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क

निर्माण क्षेत्रमा प्रयोग हुने निर्माण सामग्रीहरूको खुद्रा मूल्यमा हुने त्रैमासिक तथा वार्षिक परिवर्तनको बारेमा जानकारी गराउने उद्देश्यले राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा निर्मांण क्षेत्रको लागत मूल्य सूचकाङ्कको निर्माण गरिएको हो । विगतमा २०४१/४२ लाई आधार वर्ष लिएर निर्माण गरिएको यस सूचकाङ्कमा निर्माण सामग्रीहरू जस्तै: चिरान काठ, सिमेन्ट, ईट्टा, फलामे छड आदिको ज्यालादर समावेश गरिएको थियो। निर्माण सामग्रीहरूको मूल्य सूचकाङ्क  र निर्माणक्षेत्रको ज्याला सूचकाङ्क को संयुक्त सूचकाङ्कको रूपमा निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क निर्माण गरिएको हो। उपयोगकर्ताको माग र सुझावअनुसार आ.व. २०५७/५८ देखि यो सूचकाङ्क त्रैमासिक रूपमा निर्माण गर्न शुरू गरिएको हो । त्रैमासिक सूचकाङ्कहरू बिन्दुगत प्रणालीमा आधारित भएकोले वर्तमान त्रैमासिक

सूचकाङ्क अघिल्लो वर्षको सोही त्रैमासिकको मूल्यसंग तुलना गरी निर्माण गरिएको हुन्छ। बदलिंदो समयको माग अनुसार आ.व. २०६३/६४ लाई आधार वर्ष मानेर बिन्दुगत नभई श्रेणीगत हिसाबले त्रैमासिक रूपमा सूचकाङ्क निर्माण शुरू गरि आधार वर्षको मूल्यसङ्ग तुलनायोग्य बनाइएको छ।

निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क तयार गर्नका लागि कार्यालयले प्रत्येक त्रैमासिकमा नियमितरूपमा निर्माण सामग्रीहरूको खुद्रा मूल्य (बजार मूल्य) तथा निर्माण काममा संलग्न कामदारहरूको ज्यालादर सम्बन्धी विवरणहरू ७ ओटा बजारकेन्द्रका व्यापारिक प्रतिष्ठानबाट तथ्याङ्क सङ्कलन गरि तोकिएको समयमै राष्ट्रिय तथ्याङ्क कार्यालयमा सफ्ट कपी पठाउने गरिन्छ।

मूल्य सङ्कलनका लागि छनौट गरिएका सामग्रीहरूमा ईट्टा, ढुँगा, छड, काठ, रङ्ग, सिमेन्ट, विद्युतीय सामग्री, आदि २४ किसिमका निर्माण सामग्रीहरू छन्।

यसैगरी निर्माण काममा संलग्न कामदारमा इन्जिनियर, सुपरभाइजर, डकर्मी, सिकर्मी, पेन्टर जस्ता ८ किसिमका कामदारहरूको ज्यालादर सङ्कलन गरिन्छ।

## ४.५ कृषिजन्य वस्तुहरूको मूल्य सूचकाङ्क

कृषि क्षेत्रले मुलुकको आर्थिक क्षेत्रमा वार्षिक रूपमा पुर्याएको योगदान महत्वपूर्ण रहि आएको छ। कृषि क्षेत्रको योगदानको अनुमान गर्न उत्पादित कृषि वस्तुहरूको उत्पादन भएको समयको मूल्य नितान्त आवश्यक हुन्छ। कृषिजन्य वस्तुहरूको उत्पादनको आवधिक एवम् स्थान विषेशको मूल्यले राष्ट्रिय आयको अनुमान गर्न मात्र सहयोग नगरी बजारमा माग र आपूर्तिको व्यवस्थापन गर्न समेत ठूलो मद्दत गर्दछ। यसको साथ साथै कृषिक्षेत्रको नीति तथा कार्यक्रम तजुर्मा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्न पनि कृषि वस्तुहरूको आवधिक एवम् स्थान विशेषको मूल्य अपरिहार्य हुन्छ। आ.व. २०६५/६६ देखि साविकको केन्द्रीय तथ्याङ्कबाट प्रमुख कृषि तथा पशुपंक्षी उत्पादनको मूल्य सङ्कलन कार्यक्रम सञ्चालन हुँदै आएको थियो। आ.व. २०६६/६७ दखि मूल्य तथ्याङ्क शाखाले सो कार्यलाई निरन्तरता दिदै आई रहेको छ। तथ्याङ्क समन्वय कार्यालयहरूबाट प्रमुख कृषि तथा पशुपंक्षीबाट उत्पादित वस्तुहरूको मूल्य त्रैमासिकरूपमा सङ्कलन गरि राष्ट्रिय तथ्याङ्क कार्यालयको

मूल्य तथ्याङ्क  शाखामा सफ्टकपी पठाउने गरिन्छ । कृषि सम्बन्धी मूल्य तथ्याङ्क  सङ्कलन गर्नको लागि तथ्याङ्क  कार्यालयले ५ जना अगुवा कृषकहरूको छनौट गरेको छ । छानिएका कृषकहरूबाट प्रत्येक त्रैमासिकको अन्तिम महिनामा चालु त्रैमासिकको प्रत्येक महिनाको उत्पादित वस्तुहरूको स्थलगत मूल्य सङ्कलन गरि राष्ट्रिय तथ्याङ्क  कार्यालयममा  पठाइन्छ ।

## ४.६ व्यावसायिक कुखुरापालन सर्वेक्षण

नेपालमा रहेका कुखुरापालन व्यवसायको अवस्था, बनोट, प्रकृतिको बारेमा सूचना उपलब्ध गराउने, मासु अण्डा तथा चल्ला उत्पादन परिणामको अनुमान गर्न यस क्षेत्रमा सिर्जित रोजगारी तथा राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याएको योगदान अनुमान गर्न राष्ट्रिय तथ्याङ्क कार्यालयले पठाएको सर्वेक्षणको क्षेत्र तथा मापदण्ड र बजेटको परिधीभित्र रहेर व्यवसायीहरूको सूची सङ्कलन तथा नमूना छनौटमा परेका व्यवसायीहरू मुख्य प्रश्नावली विवरणमा भएका विवरण सङ्कलन गरी कृषि तथा पशुपंछी गणना शाखामा पठाईएको थियो ।

## ४.७ आन्तरिक पर्यटन सर्वेक्षण

देशभित्रै नागरिकहरूको सामाजिक साँस्कृतिक,आर्थिक,पेशागत,धर्मिक,मनोरन्जन लागायतका विभिन्न उद्धेश्य सहित गारिने आवागमन र खर्चले नेपालको अर्थतन्त्रमा पुऱ्याउने योगदान अनुमान गर्ने उद्देश्यले आन्तरिक पर्यटन सर्वेक्षण गरिएको हो। यात्रा र यात्रीहरूको बिशेषता बारेका विवरण सङ्कलन गर्नु, एकदिने यात्राको विवरण सङ्कलन गर्नु, आन्तरिक पर्यटनसँग सम्बन्धित खर्चको विवरण सङ्कलन गर्नु, नेपालका बासिन्दाहरूको वैदेशिक पर्यटकीय भ्रमणसम्बन्धी विवरण सङ्कलन गर्नु, अर्थतन्त्रमा आनतरिक पर्यटनको योगदानको अनुमान गर्नु, र  अन्तर्राष्ट्रियस्तरमा तुलनायोग्य आन्तरिक पर्यटन तथ्याङ्क उत्पादन गर्नु यस सर्वेक्षणका प्रमुख उद्देश्य हुन्।

राष्ट्रिय तथ्याङ्क कार्यालयले २०८१ भदौ २६ गतेदेखि २९ गतेसम्म राष्ट्रिय तथ्याङ्क कार्यालयलको तालिम शाखा मार्फत तालिम सञ्चालन गरि १७ वटा तथ्याङ्क समन्वय कार्यालयबाट देशभर जम्मा ४ सय ४४ ओटा प्राथमिक नमुना एकाईमा फिल्ड कार्य सञ्चालन गरिएकोमा तथ्याङ्क समन्वय कार्यालय,

काठमाण्डौंको कार्य क्षेत्र भित्र जम्मा ४९ ओटा प्राथमिक नमुना एकाई छनौट गरि आन्तरिक पर्यटन सर्वेक्षण, २०८१ सञ्चालन गरिएको थियो। २०८१ कार्तिकदेखि फिल्ड कार्य शुरू भएको यस सर्वेक्षणमा यस कार्यालयबाट सुपरिवेक्षकत्रय भवानी तण्डुकार, किरण विष्ट, विष्णु देवी शर्मा, र गणक केशव प्रसाद लामिछाने गरी ४ जना कर्मचारी खटिनु भएको थियो।

यो सर्वेक्षण गणकद्धारा अन्तरर्वार्तामा आधारित प्रश्नावली सहित CAPI प्रविधिवाट सङ्कलित सर्वेक्षण थियो। यस सर्वेक्षणको स्थलगत तथ्याङ्क सङ्कलनको पहिलो चरणमा छानिएका PSU का सबै घरपरिवारमा गई सुचीकरण गरेर आन्तरिक भ्रमण गरे नगरेको गरेको, गरेको भए कुन उद्धेश्यमा गरेको भनी सोधिएको थियो। त्यसपछि आन्तरिक भ्रमण गरेका पारिवार मध्ये १२ घरपरिवार छनौट गरी मुख्य प्रश्नावली भरिएको थियो।

राष्ट्रिय तथ्याङ्क कार्यालयले तथ्याङ्क समन्वय कार्यालय, काठमाण्डौं लाई दिएको जिम्मेवारी अन्तर्गत काठमाडौं, भक्तपुर, ललितपुर, धादिङ्ग, र नुवाकोट गरी ५ जिल्लावाट छनौटमा परेका गा.पा./न.पा. का तोकिएका जम्मा PSU ४९ वटा थिए। जसमध्ये, काठमाण्डौं जिल्ला-३०, भक्तपुर जिल्ला-४, ललितपुर जिल्ला-३, धादिङ्ग जिल्ला-७ र नुवाकोट जिल्लामा ५ PSU रहेका थिए।

यस सर्वेक्षणलाई ४ वटा सिजनमा विभाजन गरिएको हुनाले यस कार्यालयको कार्यक्षेत्रभित्र छनौटमा परेका ४९ PSU मध्ये आ.व.२०८१।८२ को कार्तिक महिनादेखि पुष महिनासम्म दोस्रो सिजनमा १३ PSU, माघदेखि चैत्रसम्म तेस्रो सिजनमा १० PSU र चौँथो सिजनका बैशाखदेखि असारसम्म १० वटा गरी जम्मा ३३ PSU को स्थलगत कार्य सम्पन्न गरिएको थियो। बाँकी १६ ओटा PSU को काम आ.व.२०८२।८३ को साउनदेखि मंसिरसम्ममा सम्पन्न गरिएको थियो। आ.व.२०८१।८२ मा सम्पन्न गरिएका PSU हरूको विस्तृत विवरण देहायको तालिकामा पस्तुत गरिएको छ:-

**तालिका नं.४.६ : आन्तरिक पर्यटन सर्वेक्षण, २०८१/८२ मा सम्पन्न भएका गणना क्षेत्रहरू**

| क्र. सं. | जिल्ला | स्थानीय तह | वार्ड नं. | गणना क्षेत्र | महिना | खटिएका कर्मचारी |
|---|---|---|---|---|---|---|
| १ | धादिङ | थाक्रे | ७ | ४ | कार्तिक | भवानी, साधना |
| २ | नुवाकोट | ककनी | २ | १ | कार्तिक | भवानी, विष्णु, नरदेवी |
| ३ | भक्तपुर | सूर्यविनायक | ५ | १५ | कार्तिक | नरदेवी, केशव, लक्ष्मी |
| ४ | काठमाडौँ | काठमाडौँ | ४ | ३८ | कार्तिक | भवानी, किरण |
| ५ | नुवाकोट | सूर्यगढी | ५ | ३ | मंसिर | किरण, केशव |
| ६ | काठमाडौँ | कागेश्वरी मनहरा | ८ | ४ | मंसिर | किरण, भवानी |
| ७ | काठमाडौँ | काठमाडौँ | १६ | ५३ | मंसिर | किरण, भवानी |
| ८ | ललितपुर | ललितपुर | १ | १२ | मंसिर | केशव, विष्णु |
| ९ | नुवाकोट | तारेकेश्वर | ४ | ३ | पुष | किरण, केशव |
| १० | धादिङ | निलकण्ठ | ९ | ३ | पुष | भवानी, विष्णु |
| ११ | काठमाडौँ | गोकर्णेश्वर | ३ | ६ | पुष | किरण, केशव |
| १२ | काठमाडौँ | काठमाडौँ | ३१ | ८७ | पुष | भवानी, विष्णु |
| १३ | ललितपुर | कोन्जयोसोम | १ | १ | पुष | भवानी, विष्णु |
| १४ | धादिङ | रूबीभ्याली | ६ | २ | माघ | किरण, केशव |
| १५ | काठमाडौँ | नागार्जुन | ७ | ४ | माघ | भवानी, विष्णु |
| १६ | काठमाडौँ | काठमाडौँ | २३ | ३ | माघ | भवानी, विष्णु |
| १७ | भक्तपुर | मध्यपुर ठिमी | १ | १३ | माघ | किरण, केशव |
| १८ | काठमाडौँ | बुढानिलकण्ठ | १२ | ८ | फागुन | किरण, केशव |
| १९ | काठमाडौँ | काठमाडौँ | ९ | २१ | फागुन | भवानी, विष्णु, किरण |
| २० | काठमाडौँ | चन्द्रागिरी | १ | ४ | फागुन | भवानी, विष्णु |
| २१ | काठमाडौँ | टोखा | ८ | २० | चैत्र | किरण, केशव |
| २२ | काठमाडौँ | काठमाडौँ | १८ | ६ | चैत्र | भवानी, विष्णु |
| २३ | काठमाडौँ | चन्द्रागिरी | ५ | २ | चैत्र | भवानी, विष्णु |
| २४ | धादिङ | थाक्रे | २ | २ | बैशाख | भवानी, विष्णु |
| २५ | काठमाडौँ | काठमाडौँ | ३ | १८ | बैशाख | भवानी, विष्णु |
| २६ | काठमाडौँ | काठमाडौँ | ३२ | ८० | बैशाख | किरण, केशव |
| २७ | नुवाकोट | किसपाङ | ५ | ५ | जेठ | किरण, केशव |
| २८ | काठमाडौँ | काठमाडौँ | १७ | ८ | जेठ | भवानी, विष्णु |
| २९ | काठमाडौँ | किर्तिपुर | ४ | ३ | जेठ | भवानी, विष्णु, किरण, केशव |
| ३० | धादिङ | बेनिघाट रोराङ | २ | ५ | असार | किरण, केशव |
| ३१ | काठमाडौँ | शंखरापुर | ६ | ३ | असार | भवानी, विष्णु |
| ३२ | काठमाडौँ | काठमाडौँ | ३१ | ९३ | असार | भवानी, विष्णु |
| ३३ | भक्तपुर | सूर्यविनायक | ३ | ६ | असार | किरण, केशव |

## ४.८ निजी शैक्षिक संस्था सर्वेक्षण

देशभर सञ्चालनमा रहेका निजी शिक्षण प्रतिष्ठानहरूको विवरण सङ्कलन, प्रशोधन, विश्लेषण, प्रकाशन तथा वितरण गर्ने र अर्थतन्त्रमा यस क्षेत्रले पुऱ्याएको योगदान मापन गर्ने उद्देश्यका लागि आवश्यक तथ्याङ्क उपलव्ध गराउन यस कार्यालयको कार्यक्षेत्र भित्र नमुना छनोटमा परेका देहायको तालिकामा उल्लेख भएका मध्ये काठमाडौँ जिल्लाका बाहेकका जम्मा ३ सय ६९ ओटा शैक्षिक प्रतिष्ठानहरूबाट स्थलगत तथ्याङ्क सङ्कलन गरिएको थियो। काठमाडौँ जिल्लामा छानिएका ६ सय ९३ ओटा प्रतिष्ठानहरूको तथ्याङ्क सङ्कलन कार्य राष्ट्रिय तथ्याङ्क कार्यालयबाटै ६ जना करारका कर्मचारीहरू मार्फत सम्पन्न गरिएको थियो।

भक्तपुर जिल्लाका ९८ ओटा प्रतिष्ठानबाट सुपरीवेक्षकद्धय नरदेवी काफ्ले र वन्दना पौड्यालले विवरण सङ्कलन गर्नु भएको थियो भने नुवाकोट जिल्लामा छानिएका २४ ओटा प्रतिष्ठानको प्रश्नावली सुपरीवेक्षक डमरू चन्दले र रसुवा तथा धादिङ जिल्लाका जम्मा ३२ ओटा शैक्षिक प्रतिष्ठानको तथ्याङ्क सङ्कलन कार्य गणक तिर्थ बडुवालले सम्पन्न गर्नु भएको थियो।

ललितपुर जिल्लाभित्र छनौटमा परेका निजी विद्यालय तथा कलेजहरूको तथ्याङ्क सङ्कलन गर्नको लागि यस कार्यालयमा २ जना महिला सहित जम्मा ३ जना कर्मचारीहरू करारमा लिएर परिचालन गरिएको थियो।

**तालिका नं.४.७ :- निजी शैक्षिक संस्था सर्वेक्षण, २०८१/८२ मा छानिएका प्रतिष्ठानहरूको सङ्ख्या**

| NSIC | भक्तपुर | धादिङ | काठमाडौँ | ललितपुर | नुवाकोट | रसुवा | जम्मा |
|---|---|---|---|---|---|---|---|
| ८५१० | ४१ | ३ | १४७ | ६६ | २ | २ | २६१ |
| ८५२१ | २४ | ६ | १६१ | ४२ | ४ | २ | २३९ |
| ८५२२ | ६ | १ | ४८ | १९ | ० | ० | ७४ |
| ८५३० | २७ | १५ | ३३७ | ८८ | १८ | ३ | ४८८ |
| **जम्मा** | **९८** | **२५** | **६९३** | **२१५** | **२४** | **७** | **१०६२** |

## ४.९ राष्ट्रिय तथ्यगत विवरण

राष्ट्रिय तथ्यगत विवरण नेपालको भौगोलिक, प्राकृतिक, आर्थिक, सामाजिक, वातावरणीय तथा अन्य विविध पक्षहरूको चित्रण हुने गरी तथ्याङ्क तथा सूचनाहरू सङ्ग्रह एवम् प्रवाह गर्ने अनलाइनमा आधारित एउटा डाटा पोर्टल हो। यसमा सङ्घ, प्रदेश तथा स्थानीय तहका विभिन्न निकायबाट उत्पादित तथ्याङ्क रहन्छन्।

नेपालको भूगोल, प्रकृति, स्रोतसाधन, क्षमता र सम्भावनासम्बन्धी विभिन्न सरकारी निकायहरूबाट उत्पादित केन्द्र, प्रदेश र स्थानीयस्तरका सूचना तथा तथ्याङ्कलाई सूचना प्रविधिको उपयोग गरी एकीकृत र वितरण गर्ने प्रयोजनका लागि अनलाइन पोर्टल तयार गर्नु राष्ट्रिय तथ्यगत विवरणको प्रमुख उद्देश्य हो। यसका अन्य उद्देश्यहरू निम्न छन् :-

- नीति निर्माण, निर्णय प्रक्रिया तथा अनुगमन/मूल्याङ्कन कार्यमा सरोकारवालालाई तथ्याङ्कको सहज आपूर्ति गराउनु,
- तथ्याङ्क व्यवस्थापनमा एकीकृत प्रणाली स्थापना गर्न सहयोग पुऱ्याउनु,
- आधिकारिक तथ्याङ्क प्रणालीको विकासमा सहयोग पुऱ्याउनु,
- सङ्घ, प्रदेश र स्थानिय तहको तथ्याङ्कीय क्षमता अभिवृद्धि गर्नु,
- विभिन्न निकायबाट सञ्चालित तथ्याङ्कीय क्रियाकलापमा दोहोरोपना हटाउँदै उत्पादित तथ्याङ्कमा एकरूपता कायम गर्नु,
- तथ्याङ्कीय समन्वय कायम गर्नु तथा सहज रूपमा तथ्याङ्कीय वितरण प्रणाली कायम गर्नु।

राष्ट्रिय तथ्यगत विवरणमा राष्ट्रिय तथ्याङ्क परिषदबाट अनुमोदित  तालिका नं. ४.९ मा उल्लेख भए बमोजिम ७ विषय र ४८ क्षेत्रका जम्मा ६१८ ओटा सूचकहरू समावेश गरिएको छ :-

**तालिका नं. ४.८: राष्ट्रिय तथ्यगत विवरणमा समेटिएका क्षेत्रगत सूचकहरू**

| विषय | क्षेत्र | तथ्याङ्को प्रकार | सूचक |
|---|---|---|---|
| भूगोल र प्रकृति | २ | ७ | ३४ |
| साधनस्रोत | ६ | ५८ | ८६ |
| क्षमता | १५ | ८४ | २२९ |
| विकास सम्भावना | १ | - | - |
| दिगो विकास | १६ | १८ | २३१ |
| अन्य | ८ | २० | ३८ |
| जम्मा | ४८ | १८७ | ६१८ |

आ.व.२०७५/७६ को नेपाल सरकारको नीति तथा कार्यक्रममा समावेश भएको "राष्ट्रिय तथ्यगत विवरण" कार्यक्रम २०७६ बैशाख १५ गतेदेखि सुभारम्भ भएको थियो ।

आ.व.२०८१/८२ मा यस कार्यालयबाट रसुवा, नुवाकोट र धादिङ जिल्लाका सबै पालिकाहरूमा कार्यरत आई.टी. अफिसर वा योजना शाखा प्रमुखसँग प्रत्यक्ष भेटघाट गरी राष्ट्रिय तथ्यगत विवरण पोर्टलको युजर नेम र पासवर्ड रिसेट गर्नुका साथै सो पोर्टलमा तथ्याङ्क प्रविष्टि गर्ने विधि र प्रक्रियाको बारेमा अभिमुखीकरण गर्न नुवाकोट र धादिङ जिल्लामा कार्यशाला सञ्चालन गरिएको थियो।

## ४.१० तथ्याङ्कीय साक्षरता कार्यक्रम

**तथ्याङ्कका विधि तथा सिद्धान्त र तथ्याङ्कीय सूचकहरूको आङ्कडा तथा प्रस्तुती पढन, लेख्न, बुझ्न, व्याख्या गर्न र सञ्चार गर्न सक्ने क्षमतालाई तथ्याङ्कीय साक्षरता भनिन्छ भने डिजिटल माध्यमबाट सूचना प्राप्त गर्ने, बुझ्ने, उत्पादन गर्ने, सञ्चार गर्ने जस्ता विविध क्रियाकलापलाई डिजिटल साक्षरता भनिन्छ।**

*तथ्याङ्कीय साक्षरताको परिभाषा*

*"तथ्याङ्कीय साक्षरता भनेको हाम्रो दैनिक जीवनमा व्याप्त तथ्याङ्कीय नतिजाहरूलाई बुझ्ने र आलोचनात्मक रूपमा मूल्याङ्कन गर्ने क्षमता हो। तथ्याङ्कीय सोचले सार्वजनिक र निजी, व्यावसायिक र व्यक्तिगत निर्णयहरूमा गर्न सक्ने योगदानहरूको कदर गर्ने क्षमता राख्दछ।" - Wallman, 1993.*

*"तथ्याङ्कीय साक्षरतालाई ट्रान्सनुमरेटिभ सोच (Transnumerative Thinking) को रूपमा हेर्न सकिन्छ। यसको अर्थ, अध्येताहरूले तथ्याङ्कको विविध पक्षको प्रयोग गरी वास्तविक संसारको अर्थ बताउन सक्षम हुनेछन् भन्ने हो।" – Chick, Pfannkuch, and Watson, 2005.*

*"तथ्याङ्कीय साक्षरताले तथ्याङ्कको आधारभूत भाषा र उपकरणहरू बुझ्ने र प्रयोग गर्ने क्षमता बुझाउँछ। अर्को अर्थमा आधारभूत तथ्याङ्कीय अवधारणाहरूको अर्थ के हो भनेर जान्नु, साधारण तथ्याङ्कीय सङ्केतहरूको प्रयोग बुझ्ने र पहिचान गर्ने तथा तथ्याङ्कको विभिन्न प्रस्तुतिको व्याख्या गर्न सक्षम हुनु नै तथ्याङ्कीय साक्षरता हो।" – Garfield, delMas, and Zieffler, 2010.*

*"तथ्याङ्कीय सूचना तथा तथ्याङ्क सम्बन्धी तर्कहरू व्याख्या गर्ने र आलोचनात्मक रूपमा मूल्याङ्कन गर्ने मानिसहरूको क्षमतालाई तथ्याङ्कीय साक्षरता भनिन्छ।" – Gal, 2004.*

*तथ्याङ्कीय रूपमा साक्षर हुन गणितको ज्ञान, तथ्याङ्कको ज्ञान, सन्दर्भको ज्ञान, साक्षरता कौशल र आलोचनात्मक प्रश्न गरी पाँच क्षेत्रमा ज्ञान एवम् कौशल हासिल गरेको हुनुपर्दछ।*

**संक्षेपमा, तथ्याङ्कीय साक्षरता भनेको तथ्याङ्क बुझ्ने र तर्क गर्ने क्षमता हो। यस्तो क्षमता तथ्याङ्कसँग सम्बन्धित सबै सरोकारवालाहरूसँग भएमा मात्र तथ्याङ्कको सही उत्पादन तथा प्रयोग भई प्रमाणमा आधारित निर्णय प्रक्रियाको पूर्ण प्रयोग हुन्छ र प्रमाणकै आधारमा नीति, योजना तथा कार्यक्रमहरू तय भई जनताको अधिकतम हित हुन सक्दछ। तसर्थ तथ्याङ्कीय रूपले साक्षर हुनका लागि तथ्याङ्क बोध गर्ने क्षमता** (Data Awarness), **तथ्याङ्कीय अवधारणाहरू बुझ्ने क्षमता** (Ability to understand statistical concepts), **तथ्याङ्कीय जानकारीको विश्लेषण, व्याख्या र मूल्याङ्कन गर्ने क्षमता** (The ability to analyse, interpret and evaluate statistical information), **तथ्याङ्कीय जानकारी तथा बुझाई सञ्चार गर्ने क्षमता** (The ability to communicate statistical information and understandings) **भएको हुनुपर्दछ।**

**तथ्याङ्कका सरोकारवालाहरूबीच तथ्याङ्कको लोकप्रियता बढ्दै गइरहेको भए पनि गैरतथ्याङ्कीय पृष्ठभूमिका सरोकारवाला तथा कर्मचारीहरूमा तथ्याङ्कका आधारभूत विषयहरूको बुझाईमा वैज्ञानिकता तथा एकरूपता नभएकोले तथ्याङ्कीय अवधारणा, आधारभूत सिद्धान्त र विधिहरूबारे जानकारी गराउँदै तथ्याङ्कीय ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्ने उद्देश्यले तथ्याङ्क समन्वय कार्यालय, काठमाडौँबाट आ.व.२०८१/८२ मा बागमती गाउँपालिका, ललितपुर, विदुर नगरपालिका, नुवाकोट र निलकण्ठ नगरपालिका, धादिङमा तथ्याङ्कीय साक्षरता तथा स्थानीय तहको तथ्याङ्कीय क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिएको थियो।**

## ४.११ अन्तर्राष्ट्रिय तुलना कार्यक्रम सम्बन्धी मूल्य तथ्याङ्क सङ्कलन

अन्तर्राष्ट्रियस्तरमा वास्तविक कुल गार्हस्थ्य उत्पादन, उत्पादन क्रयशक्ति समता र मूल्य तह सूचकाङ्क मापनको लागि १७० भन्दा बढी देशहरूमा एकैपटक सञ्चालन हुने संसारकै सबैभन्दा ठूलो तथ्याङ्कीय कार्यक्रम अन्तर्राष्ट्रिय तुलना कार्यक्रम हो। नेपाल सन् २००५ देखि यस कार्यक्रममा सहभागी भई विभिन्न मूल्य सर्वेक्षणहरू गर्दै आएको छ।

क्रयशक्ति समता मापनको लागि सञ्चालित अन्तर्राष्ट्रिय तुलना कार्यक्रम अन्तर्गत तथ्याङ्क समन्वय कार्यालय, काठमाडौँले घरायसी उपभोग्य वस्तु तथा सेवाको लागि मासिक, त्रैमासिक तथा अर्धवार्षिक रूपमा तथ्याङ्क सङ्कलन कार्य गर्दछ। तथ्याङ्क समन्वय कार्यालयको कार्यक्षेत्रभित्र रहेका विभिन्न डिपार्टमेन्टल स्टोरबाट आ.व.२०८१/८२ मा ७५९ वस्तुको मूल्य सङ्कलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको मूल्य तथ्याङ्क शाखामा पठाइएको थियो ।

## ४.१२ राष्ट्रिय लेखा आधार वर्ष परिवर्तन सम्बन्धी अध्ययन

मुलुकको समग्र विकासका लागि आर्थिक तथा सामाजिक नीति निर्माण गर्न समष्टिगत आर्थिक परिसूचकहरू आवश्यक हुन्छ । राष्ट्रिय लेखा प्रणालीको विकाससँगै परिमार्जन भएका अवधारणा, विधि, मार्गनिर्देश र वर्गीकरणलाई पूर्णरूपमा लागू गर्न तथा अर्थतन्त्रमा आएको परिवर्तनलाई समयसापेक्ष ढङ्गले मापन गर्न समय समयमा आधार वर्ष परिवर्तन र बेन्चमार्किङ गर्ने गरिन्छ। राष्ट्रिय लेखा अनुमानको आधार वर्ष परिवर्तन र बेन्चमार्किङ राष्ट्रिय लेखा तथ्याङ्कको गुणस्तर सुधार गर्ने एक प्रमुख आधार हो। नेपालमा समय समयमा आधार वर्ष परिवर्तन र बेन्चमार्किङ गर्ने कार्य हुँदै आएको छ। पहिलोपट सन् १९६४/६५ बाट सन् १९७३/७४ मा, दोस्रो पटक सन् १९८३/८४ मा, तेस्रो पटक सन् १९९३/९४ मा, चौँथो पटक सन् २०००/०१ मा र पाँचौँ पटक सन् २०१०/११ मा आधार वर्ष परिवर्तन र बेन्चमार्किङ गरिएको थियो।

यसपटक राष्ट्रिय तथ्याङ्क  कार्यालयले सन् २०२०/२१ लाई नयाँ आधार वर्ष मानेर राष्ट्रिय लेखाका अनुमानहरूको आधार वर्ष परिवर्तन र बेन्चमार्किङ गर्न पूर्व तयारीका कार्यहरू  शुरू गरेको छ। यसका लागि अर्थतन्त्रका सम्पूर्ण आर्थिक क्रियाकलापहरूसङ्ग सम्बन्धित उत्पादन, आम्दानी, खर्च लगायत रोजगार सम्बन्धी विवरणहरू अत्यावश्यक  हुन्छ । यस क्रममा ४० ओटा विषयक्षेत्रमा विस्तृत अध्ययन तथा सर्वेक्षण गर्नुपर्ने आवश्यकता पहिचान गरिएको छ। यही सन्दर्भमा आ.व.२०८१/८२ मा राष्ट्रिय तथ्याङ्क कार्यालयले उपलब्ध गराए बमोजिमको ढाँचामा यस कार्यालयले आफ्नो कार्यक्षेत्रका जिल्लामा निम्न ३ विषयका अध्ययन गर्न सहकार्य गरेको थियो :-

- बागवानी नर्सरी अध्ययन,
- लेखापरीक्षण फर्म अध्ययन, र
- रोग निदान केन्द्रहरूको अध्ययन

## ४.१३ गणना क्षेत्र नक्साङ्कन कार्य

आ.व.२०८१/८२ मा रसुवा जिल्लाका आमाच्छोदिङ्ग र गोसाईकुण्ड गाँउपालिकाका सबै वडाको गणना क्षेत्र नक्साङ्कन कार्यमा आवश्यक पर्ने तथ्यांङ्क सङ्कलन तथा डिजिटाइजेसन समयमै सम्पन्न गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाइएको थियो ।

## ४.१४ आर्थिक गणना विषयक सरोकारवाला गोष्ठी

२०८२ जेठ महिनामा राष्ट्रिय तथ्याङ्क कार्यालय, थापाथलीको तालिम हलमा आर्थिक गणनासँग सम्बन्धित सरोकारवालाहरूसँग अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको थियो। सो कार्यक्रममा आर्थिक गणना शाखाका निर्देशक  डा. वेद प्रसाद ढकालले २०८२ चैत्र महिनादेखि सञ्चालन हुने गरी प्रस्ताव गरिएको दोस्रो आर्थिक गणनाको सम्बन्धमा प्रस्तुती गर्नु भएको थियो। सो कार्यक्रममा काठमाडौँ र ललितपुर जिल्लाका विभिन्न सरकारी कार्यालयका प्रतिनिधिहरूका अतिरिक्त उद्योग तथा वाणिज्य क्षेत्रका महासंघ, परिसंघ र अन्य संघ संस्थाहरूको प्रतिनिधित्व रहेको थियो।

## ४.१५ जिल्लागत तथ्याङ्कीय झलक प्रकाशन

आ.व.२०८१/८२ मा यस कार्यालयको कार्यक्षेत्रमा पर्ने ६ ओटै जिल्लाको संक्षिप्त परिचय सहितको जनसाङ्ख्यिक सूचनाहरू समावेश भएको “जिल्लागत तथ्याङ्कीय झलक, २०८२” प्रकाशन गरिएको थियो। यस प्रकाशनको तयारीमा राष्ट्रिय तथ्याङ्क कार्यालयका निर्देशक लोक बहादुर खत्री र जिल्ला समन्वय समिति, काठमाडौंमा कार्यरत इन्जिनियर कृपा देवकोटाको पनि सहभागिता रहेको थियो।

## ४.१६ क्रियाकलापगत कर्मचारी खटनपटन

आ.व.२०८१/८२ मा यस कार्यालयमा कार्यरत तथा करारका कर्मचारीहरू सहभागी भएका मुख्य कार्यक्रम र खटिएको दिन सङ्ख्या तालिका नं. ४.१० मा प्रस्तुत गरिएको छ।

तालिका नं. ४.९ अनुसार आ.व.२०८१/८२ मा तथ्याङ्क समन्वय कार्यालयबाट ३० जना कर्मचारीहरू जम्मा २ हजार ९ सय ८१ दिन काजमा खटिएका थिए।

यस कार्यालयबाट आन्तरिक पर्यटन सर्वेक्षणको काम सम्पन्न गर्नको लागि विभिन्न दर्जाका १५ जना कर्मचारीहरु जम्मा ७ सय २१ दिन काजमा खटिएका थिए भने मूल्य तथ्याङ्कको कार्यमा २० जना र १९ जना कर्मचारीहरु क्रमश: ६ सय ५७ दिन र ४ सय ७८ दिन फिल्डमा खटिएका थिए।

निजी शैक्षिक सर्वेक्षण, नेपाल व्यावसायिक रजिष्टर र व्यावसायिक कुखुरापालन सर्वेक्षण सम्बन्धी कार्यक्रमको तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षणमा क्रमश: ३ सय ६७ दिन, २ सय ७८ दिन र १ सय ३३ दिनसम्म क्रमश: १४ जना, १४ जना र ११ जना कर्मचारीहरूको सहभागिता रहेको थियो।

## तालिका नं. ४.९ : क्रियाकलापगत रूपमा कर्मचारी सहभागी भएका कार्यक्रम र दिन सङ्ख्या

| क्र.सं. | नाम, थर | आन्तरिक पर्यटन सर्वेक्षण | मूल्य सूचकाङ्क | राष्ट्रिय लेखा | निजी शैक्षिक सर्वेक्षण | व्यवसायिक कुखुरापालन सर्वेक्षण | नेपाल व्यावसायिकर रजिष्टर | राष्ट्रिय तथ्यगत विवरण | तथ्याङ्कीय साक्षरता | अन्य कार्यक्रमहरू | जम्मा काज दिन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रभा लामिछाने | ११ | २३ | ११ | १६ | | १९ | २१ | १२ | १० | १२३ |
| २ | अनिता काफ्ले | १७ | १७ | ५ | | | | १९ | ८ | ० | ६६ |
| ३ | नारायण रिजाल | ४ | ५ | ५ | ४२ | ७ | | ४ | ७ | ० | ७४ |
| ४ | जितेन्द्र रानाभाट | १२ | ६ | | १२ | | १३ | १९ | ४ | ४ | ७० |
| ५ | किरण विष्ट | १५९ | ३५ | | | | ७ | | | ७ | २०८ |
| ६ | भवानी तण्डुकार | १४२ | २८ | | | | | | | ४ | १७४ |
| ७ | किरण पोख्रेल | | १५ | | ७ | ६ | | ४ | | ५ | ३७ |
| ८ | फरमानन्द ओझा | | ३१ | | | ७४ | ७ | १४ | ११ | ७ | १४४ |
| ९ | विष्णु रेग्मी | १४६ | २१ | ७ | | ७ | १३ | | | ५ | १९९ |
| १० | वन्दना पौड्याल | | २४ | ५१ | | ६ | ७ | | | ५ | ९३ |
| ११ | डमरू चन्द | २२ | १६ | २६ | २१ | | | | | ७ | ९२ |
| १२ | नरदेवी काफ्ले | १४ | ३९ | ४४ | ४२ | ७ | ७ | | | १९ | १७२ |
| १३ | साधना के.सी. | ७ | २८ | | | | ५ | | | ० | ४० |
| १४ | बेदना गौली | ५ | | ४२ | | | | ४ | ३ | ११ | ६५ |
| १५ | तिर्थ बडुवाल | | १२ | | ३२ | | १४ | | ५ | ० | ६३ |
| १६ | विष्णु प्रसाद गौतम | | ११ | ७ | | ८१ | ७ | ११ | ४ | १४ | १३५ |
| १७ | केशव प्रसाद लामिछाने | १४९ | | | | ७ | | | | ७ | १६३ |
| १८ | लक्ष्मी महर्जन | | ११८ | २८ | | ३४ | ७ | | | ० | १८७ |
| १९ | शोभा रेग्मी | | १४८ | १७ | | २१ | १४ | | | ० | २०० |
| २० | सुशिला कटुवाल | | २५ | ३१ | | २८ | | | | ७ | ९१ |
| २१ | अनु रायमाझी | | | | ४१ | | | | | ० | ४१ |
| २२ | विकास मगर | | | | | | | | | ५ | ५ |
| २३ | ओम प्रकाश | | | २७ | | | ६ | | | २० | ५३ |
| २४ | पोषण बराल | | | ५६ | ३२ | | | | | ० | ८८ |
| २५ | रविन शाक्य | | | ४९ | २५ | | | | | ० | ७४ |
| २६ | सावित्री उदास | | | ४९ | ३२ | | | | | ० | ८१ |
| २७ | सुशिला अछामी | | | | ४१ | | | | | ० | ४१ |
| २८ | विजय तामाङ | ११ | | ६ | ११ | | ७ | २६ | ११ | १० | ८२ |
| २९ | रविन्द्रमान महर्जन | १० | ३२ | १२ | १३ | | | | ४ | ० | ७१ |
| ३० | दशु पतुवार | १२ | २३ | ५ | | | | | ४ | ५ | ४९ |
| | **जम्मा** | **७२१** | **६५७** | **४७८** | **३६७** | **२७८** | **१३३** | **१२२** | **७३** | **१५२** | **२९८१** |

## ४.१७ वार्षिक प्रगति

**तथ्याङ्क कार्यलय, नुवाकोट र काठमाडौँको आ.व.२०७९/८० तथा आ.व.२०८०/८१ को र तथ्याङ्क समन्वय कार्यालय, काठमाडौँको आ.व.२०८१/८२ को वार्षिक बजेट तथा खर्च र भौतिक तथा वित्तीय प्रगति तालिका नं.४.१० मा प्रस्तुत गरिएको छ।**

**तालिका नं.४.१० :- आ.व. २०७९/८० देखि २०८१/८२ सम्मको भौतिक तथा वित्तीय प्रगति**

| आ.व./ | विनियोजित रकम | | | खर्च रकम | | | वित्तीय प्रगति | | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यालय | पूँजीगत | चालु | जम्मा | पूँजीगत | चालु | जम्मा | पूँजीगत | चालु | | |
| | | | रू.लाखमा | | | | | प्रतिशत | | प्रतिशत |
| **२०७९/८०** | | | | | | | | | | |
| काठमाडौँ | २.३ | १२१ | १२३.३ | १.८४ | १०४ | १०५.८४ | ८० | ८५.६ | ८५.५ | ८५.० |
| नुवाकोट | १.० | ७०.२ | ७१.२ | ०.० | ६८.६९ | ६८.६९ | ०.० | ९७.८६ | ९६.४९ | १०० |
| **२०८०/८१** | | | | | | | | | | |
| काठमाडौँ | ०.० | १४५.४ | १४५.४ | ०.० | ८९.७६ | ८९.७६ | ०.० | ७३.३८ | ७३.३८ | ८९.७५ |
| नुवाकोट | ०.० | ८२.५४ | ८२.५४ | ०.० | ५९.९३ | ५९.९३ | ०.० | ७२.६१ | ७२.६१ | ८१.७५ |
| **२०८१/८२** | | | | | | | | | | |
| काठमाडौँ | ५.० | २७१.३३ | २७६.३३ | ४.०८ | १९७.५ | २०१.५८ | ८१.६ | ७२.८ | ७२.९ | ९९.२ |

स्रोत: वार्षिक प्रतिवेदन, २०८१/८२। राष्ट्रिय तथ्याङ्क कार्यालय।

**आर्थिक वर्ष २०८१/८२ मा यस कार्यालयले ७२.९ प्रतिशत वित्तीय प्रगति हासिल गरेको थियो। पूँजीगत खर्चमा ८१.६ प्रतिशत र चालु खर्चमा ७२.८ प्रतिशत प्रगति भएको थियो। समर्पण गरिएका कार्यक्रमहरू बाहेकका कार्यक्रमहरूको भौतिक प्रगति ९९.२ प्रतिशत अनुमान गरिएको थियो।**

**यस कार्यलयको आ.व.२०८१/८२ को बार्षिक कार्यक्रम र प्रगति विवरण तालिका नं.४.११ मा प्रस्तुत गरिएको छ।**

## तालिका नं.४.११ :-  आ.व. २०८१/८२ को बार्षिक कार्यक्रम र प्रगति

| कार्यक्रम / क्रियाकलाप | बार्षिक भौतिक लक्ष्य र प्रगति | | |
|---|---|---|---|
| | लक्ष्य | उपलब्धी | भौतिक प्रगति % |
| त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्क सङ्कलन तथा अनुगमन | १२ पटक | १२ पटक | १०० |
| बार्षिक राष्ट्रिय लेखा तथ्याङ्क सङ्कलन तथा अनुगमन | ४ पटक | ४ पटक | १०० |
| व्यवसायिक कुखुरापालन सर्वेक्षण सूचीकरण कार्यको स्थलगत तथ्याङ्क सङ्कलन तथा निरिक्षण | १ पटक | १ पटक | १०० |
| व्यवसायिक कुखुरापालन सर्वेक्षणको मुख्य फिल्ड कार्य तथा निरिक्षण | १ पटक | १ पटक | १०० |
| त्रैमासिक ओद्योगिक उत्पादन तथा मूल्य सूचकाङ्कको लागि तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण कार्य गर्ने। | ४ पटक | ४ पटक | १०० |
| अन्तर्राष्ट्रिय तुलना कार्यक्रम (International Comparison Program) सम्बन्धी मूल्य तथ्याङ्क सङ्कलन र सुपरिवेक्षण गर्ने। | ९ पटक | ९ पटक | १०० |
| कृषि तथ्याङ्क सङ्कलन एवं सङ्कलनमा सहजीकरणको लागि अगुवा किसान (नियमित र नयाँ जिल्लामा समेत)लाई यातायात खर्च र फिल्ड सुपरिवेक्षण | ४ पटक | ४ पटक | १०० |
| नेपाल तथ्याङ्कीय रजिष्टर निर्माण तथ्याङ्क अध्यावधिक | ३ जिल्ला | ३ जिल्ला | - |
| निर्माण क्षेत्रको सर्वेक्षणको लागि तथ्याङ्क सङ्कलन (नियमित र नयाँसमेत) तथा सुपरिवेक्षण कार्य गर्ने | ४ पटक | ४ पटक | १०० |
| नेपाल तथ्याङ्कीय रजिष्टर निर्माण तथ्याङ्क अध्यावधिक सुपरिवेक्षण | ३ जिल्ला | ३ जिल्ला | १०० |
| मत्स्य तथा वन तथ्याङ्क अद्यावधिक गर्ने कार्यको लागि तथ्याङ्क सङ्कलन | ३ जिल्ला | ३ जिल्ला | ७१ |
| स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण (NDP) को कार्यान्वयनको अनुगमन | १४ पटक | १४ पटक | १०० |
| स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण (NDP) को कार्यान्वयन सम्बन्धी समिक्षा गोष्ठी (यातायात खर्च समेत) | ४ पटक | ४ पटक | १०० |
| गणना तथा सर्वेक्षणहरूसङ्ग सम्वन्धित सरोकारवालाहरूसङ्ग अन्तर्क्रिया तथा छलफल | २ पटक | २ पटक | ३५ |
| NPISHs सम्बन्धी सूचीकरण गर्ने तथा अध्यावधिक गर्ने। | १ पटक | १ पटक | ० |
| वार्षिक प्रगति प्रतिवेदन २०८१ | १०० प्र. | ० | ० |
| आर्थिक गणनाको तथ्याङ्क आवश्यकता विषयमा सरोकारवालसग प्रदेश /जिल्ला तहमा अन्तर्क्रिया /गोष्ठी | १ पटक | १ पटक | १०० |
| जिल्लामा आर्थिक गणनाको प्रश्नावली परीक्षण | २ पटक | २ पटक | १०० |
| आन्तरिक पर्यटक सर्वेक्षणको स्थलगत तथ्याङ्क सङ्कलन | ५० पटक | ५० पटक | १०० |

| कार्यक्रम / क्रियाकलाप | बार्षिक भौतिक लक्ष्य र प्रगति | | |
|---|---|---|---|
| | लक्ष्य | उपलब्धी | भौतिक प्रगति % |
| कृषि उत्पादक मूल्य अन्तर्गत अगुवा कृषकलाई प्रोत्साहन खर्च | १० जना | १० जना | १०० |
| ब्रोसर तयारी तथा छपाई कार्य | १०० प्र | १०० प्र | १०० |
| निजी शिक्षण संस्था सर्वेक्षणको तथ्याङ्क सङ्कलनका लागि खटिने गणकको तलब/दैनिक भ्रमण भत्ता रकम (करार र काजमा लिने दुवै गणकको लागि) | १ पटक | १ पटक | १०० |
| तथ्याङ्क सङ्कलन र अनुगमन तथा सुपरिवेक्षणका लागि खटिने गणकको दैनिक भ्रमण भत्ता रकम करार गणकको लागि समेत ( रा.ले.Rebasing सम्बन्धी कार्यको) | ४ जना | ४ जना | १०० |
| गणना तथा सर्वेक्षणहरूसङ्ग सम्वन्धित सरोकारवालाहरूसङ्ग अन्तर्क्रिया तथा छलफल( रा.ले.Rebasing सम्बन्धी कार्यको) | १ पटक | ० | ० |
| विविध खर्च (फोटोकपी तथा कार्यलय सञ्चालन खर्च) ( रा.ले.Rebasing सम्बन्धी कार्यको) | १०० | | |
| तथ्याङ्क सङ्कलनका लागि खटिने करारका गणकको लागि ४ महिनाको तलब डाटा इन्ट्री अवधी समेत (Rebasing को लागि) | ५ जना | ३ जना | १०० |
| विभिन्न स्थानीय तहहरूमा तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन | ४ पटक | ४ पटक | १०० |
| Ratio method of Population Projection प्रयोग गरी तथ्याङ्क समन्वय कार्यालय अन्तर्गतका सबै स्थानीय तहहरूको Population Profile अद्यावधिक गर्ने कार्यक्रम | ६ पालिका | ६ पालिका | ० |

**यस कार्यालयले आ.व.२०८१/८२ मा यस कार्यालयलाई २९ ओटा क्रियाकलापहरू सम्पन्न गर्नु पर्ने जिम्मेवारी प्राप्त भएकोमा ती मध्ये २० ओटा क्रियाकलापहरूमा शत प्रतिशत भौतिक प्रगति हासिल गरिएको छ। मत्स्य तथा वन तथ्याङ्क अद्यावधिक गर्ने कार्यमा ७१ प्रतिशत र गणना तथा सर्वेक्षणहरूसङ्ग सम्वन्धित सरोकारवालाहरूसङ्ग अन्तर्क्रिया तथा छलफल कार्यमा ३५ प्रतिशत भौतिक प्रगति भएको छ।**

**अधिकांश स्थानीय तहबाट नेपाल तथ्याङ्कीय रजिष्टर सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने कार्य सम्पन्न भएको तर हार्डकपीमा प्राप्त डाटा कम्प्यूटरमा प्रविष्टी गर्ने कार्य सम्पन्न हुन बाँकी रहेको छ।**

**NPISHs सर्वेक्षण सम्बन्धी सूचीकरण तथा स्थलगत मूल्य तथ्याङ्क सङ्कलन गर्ने कार्य राष्ट्रिय तथ्याङ्क कार्यालयले करारमा कर्मचारी भर्ना गरेर सञ्चालन गरेको थियो।**

**राष्ट्रिय तथ्याङ्क कार्यालयबाट “Population Projection of Nepal, 2021-2051” नामक विषयगत प्रतिवेदन प्रकाशन भएकोले यस कार्यालयको वार्षिक कार्यक्रममा समावेश भएको “Ratio method of**

**Population Projection प्रयोग गरी तथ्याङ्क समन्वय कार्यालय अन्तर्गतका सबै स्थानीय तहहरूको Population Profile अद्यावधिक गर्ने" कार्य सम्पादन गर्नु नपर्ने अवस्था आएको हो।**

**राष्ट्रिय लेखाको आधार वर्ष परिवर्तन गर्ने विषयका सरोकारवालासँग अन्तर्क्रिया गर्ने कार्य समय अभावको कारण सम्पन्न हुन सकेन।**

## ४.१८ कार्यक्रम अनुगमन तथा सुपरिवेक्षण

**कुनै योजना, कार्यक्रम तथा क्रियाकलापहरू कति प्रभावकारीरूपमा कार्यान्वयन भैराखेका छन् भनि माथिल्लो तहबाट गरिने अवलोकन, अभिलेखन तथा लेखाजोखा प्रक्रियालाई अनुगमन तथा सुपरिवेक्षण भनिन्छ। यस कार्यालयबाट सञ्चालन हुने क्रियाकलापहरूलाई कार्यालय प्रमुख वा तथ्याङ्क अधिकृत तहबाट डेस्क मनिटरिङ् तथा फिल्ड मनिटरिङ गर्ने अभ्यास छ।**

**डेस्क मनिटरिङबाट सम्वन्धित क्रियाकलापको प्रगति नियाल्ने, Simple Difference Method बाट विगतका तथ्याङ्कसँग तुलना गरी सुसङ्गती विश्लेषण गर्ने र सो कार्यक्रम अझ प्रभावकारी ढङ्गले सम्पन्न गराउन आवश्यक निर्देशन र सुझाव सल्लाह प्रदान गर्ने गरिन्छ।**

**स्थलगत अनुगमन तथा सुपरीवेक्षण कार्य गर्दा सामान्यतया गणक तथा सुपरिवेक्षकहरूसँग सम्बन्धित फिल्ड कार्यमा सँगै जाने अभ्यास छ। एकसाथ फिल्ड आउजाउ सम्भव नभएको अवस्थामा आवश्यकता अनुसार छड्के जाँच वा सरप्राइज भिजिट गर्न सकिन्छ। राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रतिनिधिसँग संयुक्त टोली गठन गरेर पनि स्थलगत अनुगमन गर्ने प्रचलन छ।**

**यस कार्यालयबाट आ.व. २०८१/८२ मा गरिएका फिल्ड निरीक्षणमा गणक कर्मचारी तथा उत्तरदाता दुवैसंग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्पर्क राखी सोधपुछ तथा चेकजाँच गरिएको थियो ।**

# खण्ड : ५

# बजेट तथा कार्यक्रम र खर्च

## ५.१ बजेट विनियोजन र खर्च

आ.व.२०८०/८१ मा तथ्याङ्क कार्यालय, काठमाडौँमा चालुतर्फ रू. १ करोड ४५ लाख ३९ हजार र पूँजीगत तर्फ रू. गरी जम्मा रू. बजेट विनियोजन भएकोमा सो आ.व. चालुतर्फ रू. १ करोड ५ लाख ९१ हजार खर्च भएको थियो। सो आ.व. मा सवारीसाधन मर्मत, मसलन्द तथा कार्यालय सामग्री र करार सेवा शुल्क शीर्षकमा विनियोजन भएको रकम शत प्रतिशत खर्च भएको थियो भने मेशिनरी तथा औजार मर्मत र अनुगमन तथा मूल्याङ्कन खर्च शीर्षकमा क्रमश: ९४ प्रतिशत र ९३ प्रतिशत रकम खर्च भएको थियो। उक्त आ.व.मा वार्षिक वित्तीय प्रगति ७३ प्रतिशत रहेको थियो।

आ.व.२०८१/८२ मा तथ्याङ्क समन्वय कार्यालय, काठमाडौँमा चालुतर्फ रू. २ करोड ७१ लाख ३३ हजार र पूँजीगत तर्फ रू. ५ लाख गरी जम्मा रू. २ करोड ७६ लाख ३३ हजार बजेट विनियोजन भएकोमा सो आ.व.मा चालुतर्फ रू. १ करोड ९७ लाख ५० हजार र पूँजीगततर्फ रू. ४ लाख ८ हजार गरी जम्मा रू. २ करोड १ लाख ५८ हजार खर्च भएको थियो। यस आर्थिक वर्षको चालु खर्चको वित्तीय प्रगति ७३ प्रतिशत र पूँजीगत खर्चतर्फको प्रगति ८२ प्रतिशत भएको थियो।

आ.व. २०८०/८१ को तुलनामा आ.व. २०८१/८२ मा सवारीसाधन मर्मत र मेशिनरी औजार मर्मत खर्च शीर्षकमा बाहेक २० ओटै खर्च शीर्षकमा धेरै बजेट विनियोजन भएको थियो। आ.व. २०८०/८१ मा सवारीसाधन मर्मतमा रू. २ लाख ५२ हजार रकम विनियोजन भएकोमा आ.व. २०८१/८२ मा त्यो भन्दा रू. २४ हजार कम रकम प्राप्त भएको थियो भने मेशिनरी औजार मर्मत खर्च शीर्षकमा अघिल्लो आर्थिक वर्षको तुलनामा रू. २ हजार थोरै विनियोजन भएको थियो।

आ.व. २०८०/८१ को तुलनामा सबैभन्दा धेरै कार्यक्रम खर्च तर्फ आ.व. २०८१/८२ मा थप रू. ७२ लाख ७१ हजार विनियोजन भएकोमा उक्त शीर्षकको वित्तीय प्रगति ४६ प्रतिशत मात्र भएको थियो।

**आ.व. २०८०/८१ र आ.व.२०८१/८२ को खर्च शीर्षकगत वार्षिक बजेट तथा खर्च विवरण तालिका नं. ५.१ मा प्रस्तुत गरिएको छ।**

**तालिका नं. ५.१ :- वार्षिक बजेट, खर्च र वित्तीय प्रगति, आ.व. २०८०/८१ – आ.व.२०८१/८२**

| | खर्च शीर्षक | वार्षिक बजेट | | बजेट थप/घट | वार्षिक खर्च | | वित्तीय प्रगति | |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | | २०८०/८१ | २०८१/८२ | २०८०/८१ | २०८१/८२ |
| | | | | रु. लाखमा | | रु. लाखमा | | प्रतिशतमा |
| २१११११ | पारिश्रमिक कर्मचारी | ९८.०२ | १२६.८१ | २८.७९ | ६७.०१ | ११४.१७ | ६८ | ९० |
| २११२१ | पोशाक | १.३० | १.८० | ०.५० | १.०० | १.८० | ७७ | १०० |
| २११३२ | महङ्गी भत्ता | ३.१२ | ४.३२ | १.२० | २.३४ | ४.११ | ७५ | ९५ |
| २११३९ | अन्य भत्ता | ०.३१ | ०.५८ | ०.२७ | ०.०२ | ०.१७ | ५ | २९ |
| २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ०.०० | १.०८ | १.०८ | ०.०० | ०.१९ | ० | १८ |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | ०.७२ | ०.९६ | ०.२४ | ०.२७ | ०.८५ | ३८ | ८८ |
| २२१११ | पानी तथा बिजुली | १.४५ | १.७४ | ०.२९ | ०.६२ | ०.५४ | ४३ | ३१ |
| २२११२ | सञ्चार महसुल | १.२४ | १.३७ | ०.१३ | ०.७८ | ०.४१ | ६३ | ३० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ३.५१ | ७.०६ | ३.५५ | २.४३ | २.८४ | ६९ | ४० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | २.५२ | २.२८ | -०.२४ | २.५२ | २.११ | १०० | ९२ |
| २२२१४ | वीमा तथा नवीकरण खर्च | ०.६५ | ०.९० | ०.२५ | ०.२७ | ०.४० | ४२ | ४४ |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ०.७७ | ०.७५ | -०.०२ | ०.७२ | ०.६३ | ९४ | ८४ |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २.२५ | ४.८० | २.५५ | २.२५ | ४.८० | १०० | १०० |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | ०.२७ | ०.५३ | ०.२६ | ०.१२ | ०.०८ | ४४ | १५ |
| २२४१३ | करार सेवा शुल्क | १०.३२ | १०.९३ | ०.६१ | १०.३१ | १०.६१ | १०० | ९७ |
| २२५२२ | कार्यक्रम खर्च | ४.९५ | ७७.६६ | ७२.७१ | ४.१० | ३६.०१ | ८३ | ४६ |
| २२६११ | अनुगमन, मूल्याङ्कन खर्च | ०.७१ | ५.३६ | ४.६५ | ०.६६ | १.१५ | ९३ | २१ |
| २२६१२ | भ्रमण खर्च | ०.४५ | ०.८० | ०.३५ | ०.०० | ०.७९ | ० | ९९ |
| २२७११ | विविध खर्च | १.४८ | ३.६० | २.१२ | १.३२ | १.४६ | ८९ | ४० |
| २८१४२ | घर भाडा | ११.३५ | १८.०० | ६.६५ | ९.१७ | १४.४० | ८१ | ८० |
| | **चालु खर्चको जम्मा** | **१४५.३९** | **२७१.३३** | १२५.९४ | **१०५.९१** | **१९७.५०** | **७३** | **७३** |
| ३११२२ | मेशिनरी तथा औजार | | ४.०० | | | ३.२१ | | ८० |
| **31123** | **फर्निचर तथा फिक्चर्स** | | १.०० | | | ०.८७ | | ८७ |
| | **पूँजीगत खर्चको जम्मा** | | ५.०० | | | ४.०८ | | ८२ |
| | **कुल जम्मा** | | २७६.३३ | | | २०१.५८ | | ७३ |

**स्रोत:-** https://ipfms.fcgo.gov.np । तथ्याङ्क समन्वय कार्यालय, काठमाडौँ (३०१०८३५०३)

## ५.२ त्रैमासिक खर्च प्रवृत्ति

**आ.व.२०८१/८२ मा तथ्याङ्क समन्वय कार्यालय, काठमाडौँको वार्षिक खर्च मध्ये मेशिनरी तथा औजार मर्मत शीर्षकको १०० प्रतिशत, अनुगमन तथा मूल्याङ्क शीर्षकको ७९ प्रतिशत, सवारीसाधन मर्मत तथा**

मेशिनरी औजार खरिदको ७१-७१ प्रतिशत, पानी तथा बिजुली शीर्षकको ७० प्रितशत, मसलन्द तथा कार्यालय सामग्रीको ६८ प्रतिशत र विविध खर्च शीर्षकतर्फको कुल खर्चको ६६ प्रतिशत रकम चौँथो त्रैमासिकमा खर्च गरेको देखिन्छ। सो आ.व. कार्यक्रम खर्च शीर्षकको कुल खर्चमध्ये ५३ प्रतिशत रकम अन्तिम त्रैमासिकमा भएको थियो। यस कार्यालयको त्रैमासिक खर्च प्रवृत्ति तालिका नं. ५.२ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ५.२: तथ्याङ्क समन्वय कार्यालय, काठमाडौँको त्रैमासिक खर्च प्रवृत्ति, आ.व.२०८१/८२**

रू. लाखमा

| खर्च शीर्षक | कार्यक्रमको विवरण | वार्षिक बजेट | खर्च रकम | | | | चौँथो त्रैमासिकको | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो त्रैमासिकसम्म | दोस्रो त्रैमासिकसम्म | तेस्रो त्रैमासिकसम्म | चौँथो त्रैमासिकसम्म | खर्च रकम | खर्च प्रतिशत |
| २१११ | पारिश्रमिक कर्मचारी | १२६.८१ | ३४.१४ | ६१.०५ | ८७.३६ | ११४.१७ | २६.८२ | २३ |
| २११२१ | पोशाक | १.८० | ०.०० | ०.०० | १.८० | १.८० | ०.०० | ० |
| २११३२ | महंगी भत्ता | ४.३२ | ०.९८ | २.०० | ३.०४ | ४.११ | १.०७ | २६ |
| २११३९ | अन्य भत्ता | ०.५८ | ०.०० | ०.०५ | ०.०५ | ०.१७ | ०.१२ | ७१ |
| २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | १.०८ | ०.०० | ०.०६ | ०.१३ | ०.१९ | ०.०६ | ३३ |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | ०.९६ | ०.२१ | ०.४२ | ०.६४ | ०.८५ | ०.२१ | २५ |
| २२१११ | पानी तथा बिजुली | १.७४ | ०.०० | ०.०८ | ०.१६ | ०.५४ | ०.३८ | ७० |
| २२११२ | संचार महसुल | १.३७ | ०.०५ | ०.२७ | ०.३१ | ०.४१ | ०.११ | २६ |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ७.०६ | ०.४९ | १.५८ | १.५८ | २.८४ | १.२६ | ४४ |
| २२२१३ | सवारी साधन मर्मत खर्च | २.२८ | ०.०० | ०.०० | ०.६० | २.११ | १.५० | ७१ |
| २२२१४ | वीमा तथा नवीकरण खर्च | ०.९० | ०.३२ | ०.३२ | ०.४० | ०.४० | ०.०० | ० |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ०.७५ | ०.०० | ०.०० | ०.०० | ०.६३ | ०.६३ | १०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ४.८० | ०.०० | ०.९७ | १.५२ | ४.८० | ३.२८ | ६८ |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | ०.५३ | ०.०० | ०.०४ | ०.०८ | ०.०८ | ०.०० | ० |
| २२४१३ | करार सेवा शुल्क | १०.९३ | ३.०८ | ५.३९ | ८.०० | १०.६१ | २.६१ | २५ |
| २२५२२ | कार्यक्रम खर्च | ७७.६६ | ३.८८ | ७.७३ | १६.९३ | ३६.०१ | १९.०८ | ५३ |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ५.३६ | ०.११ | ०.११ | ०.२४ | १.१५ | ०.९० | ७९ |
| २२६१२ | भ्रमण खर्च | ०.८० | ०.२० | ०.३२ | ०.७९ | ०.७९ | ०.०० | ० |
| २२७११ | विविध खर्च | ३.६० | ०.०६ | ०.११ | ०.५० | १.४६ | ०.९६ | ६६ |
| 28142 | घर भाडा | १८.०० | ३.६० | ६.०० | ८.४० | १४.४० | ६.०० | ४२ |
| | जम्मा | २७१.३३ | ४७.११ | ८६.५३ | १३२.५२ | १९७.५० | ६४.९८ | ३३ |
| 31122 | मेशिनरी तथा औजार | ४.०० | ०.०० | ०.०० | ०.९२ | ३.२१ | २.२९ | ७१ |
| 31123 | फर्निचर तथा फिक्चर्स | १.०० | ०.०० | ०.०० | ०.८७ | ०.८७ | ०.०० | ० |
| | पूँजीगत खर्चको जम्मा | ५.०० | ०.०० | ०.०० | १.७८ | ४.०८ | २.३० | ५६ |
| | कुल जम्मा | २७६.३३ | ४७.११ | ८६.५३ | १३४.३० | २०१.५८ | ६७.२८ | ३३ |

**स्रोत:-** https://ipfms.fcgo.gov.np । तथ्याङ्क समन्वय कार्यालय, काठमाडौँ (३०१०८३५०३)

## ५.३ कार्यक्रम बजेटको त्रैमासिक खर्च

आ.व. २०८१/८२ को यस कार्यालयको कार्यक्रम बजेटको त्रैमासिक खर्च विवरण तालिका नं. ५.३ मा दिइएको छ।

### तालिका नं. ५.३ : कार्यक्रम बजेटको त्रैमासिक खर्च विवरण, आ.व.२०८१/८२

| क्र.सं. | कार्यक्रमको विवरण | वार्षिक बजेट | खर्च रकम | | | | वार्षिक वित्तीय प्रगति |
|---|---|---|---|---|---|---|---|
| | | | पहिलो त्रैमासिकसम्म | दोस्रो त्रैमासिकसम्म | तेस्रो त्रैमासिकसम्म | चौथो त्रैमासिकसम्म | |
| | | | | | | रू. हजारमा | प्रतिशतमा |
| १ | त्रैमासिक राष्ट्रिय लेखा | २०० | ० | ३६ | ५७ | ७५ | ३८ |
| २ | बार्षिक राष्ट्रिय लेखा | २४० | ० | ० | ४७ | १२० | ५० |
| ३ | व्यवसायिक कुखुरापालन सर्वेक्षण सूचीकरण | १८० | ० | ५० | १०० | १०० | ५६ |
| ४ | व्यवसायिक कुखुरापालन सर्वेक्षणको मुख्य फिल्ड कार्य | २८५ | ० | ० | ० | २१० | ७४ |
| ५ | त्रैमासिक ओद्योगिक उत्पादन तथा मूल्य सूचकाङ्क | ४५० | ० | ३२ | ८४ | १८३ | ४१ |
| ६ | अन्तर्राष्ट्रिय तुलना कार्यक्रम सम्बन्धी मूल्य तथ्याङ्क | १५० | ० | २७ | ७६ | १०७ | ७१ |
| ७ | अगुवा कृषकबाट कृषि तथ्यांक सङ्कलन | ११० | ० | ८ | १५ | ६२ | ५७ |
| ८ | निर्माण क्षेत्रको सर्वेक्षण | ८२ | ० | १५ | ३४ | ६३ | ७७ |
| ९ | नेपाल तथ्याङ्कीय रजिष्टर तथ्याङ्क अध्यावधिक | ३४० | ८२ | १२४ | १३१ | १५० | ४४ |
| १० | नेपाल तथ्याङ्कीय रजिष्टर सुपरिवेक्षण | ५१ | ० | ११ | ११ | ११ | २२ |
| ११ | मत्स्य तथा वन तथ्याङ्क अद्यावधिक | १५० | ० | ९ | ६० | ८५ | ५७ |
| १२ | स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण अद्यावधिक गर्ने | १४० | १११ | ४२ | ९२ | १११ | ७९ |
| १३ | स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण सम्बन्धी | ४०० | ० | ८७ | १६७ | १६७ | ४२ |
| १४ | गणना/सर्वेक्षणका सरोकारवालासँग अन्तर्क्रिया | २०० | ० | ० | ० | ५२ | २६ |
| १५ | NPISHs सूचीकरण | ६५ | ० | ० | ० | ० | ० |
| १६ | वार्षिक प्रगति प्रतिवेदन २०८१ | ३० | ० | ० | ० | ० | ० |
| १७ | आर्थिक गणना सम्बन्धी कार्यशाला | ११८ | ० | ० | १७ | ७४ | ६२ |
| १८ | आर्थिक गणनाको प्रश्नावली परीक्षण | ६० | ० | १६ | २५ | ५० | ८३ |
| १९ | आन्तरिक पर्यटक सर्वेक्षणको स्थलगत तथ्याङ्क | १,३९० | ० | १३५ | ३३६ | ६३७ | ४६ |
| २० | अगुवा कृषकलाई प्रोत्साहन खर्च | ६० | ० | ० | ० | ४५ | ७५ |
| २१ | ब्रोसर तयारी तथा छपाई कार्य | १०० | ० | ० | ० | ७२ | ७२ |
| २२ | निजी शिक्षण संस्था सर्वेक्षणको तथ्याङ्क सङ्कलन | ४१० | ० | ० | ० | ३७४ | ९१ |
| २३ | करारका गणकको दैनिक भ्रमण भत्ता | ८०० | ० | ० | ० | १०२ | १३ |
| २४ | गणना/सर्वेक्षणका सरोकारवालासँग अन्तर्क्रिया (राष्ट्रिय | ३० | ० | ० | ० | ० | ० |
| २५ | राष्ट्रिय लेखा विविध खर्च | १५ | ० | ० | ० | ६ | ४३ |
| २६ | निजी शिक्षण संस्था सर्वेक्षणको अनुगमन | १० | ० | ० | ० | ७ | ६८ |
| २७ | करारका गणकको ४ महिनाको तलब | ७०० | ० | ० | १३३ | ३९२ | ५६ |
| २८ | स्थानीय तहहरूमा तथ्याङ्कीय साक्षरता तथा क्षमता | ४०० | १९५ | १८२ | ३०७ | ३४५ | ८६ |
| २९ | Ratio method of Population Projection | ६०० | ० | ० | ० | ० | ० |
| ३० | अनुगमन मूल्याङ्कन र भ्रमण खर्च | ५३६ | ११ | ११ | २४ | ११५ | २१ |
| | **जम्मा** | **८३०२** | **३९९** | **७८४** | **१७१८** | **३७१६** | **४६** |

**स्रोत:-** https://ipfms.fcgo.gov.np । तथ्याङ्क समन्वय कार्यालय, काठमाडौँ (३०१०८३५०३)

**निजी शिक्षण संस्था सर्वेक्षणको तथ्याङ्क सङ्कलनतर्फ ९१ प्रतिशत, स्थानीय तहहरूमा तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिवृद्धि कार्यक्रमतर्फ ८६ प्रतिशत, आर्थिक गणनाको प्रश्नावली परीक्षणतर्फ ८३ प्रतिशत, स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण अद्यावधिक गर्ने क्रियाकलापमा ७९ प्रतिशत, निर्माण क्षेत्रको सर्वेक्षणमा ७७ प्रतिशत अगुवा कृषकलाई प्रोत्साहन खर्च दिने कार्यमा ७५ प्रतिशत, व्यवसायिक कुखुरापालन सर्वेक्षणको मुख्य फिल्ड कार्यमा ७४ प्रतिशत र ब्रोसर तयारी तथा छपाई कार्यमा ७२ प्रतिशत बजेट खर्च भएको थियो।**

**आ.व.२०८१/८२ मा यस कार्यालयको कार्यक्रम खर्च र अनुगमन तथा मूल्याङ्कन खर्च शीर्षक अन्तर्गत गरी जम्मा ३० प्रकारका क्रियाकलापहरूको लागि जम्मा रू. ८३ लाख २ हजार रकम विनियोजन थियो। सो आर्थिक वर्षमा स्वीकृत भएका ३० मध्य २६ ओटा क्रियाकलापहरू सञ्चालन गर्दा जम्मा रू. ३७ लाख १६ हजार बजेट खर्च भएको थियो। कार्यक्रम खर्चमा वार्षिक वित्तीय प्रगति ४६ प्रतिशत हासिल भएको थियो। उक्त आर्थिक वर्षमा स्थानीय तहको जनसङ्ख्या प्रक्षेपण गर्ने, राष्ट्रिय लेखाका सरोकारवालासँग अन्तर्क्रिया गर्ने, NPISHs सूचीकरण गर्ने र आ.व.२०८०/८१ को वार्षिक प्रतिवेदन तयार गर्ने क्रियाकलापहरूमा खर्च हुन नसकेको र आन्तरिक पर्यटक सर्वेक्षणको स्थलगत तथ्याङ्क सङ्कलन कार्यमा विनियोजित ठूलो रकम खर्च नभएको कारण वित्तीय प्रगति न्यून भएको थियो।**

## ५.४ बेरूजुको अवस्था

**कार्यालय सञ्चालनको सिलसिलामा यस कार्यालयमा हुन गएका विभिन्न बेरूजुहरू समयमै कारवाहि चलाई फच्छयौट गरिएको छ। कार्यालय स्थापनादेखिका बेरूजुहरू नियमित गर्नुपर्ने भए नियमित र असुल गर्नु पर्ने असुल उपर गराई लगत कट्टा गराई पञ्जीकरण गर्ने कार्य वार्षिक रूपमा हुँदै आएको छ। विभिन्न आर्थिक वर्षहरूमा औंल्याएका बेरूजु शीर्षकहरू उपर यस कार्यालयबाट आवश्यक कारवाही गरि सम्परीक्षण भई सकेका छन्। आ.व.२०८०/८१ सम्मको अन्तिम लेखा परीक्षण प्रतिवेदन अनुसार यस कार्यालयको दायित्वमा पर्ने कुनै पनि किसिमको बेरूजु देखिएको छैन।**

## ५.५ कार्यालयको जिन्सी विवरण

यस कार्यालयले आ.व.२०८१/८२ मा १ सय २६ प्रकारका खर्च भएर जाने सामान खरिद गरेको थियो। खर्च भएर जाने जिन्सी मालसामानको विस्तृत विवरण अनुसूची ५ मा उल्लेख गरिएको छ।

यस कार्यालयमा ५६ प्रकारका खर्च भएर नजाने मालसामान छन्। खर्च भएर नजाने जिन्सी मालसामानको वार्षिक विवरण अनुसूची ६ मा प्रस्तुत गरिएको छ। कार्यालयमा रहेका चालु हालतमा रहेका, मर्मत हुने अवस्थामा रहेका र मर्मत नहुने स्थितिका कम्प्यूटर, ल्यापटप, सवारिसाधन तथा अन्य मेशिन उपकरणहरूको सङ्ख्यात्मक विवरण तालिका ५.४ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ५. ४: कम्प्यूटर, ल्यापटप, सवारिसाधन तथा अन्य मेशिन उपकरणको अवस्था**

| क्र.स. | सामान | जम्मा | चालु | मर्मत हुने | मर्मत नहुने |
|---|---|---|---|---|---|
| १ | डबल क्याव ४ डि पिकअप भेहिकल | १ | १ | ० | ० |
| २ | मोटर साइकल | ५ | ४ | ० | १ |
| ३ | कम्प्यूटर | २१ | ९ | ३ | ९ |
| ४ | ल्यापटप | २५ | ११ | ४ | १० |
| ५ | ट्याबलेट | ९ | ७ | ० | २ |
| ६ | प्रिन्टर | १९ | ७ | ३ | ९ |
| ७ | एसी | ३ | ३ | ० | ० |
| ८ | इन्भर्टर | ३ | १ | ० | २ |
| ९ | प्रोजेक्टर | २ | २ | ० | ० |

# खण्ड - ६

# सबल-दुर्बल पक्ष र अवसर तथा चुनौतीहरू

## ६.१ कार्यालयका सबल पक्ष, दुर्वल पक्ष, अवसर र चुनौती

आ.व.२०८१/८२ मा यस कार्यालयलाई तोकिएका कार्यक्रम तथा गतिविधीहरू पूर्ण रूपमा संचालन भएका थिए । विगतका वर्षहरूको तुलनामा गत आ व मा राष्ट्रिय तथ्याङ्क कार्यालयको पुनसंरचना पश्चात जिल्ला कार्यालयहरूको कार्यक्रम तथा कार्यक्षेत्रमा उल्लेख्य वृद्दि भएको थियो । तथ्याङ्क समन्वय कार्यालय काठमाडौंको कार्यक्षेत्र भित्र हिमाल, पहाड र मुलुककै राजधानीका जिल्लाहरू (रसुवा नुवाकोट धादिङ्ग काठमाडौं ललितपुर र भक्तपुर) रहेकोले तथ्याङ्क सङ्कलनको कार्य अन्यत्र जिल्लाको भन्दा चुनौतीपूर्ण रहेको छ । विभिन्न सर्वेक्षणहरूको आधाभन्दा बढि नमुना तथ्याङ्क समन्वय कार्यालय काठमाडौंको कार्यक्षेत्र मा रहने गरेको तर फिल्डमा काम गर्नका लागि सुविधा र फिल्डभत्ता भने न्यून रहने गरेको छ । तथापि विगत वर्षहरूको तुलनामा कार्यालयको भौतिक प्रगति तथा वित्तीय प्रगति उलेख्य रहेको थियो । समग्रमा गत आ व मा यस कार्यालयका कार्यहरू संचालनका सन्दर्भमा देहाय बमोजिमका सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौतीहरू रहेका थिए ।

## सबल पक्ष

- कार्यालयमा दरबन्दी अनुसार कर्मचारी पदपूर्ती भएको ।
- कार्यालयको आन्तरिक प्रशासन र आर्थिक प्रशासन प्रभावकारी सञ्चालन भएको ।
- राष्ट्रिय तथ्याङ्क कार्यालयवाट कार्यक्रमहरू सञ्चालनका लागि प्रभावकारी समन्वय तथा सहजीकरण हुने गरेको ।
- कार्यालयका कार्यक्षेत्र भित्रका जिल्ला तथा स्थानीय तहहरूमा सम्पर्क, समन्वय र सहकार्य वृद्धि भएको।
- कार्यालयको कामप्रति कर्मचारीहरूको सामुहिक प्रतिबद्धता बढेको ।

## दुर्वल पक्षहरू

- कार्यालयको संरचना परिवर्तन भई कार्यक्षेत्र वृद्धि भएतापनि कर्मचारीको दरबन्दी कार्यबोझले मागे अनुसार नहुनु ।
- कार्यालयको भौतिक पुर्वाधार समयसापेक्ष र आवश्यकता अनुसार पर्याप्त नहुनु ।
- कार्यालयमा कार्यरत कर्मचारीहरूलाई केवल तथ्याङ्क सङ्कलन कार्यमा मात्र खटाइएको तर थप तथ्याङ्कीय प्राविधिक ज्ञान उपलब्ध गराउन नसक्दा कर्मचारीको उत्प्रेरणामा ह्रास आउनु ।
- कर्मचारीहरूमा पर्याप्त तथ्याङ्कीय सिप र क्षमताको कमी हुनु।

## कार्यालयका अवसरहरू

- तथ्याङ्कीय क्रियाकलाप सञ्चालनका लागि नयाँ, अद्यावधिक एवम् बलियो नीतिगत र कानुनी व्यवस्था भएको।
- साविक तथ्याङ्क कार्यालयको तुलनामा दरबन्दी र कार्यक्षेत्र विस्तार भएको
- सूचना सङ्कलन, प्रशोधन, विश्लेषण, वितरण, आदिमा सूचना प्रविधको प्रयोग गर्ने सम्भावना वृद्धि भएको।
- राजधानी जिल्लामा रहेकोले केन्द्रीय कार्यालयसङ्ग समन्वय गर्न सहज भएको ।

## चुनौतीहरू

- काठमाडौं, ललितपुर र भक्तपुर जस्ता घना शहरी क्षेत्रमा फिल्ड भत्ता विना तथ्याङ्क सङ्कलन कार्य समयमै सम्पन्न गर्नु ।
- स्थानीय तहहरूमा तथ्याङ्क उपयोगको संस्कृतिको विकास गर्नु ।
- उत्तरदातालाई विश्वासमा लिई तथ्यपरक सूचना प्राप्त गर्नु ।
- उत्तरदातालाई तथ्याङ्क प्रदान गर्दा त्यसबाट हुने फाइदा र लाभबारे विश्वास दिलाउनु।
- स्थानीय तहमा तथ्याङ्कको व्यवस्थापन, प्रयोग संस्कृतिको विकास र समन्वय सुनिश्चित गर्नु,
- उत्तरदाता र सरोकारवालामा तथ्याङ्कीय साक्षरता वृद्धि गरी तथ्याङ्कको महत्व बुझाउनु र सिर्जित तथ्याङ्कप्रति अपनत्व विकास गराउनु ।

## ६.२ समस्याहरू

- सेवाग्राहीको आवश्यकता र माग अनुसार वडास्तरका खण्डिकृत तथ्याङ्क उपलब्ध गराउन नसकिएको ।
- तथ्याङ्कको महत्व र भूमिका बारे जनमानसमा अनभिज्ञता रहनुले तथ्याङ्क सङ्कलन कार्यमा अप्ठ्यारो परेको ।
- तथ्याङ्क सङ्कलन तथा व्यवस्थापनका लागि आर्थिक स्रोतको अपर्याप्तता ।
- अन्य सरकारी निकायहरूले पनि विभिन्न प्रकारका तथ्याङ्क उत्पादन गर्ने भएकाले सरकारी तथ्याङ्कमै दोहोरोपना देखिएको ।
- अन्य निकायबाट प्रकाशन गरेको तथ्याङ्क र राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गर्ने तथ्याङ्कमा अन्तर देखिने गरेको। ती निकायहरूबिच तथ्याङ्क समन्वय कार्यालयले समेत समन्वय गर्न कठिनाई भएको ।
- तथ्याङ्क सम्बन्धी कम्प्युटर सफ्टवेयर (CSPro , SPSS , GIS ) को गहिरो ज्ञान सबै कर्मचारीमा नहुनाले कर्मचारीको प्राविधिक क्षमता विकास हुन नसकी तथ्याङ्कीय दक्षतामा कमी महशुस गरिएको ।
- तथ्याङ्क ऐन, नियमहरूका प्रावधानहरूको बारेमा सरोकारवालाहरूमा अनभिज्ञता रहनु ।
- विशेष गरी आर्थिक क्षेत्र (उद्योग, व्यापार, आम्दानी/खर्च) सङ्ग सम्बन्धित तथ्याङ्कका सम्बन्धमा तथ्याङ्क प्रदायकसङ्ग सही तथ्याङ्क लिन कठिनाई हुने गरेको ।
- तथ्याङ्कीय कार्यको लागि स्थानीय तहमा खासै लगानी नहुनु र बजेट निर्धारण गर्दा तथ्याङ्क क्षेत्रले न्युन महत्व पाउनु ।
- गत आ.व. मा बजेट तथा कार्यक्रम सञ्चालन दिग्दर्शन समयमै प्राप्त नहुनु ।

## ६.३ समस्या समाधानका उपायहरू तथा भावी कार्यदिशा

- कार्यालयका कर्मचारीहरूलाई प्राविधिक, प्रशासनिक र सेवाकालीन तालिमको साथसाथै तथ्याङ्क सम्बन्धी कम्प्युटर तालिमको व्यवस्था गर्ने ।
- केन्द्रीयस्तरबाट नीतिगत व्यवस्था गरी प्रदेश, स्थानीय तह र तथ्याङ्क समन्वय कार्यालयबीच समन्वयका लागि पहल गर्नु पर्ने।
- स्थानीय तहमा तथ्याङ्क सम्बन्धी जानकारीका लागि तालिम ,सचेतना गोष्ठी तथा प्रयोग सम्बन्धी कार्यक्रमहरूको विस्तार एवम् विविधीकरण गर्ने।
- स्थानीय तहको माग अनुसार तथ्याङ्क उपलब्ध गराउन यस विषयमा विज्ञ सर्वेक्षण गर्ने।

- प्रदेश तहमा तथ्याङ्क समन्वय समिति गठन गर्न तथ्याङ्क ऐन परिमार्जन गर्ने।
- तथ्याङ्क समन्वय कार्यालयको भौतिक तथा प्राविधिक पक्षमा सुधार गर्ने र कार्यबोझका आधारमा दरबन्दी थपघट गर्ने ।
- तथ्याङ्क कार्यालयका कर्मचारीको मनोबल उच्च राख्नका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयबाट वैदेशिक भ्रमण शैक्षिक तालिम/अध्ययन भ्रमणका लागि हुने मनोनयनमा उच्च प्राथमिकता दिनु पर्ने ।
- तथ्याङ्क सेवाका सवै कर्मचारीहरूलाई सहायकस्तरीय तालिम प्रदान गरी तथ्याङ्कीय सिप अभिवृद्धि गर्ने ।
- सत्यतथ्य, विश्वसनीय र तत्समय तथ्याङ्कका लागि स्थानीय तहसम्म तथ्याङ्क सेवाको कर्मचारी व्यवस्थापन भएमा तथ्याङ्कको संस्थागत सुदृढीकरण तथा सञ्जालीकरण हुन्छ । पेशाका हिसावले पनि तथ्याङ्कीय गुणस्तर कायम हुन सक्ने देखिन्छ ।
- उपत्यका भित्र तथ्याङ्क सङ्कलन गर्दा पाउने यातायात खर्चमा समय सापेक्ष सुधार गर्ने।

## अनुसूचीहरू

## अनुसूची – १ :- नागरिक वडापत्र

| क्र.सं. | प्रदान गरिने सेवा तथा कार्य विवरण | आवश्यक कागजात | लाग्ने समय | लाग्ने दस्तुर | जिम्मेवार पदाधिकारी | अनुगमन गर्ने | उजुरी सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| १ | विभिन्न गणना तथा सर्वेक्षणहरूबाट प्राप्त तथ्याङ्क उपलब्ध गराउने। | विवरण खुलेको निवेदन | तत्काल | निःशुल्क | सुपरिवेक्षक | तथ्याङ्क अधिकृत | कार्यालय प्रमुख |
| २ | राष्ट्रिय तथ्याङ्क कार्यालय र यस कार्यालयबाट प्रकाशित तथ्याङ्क वितरण गर्ने। | विवरण खुलेको निवेदन | तत्काल | निःशुल्क | सुपरिवेक्षक | तथ्याङ्क अधिकृत | कार्यालय प्रमुख |
| ३ | विभिन्न अध्ययन अनुसन्धान कार्यका लागि तथ्याङ्क व्यवस्थापनमा सहयोग एवं समन्वय गर्ने। | सम्बन्धित निकायको स्वीकृत पत्र र अध्ययनको प्रस्तावपत्र सहित निवेदन | आवश्यकता अनुसार | निःशुल्क | सुपरिवेक्षक | कार्यालय प्रमुख | कार्यालय प्रमुख |
| ४ | तथ्याङ्कीय कृयाकलापमा समन्वय गर्ने। | सम्बन्धित निकायको पत्र वा विवरण खुलाएको निवेदन | आवश्यकता अनुसार | निःशुल्क | सुपरिवेक्षक | तथ्याङ्क अधिकृत | कार्यालय प्रमुख |
| ५ | जिल्ला/स्थानीय तहको वस्तुगत विवरण सम्बन्धी तथ्याङ्क उपलब्ध गराउने। | विवरण खुलेको निवेदन | तत्काल | निःशुल्क | सुपरिवेक्षक | तथ्याङ्क अधिकृत | कार्यालय प्रमुख |
| ६ | सूचनाको हक सम्बन्धी ऐन, २०६४, बमोजिम सार्वजनिक सरोकारका सूचना उपलब्ध गराउने। | विवरण खुलेको निवेदन | आवश्यकता अनुसार | निःशुल्क | सूचना अधिकारी | तथ्याङ्क अधिकृत | कार्यालय प्रमुख |

कार्यालयको फोन नं. :- ०१०-५९०३७८२, ०१०-५२४२०५५

इमेल :- scokathmandu@nsonepal.gov.np

वेवसाइट :- scokathmandu.nsonepal.gov.np

## अनुसूची – २ :- तथ्याङ्क समन्वय कार्यालय, काठमाडौँको दरबन्दी र पदपूर्ती स्थिति

| सि.नं. | पद | श्रेणी | सेवा | समुह | दरबन्दी सङ्ख्या | पदपूर्ति सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १ | तथ्याङ्क समन्वय अधिकारी | रा. प. द्धितीय | आ.यो.त.त. | तथ्याङ्क | १ | १ |
| २ | तथ्याङ्क अधिकृत | रा. प. तृतीय | आ.यो.त.त. | तथ्याङ्क | २ | २ |
| ३ | सुपरिवेक्षक | रा. प.अनं. प्रथम | आ.यो.त.त. | तथ्याङ्क | ७ | ६ |
| ४ | गणक | रा. प.अनं. द्धितीय | आ.यो.त.त. | तथ्याङ्क | ५ | ५ |
| ५ | नायब सुब्बा | रा. प.अनं. प्रथम | नेपाल प्रशासन | सा.प्र. | १ | १ |
| ५ | खरिदार | रा. प.अनं.द्धितीय | नेपाल प्रशासन | सा.प्र. | १ | १ |
| ६ | सहलेखापाल | रा. प.अनं. द्धितीय | नेपाल प्रशासन | लेखा | १ | १ |
| ७ | कार्यालय सहयोगी | श्रेणीविहिन | नेपाल प्रशासन | सा.प्र. | २ | २ |
| जम्मा | | | | | २० | १९ |

नोटः- आ.यो.त.त.= नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, सा.प्र.= सामान्य प्रशासन समूह

## अनुसूची – ३ :- साविक तथ्याङ्क कार्यालय काठमाडौंका कार्यालय प्रमुखहरूको नामावली

| सि.नं. | पद | कर्मचारीको नाम, थर | कार्यरत अवधि | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १. | तथ्याङ्क अधिकृत | श्री शरदराज नेपाल | २०५०/०४/०१ | २०५३/०४/२८ |
| २. | तथ्याङ्क अधिकृत | श्री ज्ञानेन्द्र बज्राचार्य | २०५३/०२/२९ | २०५९/०९/२२ |
| ३. | तथ्याङ्क अधिकृत | श्री धर्मरत्न बज्राचार्य | २०५९/०९/२३ | २०७०/०४/२० |
| ४. | निर्देशक | श्री धर्मरत्न बज्राचार्य | २०७०/०४/२१ | २०७०/०९/११ |
| ५. | निर्देशक | श्री राम बन्धु रेग्मी | २०७०/०९/१२ | २०७७/०६/१६ |
| ६. | निर्देशक | श्री धर्मरत्न बज्राचार्य | २०७७/०६/१८ | २०८०/१२/०७ |
| ७. | नि. का. प्र. | श्री अनिता काफ्ले | २०८०/१२/०८ | २०८१/०२/०८ |
| ८. | निर्देशक | श्री प्रभा बराल | २०८१/०२/०९ | २०८१/०३/३२ |

## तथ्याङ्क समन्वय कार्यालय, काठमाडौंका कार्यालय प्रमुखको नामावली:

| क्र.स. | नाम थर | पद | देखि | सम्म |
|---|---|---|---|---|
| १ | तथ्याङ्क समन्वय अधिकारी | श्री प्रभा बराल | २०८१।०४।०१ | हाल सम्म |

## अनुसूची-४ :- खर्च भएर जाने सम्पत्ति वा जिन्सी मालसामान खरिदको वार्षिक विवरण, २०८१/८२

| क्र.सं. | जिन्सी मालसामानको नाम | एकाई | परिमाण | जम्मा मूल्य रू. |
|---|---|---|---|---|
| १ | टोनर प्रिन्टरको | सङ्ख्या | ९ | ४५७६५ |
| २ | टोनर कार्टिज सेट | सेट | ३ | १५२५५ |
| ३ | प्रिन्टरको कार्टिज | सेट | ३ | १८६४५ |
| ४ | माउस | सङ्ख्या | ६ | ४०६८ |
| ५ | प्रिन्टर मर्मका सामान | सङ्ख्या | ८ | ४४०७ |
| ६ | पेन ड्राइभ | सङ्ख्या | १९ | २४३५२ |
| ७ | मल्टिप्लग | सङ्ख्या | १० | २०३४० |
| ८ | कि बोर्ड | सङ्ख्या | २ | २२६० |
| ९ | टेलिफोन सेट | सङ्ख्या | ४ | ११३०० |
| १० | फ्यान | सङ्ख्या | २ | ८९२७ |
| ११ | पावर सप्लाई | सङ्ख्या | ३ | ४४०७ |
| १२ | तार | मिटर | ५० | २९२५ |
| १३ | इथरनेट स्वीच | सङ्ख्या | ० | ० |
| १४ | इलेक्ट्रोनिक हाजिरी मेशिन | सङ्ख्या | ० | ० |
| १५ | अफिस डायरी | सङ्ख्या | २० | १२४३० |
| १६ | कलर पेपर | रिम | २ | २१४७ |
| १७ | किताब छपाई | सङ्ख्या | ५०० | ३८९८५ |
| १८ | खादा ढाकाको | सङ्ख्या | ० | ० |
| १९ | खाम ९x४ | सङ्ख्या | १००० | ७९१० |
| २० | खाम A4 | सङ्ख्या | ० | ० |
| २१ | जेल डटपेन | सङ्ख्या | २८ | २३७३ |
| २२ | डटपेन कालो | सङ्ख्या | २४ | ६७८ |
| २३ | डटपेन रातो | सङ्ख्या | २४ | ६७८ |
| २४ | डटपेन निलो | सङ्ख्या | १०८ | १२२० |
| २५ | डटपेन साधारण | सङ्ख्या | ५ | ७०६ |
| २६ | नागरिक वडापत्र | सङ्ख्या | ० | ० |
| २७ | नेपाली कागज A4 | रिम | ५ | ३६१६ |
| २८ | नेपाली पेपर A4 | रिम | ३ | २४८६ |
| २९ | नेपाली टिप्पणी फाइल | सङ्ख्या | ३२० | ७१६४ |
| ३० | नेपाली फाइल सादा | सङ्ख्या | २०० | ४५२० |
| ३१ | नोट बुक सानो | सङ्ख्या | १०० | ३९५५ |
| ३२ | पञ्चिङ मेशिन | सङ्ख्या | ४ | १५८२ |
| ३३ | परिचय पत्र | सङ्ख्या | ० | ० |
| ३४ | परिचय पत्रको डोरी र कभर | सङ्ख्या | २२ | १३६७३ |
| ३५ | पाइलट पेन | सङ्ख्या | ३६ | ५४९२ |
| ३६ | फाइल डोरी | सङ्ख्या | ० | ० |
| ३७ | फोटोकपी पेपर | रिम | २८ | २०८३७ |

| क्र.सं. | जिन्सी मालसामानको नाम | एकाई | परिमाण | जम्मा मुल्य रू. |
|---|---|---|---|---|
| ३८ | फोटो कपी पेपर | रिम | ७० | ४९२६८ |
| ३९ | विदा माग फाराम | सङ्ख्या | १० | ५६५० |
| ४० | अफिस ब्याग | सङ्ख्या | २१ | ३५५९५ |
| ४१ | बाइन्डिङ टेप | सङ्ख्या | ० | ० |
| ४२ | भ्रमण बिल | सङ्ख्या | १० | ४५२० |
| ४३ | मार्कर कालो | सङ्ख्या | ९ | १५२६ |
| ४४ | रेकर्ड फाइल नेपाली कागजको | सङ्ख्या | १०० | १६९५ |
| ४५ | साबुन लुगा धुने | सङ्ख्या | १२ | १०८४ |
| ४६ | स्ट्रिच मेशिन सानो | सङ्ख्या | ४ | ५४२ |
| ४७ | हेलोजिन हिटर | सङ्ख्या | ४ | १५३६८ |
| ४८ | टिपेक्स | सङ्ख्या | १० | ९६० |
| ४९ | स्ट्रिच पिन | पकेट | १ | ७५० |
| ५० | कासम् फाराम | सङ्ख्या | १०० | १००० |
| ५१ | रजिष्टर | सङ्ख्या | ६ | १४९२ |
| ५२ | अल आउट | सङ्ख्या | ३ | ४९२ |
| ५३ | दर्ता चलानी किताब | सङ्ख्या | २ | ७९१ |
| ५४ | इन्डेक्स फाइल | सङ्ख्या | ६ | १२२० |
| ५५ | कोरा कपडा | सङ्ख्या | १० | १६९५ |
| ५६ | छाता | सङ्ख्या | २१ | १२४५८ |
| ५७ | पञ्चिङ मेशिन | सङ्ख्या | ३ | ८४८ |
| ५८ | रजिष्टर | सङ्ख्या | ० | ० |
| ५९ | ग्लु स्टिक | सङ्ख्या | २४ | २१७० |
| ६० | पाइलट पेन कालो भि ५ | सङ्ख्या | २ | ४०६८ |
| ६१ | टोनर रिफिलिङ | सङ्ख्या | १३ | ५८५० |
| ६२ | रेनकोट | सङ्ख्या | ३ | ११८६५ |
| ६३ | अण्डा ताई | सङ्ख्या | ० | ० |
| ६४ | अन्य किचन सामान | सङ्ख्या | ० | ० |
| ६५ | अफिस चप्पल | जोर | २१ | १२४५८ |
| ६६ | इलेक्ट्रिक वाटर डिस्पेन्सर | सङ्ख्या | २ | १३१०८ |
| ६७ | कचौरा स्टिल | सङ्ख्या | १२ | १८९८ |
| ६८ | कम्बड स्प्रे सेट | सङ्ख्या | ० | ० |
| ६९ | कैंची | सङ्ख्या | ६ | १४२४ |
| ७० | गिलास सिसाको | सङ्ख्या | ० | ० |
| ७१ | चम्चा काटा | सङ्ख्या | १२ | ६७८ |
| ७२ | चिया कप सेट | सङ्ख्या | १२ | १५५९ |
| ७३ | चिया छान्ने छनौटो | सङ्ख्या | १ | १७० |
| ७४ | टवाइलेट फ्रेस्नर | सङ्ख्या | १२ | १६२७ |
| ७५ | टवाइलेट ब्रस | सङ्ख्या | ३ | ५०९ |
| ७६ | डिस्पेन्सर पानी तताउने | सङ्ख्या | २ | ८१३६ |

| क्र.सं. | जिन्सी मालसामानको नाम | एकाई | परिमाण | जम्मा मुल्य रू. |
|---|---|---|---|---|
| ७७ | डोरमेट | सङ्ख्या | २ | ४०६८ |
| ७८ | ढक्कन भएको डस्स्टबिन | सङ्ख्या | ६ | २६४४ |
| ७९ | पर्दा नेट | सङ्ख्या | २५.५ | १८७३० |
| ८० | गिलास ठूलो | सङ्ख्या | १ | १५५९ |
| ८१ | प्रिल झोल साबुन | सङ्ख्या | १ | १०१७ |
| ८२ | मच्छर मार्ने बेड | सङ्ख्या | ५ | ३६७३ |
| ८३ | मफ डण्डी सहित | सङ्ख्या | १ | ६२२ |
| ८४ | मार्टनी स्प्रे | सङ्ख्या | १ | ७३५ |
| ८५ | रूम स्प्रे | सङ्ख्या | ८ | २३३९ |
| ८६ | लिजोल | बोतल | ८ | २११३ |
| ८७ | साबुन लुगा धुने | सङ्ख्या | १२ | ६७८ |
| ८८ | स्टिलको थर्मस | सङ्ख्या | ० | ० |
| ८९ | हेण्डवास झोल | पकेट | ९ | १९६६ |
| ९० | फिनेल | सङ्ख्या | २८ | ४०५५ |
| ९१ | हर्पिक | सङ्ख्या | २४ | ४३३० |
| ९२ | कोलिन | बोतल | ९ | १७२९ |
| ९३ | कोलिन | बोतल | १२ | २५७६ |
| ९४ | डस्टबिन | सङ्ख्या | ० | ० |
| ९५ | सर्फ | सङ्ख्या | १८ | ५३५६ |
| ९६ | टिस्यू पेपर | सङ्ख्या | २४ | २९८३ |
| ९७ | प्रेसर कुकर | सङ्ख्या | ० | ० |
| ९८ | जग तामाको | सङ्ख्या | ० | ० |
| ९९ | करूवा | सङ्ख्या | ० | ० |
| १०० | ताप्के स्टिलको | के.जी. | १ | १३८० |
| १०१ | सोप्लान्ट | सङ्ख्या | ५ | १२००० |
| १०२ | अल आउट मेशिन सहित | सङ्ख्या | १ | १७० |
| १०३ | कटन पर्दा कपडा | मिटर | ७.४ | ९८२५ |
| १०४ | कपडा राख्ने स्टयाण्ड | सङ्ख्या | ० | ० |
| १०५ | कार्पेट रिप | मिटर | ५३.७८ | ३९५०१ |
| १०६ | कार्पेट पर्दा फिटिङ चार्ज | घनमिटर | ० | ० |
| १०७ | कार्यालय बोर्ड | सङ्ख्या | १ | ३६१६ |
| १०८ | कार्यालयको छाप | सङ्ख्या | ३ | १८६५ |
| १०९ | गाडी पुछने कपडा | सङ्ख्या | ७ | १०२८ |
| ११० | चप्पल | सङ्ख्या | २ | १६९५ |
| १११ | टावेल | सङ्ख्या | ६ | ६४४१ |
| ११२ | नेम प्लेट त्रिभुजाकार | सङ्ख्या | १ | १०१७ |
| ११३ | परिचय पत्र डोरी | सङ्ख्या | २० | २७१२ |
| ११४ | पर्दा च्यानल | सङ्ख्या | ३२.८ | ४८१८ |
| ११५ | पर्दा रिङ | सङ्ख्या | ४८ | ८१४ |

| क्र.सं. | जिन्सी मालसामानको नाम | एकाई | परिमाण | जम्मा मूल्य रू. |
|---|---|---|---|---|
| ११६ | पुछ्ने फलाटिनको कपडा | मिटर | १० | १२४३ |
| ११७ | बाइन्डिङ टेप | सङ्ख्या | १ | १४७ |
| ११८ | विविध मर्मत सामग्री | सङ्ख्या | ० | ० |
| ११९ | वक्सी स्प्रे पोलिस | सङ्ख्या | १ | ६२२ |
| १२० | साधारण नेपकिन पेपर | पकेट | ४ | ६७८ |
| १२१ | सिलिण्डर ग्याँस रिफिल | सङ्ख्या | ४ | ९०८५ |
| १२२ | हरपिक | सङ्ख्या | ६ | ११५३ |
| १२३ | मोबिल | सङ्ख्या | ९ | ७६२८ |
| १२४ | जारको पानी | सङ्ख्या | ३२१ | १८१३७ |
| १२५ | फोटो फ्रेम A4 | सङ्ख्या | २ | २२६० |
| १२६ | पानीको जार | सङ्ख्या | ६८ | ३४०० |

स्रोत:- https://newpams.fcgo.gov.np । तथ्याङ्क समन्वय कार्यालय, काठमाडौं, मुख्य स्टोर (३०१०८३५०३००)

## अनुसूची-५ :- खर्च भएर नजाने सम्पत्ति वा जिन्सी मालसामानको वार्षिक विवरण, २०८१/८२

| क्र.सं | जिन्सी मालसामान | एकाई | गत आ.व. सम्मको | | चालु आ.व.मा आम्दानी | | मौज्दात बाँकी | |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य | परिमाण | जम्मा मूल्य |
| | | | | रूपैयाँमा | | रूपैयाँमा | | रूपैयाँमा |
| १ | मोटरसाइकल | सङ्ख्या | २ | | ३ | ५३३८१३ | ५ | ५३३८१३ |
| २ | पिक अप भ्यान | सङ्ख्या | १ | | ० | | १ | |
| ३ | साइकल | सङ्ख्या | १ | | ० | | १ | |
| ४ | डेस्कटप कम्प्यूटर | सङ्ख्या | १५ | १९९७९१ | ६ | २४६९०८ | २१ | ४४६६९९ |
| ५ | ल्यापटप | सङ्ख्या | १४ | ३७३७५४ | ११ | ८१८७३९ | २५ | ११९२४९३ |
| ६ | ट्याबलेट | सङ्ख्या | ५ | ६२४३५ | ४ | ९२७३८ | ९ | १५५१७३ |
| ७ | फोटोकपी मेशिन | सङ्ख्या | | | १ | ४०४५४ | १ | ४०४५४ |
| ८ | टेलिभिजन | सङ्ख्या | | | १ | १३४४७ | १ | १३४४७ |
| ९ | टेलिफोन | सङ्ख्या | | | १ | २०३४ | १ | २०३४ |
| १० | जिपिएस मेशिन | सङ्ख्या | २ | | ० | | २ | |
| ११ | प्रिन्टर | सङ्ख्या | १३ | १२५५५७ | ७ | १०९९१० | २० | २३५४६७ |
| १२ | फ्याक्स मेशिन | सङ्ख्या | | | २ | १५७०८ | २ | १५७०८ |
| १३ | प्रोजेक्टर | सङ्ख्या | | | १ | ४७९९९ | १ | ४७९९९ |
| १४ | प्रोजेक्टर | सङ्ख्या | १ | | ० | | १ | |
| १५ | हार्ड ड्राइभ | सङ्ख्या | १ | | ० | | १ | |
| १६ | हिटर | सङ्ख्या | | | १ | ५६५० | १ | ५६५० |
| १७ | टेबुल पङ्खा | सङ्ख्या | ४ | | ३ | | ७ | |
| १८ | भ्याकुम क्लिनर | सङ्ख्या | ३ | | ३ | १२२७१८ | ६ | १२२७१८ |
| १९ | युपिएस | सङ्ख्या | ४ | | ४ | ४५२३ | ८ | ४५२३ |
| २० | इलेक्ट्रिक कितली | सङ्ख्या | | | १ | ३८९९ | १ | ३८९९ |
| २१ | पावर ब्याक अप | सङ्ख्या | ३ | १८६४५ | ० | | ३ | १८६४५ |
| २२ | कुलर | सङ्ख्या | | | १ | २०४५३ | १ | २०४५३ |
| २३ | इन्भर्टर | सङ्ख्या | १ | | २ | | ३ | |
| २४ | स्टेण्ड पङ्खा | सङ्ख्या | ५ | | २ | ७२३२ | ७ | ७२३२ |
| २५ | वाटर फिल्टर | सङ्ख्या | | | १ | | १ | |
| २६ | ए.सी. | सङ्ख्या | | | ३ | २९०४१० | ३ | २९०४१० |
| २७ | लाउड स्पिकर | सङ्ख्या | १ | | ० | | १ | |
| २८ | ढक | सङ्ख्या | | | २७ | | २७ | |
| २९ | ग्रेन म्वाइस्चर मेशिन | सङ्ख्या | | | २ | | २ | |
| ३० | टेबुल | सङ्ख्या | ६ | | १३ | ८०६८९ | १९ | ८०६८९ |
| ३१ | कुर्ची | सङ्ख्या | २६ | | ० | | २६ | |
| ३२ | सोफासेट | सङ्ख्या | ३ | | २ | २९०१४ | ५ | २९०१४ |
| ३३ | स्टिल दराज | सङ्ख्या | १ | २४००० | ९ | ३१६४७ | १० | ५५६४७ |
| ३४ | एजुकेटिभ टेबुल | सङ्ख्या | ११ | | ० | | ११ | |

| क्र.सं | जिन्सी मालसामान | एकाई | गत आ.व. सम्मको | | चालु आ.व.मा आम्दानी | | मौज्दात बाँकी | |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | जम्मा मूल्य रूपैयाँमा | परिमाण | जम्मा मूल्य रूपैयाँमा | परिमाण | जम्मा मूल्य रूपैयाँमा |
| ३५ | रिभल्विङ चेयर | सङ्ख्या | १८ | १९५१५ | ० | | १८ | १९५१५ |
| ३६ | टि-टेबल | सङ्ख्या | ६ | | २ | | ८ | |
| ३७ | कम्प्यूटर टेबल | सङ्ख्या | २ | | २ | १२९९६ | ४ | १२९९६ |
| ३८ | बेन्च | सङ्ख्या | ६ | | ० | | ६ | |
| ३९ | खाट/पलङ लो बेड | सङ्ख्या | ३ | | ७ | | १० | |
| ४० | ऱ्याक | सङ्ख्या | २ | | ० | | २ | |
| ४१ | बुक सेल्फ | सङ्ख्या | | | २ | | २ | |
| ४२ | इस्टुल | सङ्ख्या | २ | १२९८ | २ | ३७३० | ४ | ५०२८ |
| ४३ | स्टाण्ड | सङ्ख्या | २ | | १ | | ३ | |
| ४४ | काठको दराज | सङ्ख्या | ३ | | १ | | ४ | |
| ४५ | स्टिल दराज | सङ्ख्या | १० | | ० | | १० | |
| ४६ | क्याबिनेट काउन्टर | सङ्ख्या | १ | | ० | | १ | |
| ४७ | कुशन मेच | सङ्ख्या | १० | | ० | | १० | |
| ४८ | स्टाण्ड | सङ्ख्या | १ | | ० | | १ | |
| ४९ | कुर्ची | सङ्ख्या | | | २४ | ३६९५६ | २४ | ३६९५६ |
| ५० | ह्वाइट बोर्ड | सङ्ख्या | १ | | ० | | १ | |
| ५१ | पन्चिङ मेशिन | सङ्ख्या | १ | | ० | | १ | |
| ५२ | चेक राइटर | सङ्ख्या | ३ | | १ | १२३०६ | ४ | १२३०६ |
| ५३ | सूचना पाटी | सङ्ख्या | | | १ | | १ | |
| ५४ | ग्याँस सिलिण्डर | सङ्ख्या | २ | | १ | २७१२ | ३ | २७१२ |
| ५५ | घडी (भित्ते/टेबुल) | सङ्ख्या | १ | | २ | २०३४ | ३ | २०३४ |
| ५६ | ग्याँस चुलो | सङ्ख्या | | | १ | २७१२ | १ | २७१२ |

स्रोत:- https://newpams.fcgo.gov.np । तथ्याङ्क समन्वय कार्यालय, काठमाडौँ, मुख्य स्टोर (३०१०८३५०३००)

## अनुसूची – ६ :- तथ्याङ्क समन्वय कार्यालय, काठमाडौंमा कार्यरत कर्मचारीहरूको नामावली

| क्र.सं | नाम, थर | पद | ठेगाना | टेलिफोन |
|---|---|---|---|---|
| १. | लोक बहादर खत्री | तथ्याङ्क समन्वय अधिकारी | फेदीखोला-१, स्याङ्जा | ९८४९७९१०८३ |
| २. | नारायण प्रसाद रिजाल | तथ्याङ्क अधिकृत | बेलकोटगढी-८, नुवाकोट | ९८४१६८१०४९ |
| ३. | जितेन्द्र् रानाभाट | तथ्याङ्क अधिकृत | भानु-४, तनँहु | ९८६०६७६९२७ |
| ४. | किरण पोख्रेल | नायब सुब्बा | घोराही-१५, दाङ | ९८४७८२७४६२ |
| ५. | भवानी तण्डुकार | सुपरीवेक्षक | ललितपुर | ९८४१६९५८५८ |
| ६. | किरण विष्ट | सुपरीवेक्षक | दधिकोट, भक्तपुर | ९८४१३८२७२८ |
| ७. | विष्णुदेवी शर्मा | सुपरीवेक्षक | चन्द्रागिरी-१४, काठमाडौ | ९८४३२८९२४४ |
| ८. | वन्दना पौड्याल | सुपरीवेक्षक | कालिञ्चोक, दोलखा | ९८५१२९०४९८ |
| ९. | नरदेवी काफ्ले | सुपरीवेक्षक | चौतारा-२, सिन्धुपाल्चोक | ९८६०३७१५६५ |
| १०. | डमरू चन्द | सुपरीवेक्षक | भिमदत्त-३, कन्चनपुर | ९८४८५६६०९८ |
| ११. | रामशरण साह | सुपरीवेक्षक | जनकपुर, धनुषा | ९७०२०४१२०० |
| १२. | वेदना गौली | सह-लेखापाल | विरेन्द्रनगर-५ सुर्खेत | ९८६१०४८९६७ |
| १३. | सुशिला कटवाल | खरिदार | सिद्धिचरण-१२ ओखलढुङ्गा | ९८६६८११८०० |
| १४. | विष्णु प्रसाद गौतम | गणक | रेसुङ्गा-४, गुल्मी | ९८६०६३६२३३ |
| १५. | शोभा रेग्मी | गणक | बासगढी-७, बर्दिया | ९८४४८८१०२९ |
| १६. | लक्ष्मी महर्जन | गणक | सूर्यविनायक-८, भक्तपुर | ९८४३६३१०४६ |
| १७. | केशव प्रसाद लामिछाने | गणक | बारबर्दिया–६, बर्दिया | ९८४३२९०७७६ |
| १८. | विजय कुमार तामाङ् | हलुका सवारी चालक | काभ्रे, धुलिखेल | ९८४९३९०२१३ |
| १९. | रविन्द्रमान महर्जन | कार्यालय सहयोगी | का.म.न.पा.-१२ काठमाडौ | ९८४३२०१५६५ |
| २०. | दशु पुतुवार | कार्यालय सहयोगी | डिल्लिबजार, काठमाडौ | ९८४१५१९८१२ |